स्थानीय पाठ्यक्रम

आधारभूत तह (कक्षा १-३)

# हाम्रो गंगाजमुना



**गंगाजमुना गाउँपालिका**

**धादिङ**

२०८०

**संरक्षक**

| | |
|---|---|
| श्री भक्त बहादुर लामा | अध्यक्ष |
| श्री रामेश्वर सिंखडा | उपाध्यक्ष |

**प्राविधिक सहयोग**

श्री युवराज अधिकारी, पाठ्यक्रम विकास केन्द्र

**पाठ्यक्रम निर्माण तथा लेखन समिति**

| | |
|---|---|
| श्री कुमार बहादुर अधिकारी | संयोजक |
| श्री दिनेश प्रसाद सिंखडा | सदस्य |
| श्री निलकण्ठ रेग्मी | सदस्य |
| श्री शिव कुमार दास | सदस्य |
| श्री मान बहादुर बोहरा | सदस्य सचिव |

**सल्लाहकार**

| | |
|---|---|
| श्री बहादुर तामाङ | वडाध्यक्ष |
| श्री बल बहादुर तामाङ | वडाध्यक्ष |
| श्री राज कुमार गुरुङ | वडाध्यक्ष |
| श्री प्रेम बहादुर घले | वडाध्यक्ष |
| श्री रमेश ढकाल | वडाध्यक्ष |
| श्री रविन अधिकारी | वडाध्यक्ष |

**प्रकाशक : गंगाजमुना गाउँपालिका, धादिङ**

**सर्वाधिकार प्रकाशकमा**

**प्रथम संस्करण : २०८०**

# भूमिका

समग्र सिकाइ क्रियाकलापको योजनालाई पाठ्यक्रमको रुपमा लिने गरिन्छ । देशको भौगोलिक, सामाजिक, सांस्कृतिक, जातीय, व्यावसायिक, भाषिक र पेसागत रुपमा देखा परेका विविधताले राष्ट्रिय र स्थानीय तथा क्षेत्रगत पाठ्यक्रमको आवश्यकताको प्रतिबिम्बित गर्दछ । राष्ट्रिय पाठ्यक्रमको विकास गर्दा अन्तर्राष्ट्रिय, राष्ट्रिय र स्थानीय परिवेश तथा आवश्यकतालाई ध्यान दिने गरिन्छ । राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ अनुसार स्थानीय पाठ्यक्रमको कार्यान्वयन स्थानीय तहबाटै हुने भएकाले क्षमता विकास गरी सबै विद्यालयमा मातृभाषा वा मातृभाषा र स्थानीय विषयको पठनपाठन सुनिश्चित गर्ने दायित्व पनि स्थानीय तहमै रहेको छ । राष्ट्रिय पाठ्यक्रम प्रारूपअनुसारको संरचनामा स्थानीय पाठ्यक्रम विकास गरी कार्यान्वयनमा ल्याउँदा स्थानीय आवश्यकता पूर्ति हुनका साथै सिकाइप्रतिको अपनत्वसमेत विकास हुन्छ । यही आवश्यकतालाई दृष्टिगत गरी स्थानीय तहमा स्थानीय विषयवस्तुमा आधारित पाठ्यक्रम विकास तथा कार्यान्वयनको उद्देश्यले यो स्थानीय पाठ्यक्रम विकास गरिएको हो । राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ ले कक्षा १ देखि ८ सम्म नै पठनपाठन हुने गरी स्थानीय आवश्यकता, स्थानीय विषयवस्तु, स्थानीय सरोकारवालाहरुको सहभागिता र विज्ञहरुको सहभागिता तथा स्थानीय तहको सहयोग र समन्वयमा मातृभाषा/स्थानीय विषयको पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था गरेको छ । स्थानीय पाठ्यक्रम कार्यान्वयनले स्थानीय सम्पदा, भूगोल, हावापानी, स्थानीय पेशा, व्यवसाय, प्रविधि, मूल्य, मान्यता, भाषा, कला र संस्कृतिको संरक्षण र संवर्धनमा सहयोग पुऱ्याएको हुन्छ । स्थानीय विशेषताको एकीकृत स्वरूपले राष्ट्रिय पहिचानको समेत प्रतिनिधित्व गरेको हुन्छ ।

विद्यालय शिक्षाको मुख्य दस्तावेज राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६, स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (मातृभाषासहित), २०७६ ले गरेको प्रावधानअनुसार "**हाम्रो गंगाजमुना**" नामक स्थानीय पाठ्यक्रम विकास गरिएको छ । पाठ्यक्रम निर्माणका लागि गाउँ शिक्षा समितिबाट पाठ्यक्रम निर्माण तथा लेखन समिति र सल्लाहकार समिति गठन गरिएको थियो । गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको सक्रियतामा गंगाजमुना गाउँपालिकाका सरोकारवालाहरूको सहभागितामा स्थानीय पाठ्यक्रम निर्माणको लागि आवश्यकता पहिचान गरी पाठ्यक्रम विज्ञ र स्थानीय विज्ञको सहभागितामा विषयवस्तुको प्राथमिकीकरण गरेको थियो । पाठ्यक्रम निर्माण तथा लेखन समितिले पाठ्यक्रम विज्ञद्धारा तयार गरिएको पाठ्यक्रम विकासको ढाँचाबमोजिम पाठ्यक्रमको मस्यौदा तयार गरेको थियो भने त्यसलाई पाठ्यक्रमको चरण तथा प्रक्रियाअनुरुप अन्तिमीकरण गर्ने कार्य पाठ्यक्रम विज्ञहरुद्धारा गरिएको थियो ।
विकास गरिएको स्थानीय पाठ्यक्रम शैक्षिक सत्र २०८० देखि गाउँपालिका भित्रका सबै सामुदायिक र संस्थागत विद्यालयहरूमा एकै साथ लागु गरिनेछ । यस पाठ्यक्रमले स्थानीय आवश्यकतामा आधारित व्यावहारिक विषयवस्तुहरू समावेश गरेको छ भने सिकाइ सहजीकरण प्रक्रियासमेतलाई प्रयोगात्मक तथा परियोजनामा आधारित सिकाइ विधिको अवलम्बन गर्नुपर्ने कुरामा जोड दिएको छ । यस पाठ्यक्रमको कार्यान्वयनले गंगाजमुना गाउँपालिकाको विविध पक्ष ( गंगाजमुनाको परिचय, गंगाजमुनाका सम्पदाहरु, गंगाजमुनाका पेसा, व्यवसाय र प्रविधि, वातावरण, असल आचरण, नैतिकता र जीवनोपयोगी सिप, दुर्घटना तथा विपद व्यवस्थापन, व्यक्ति र संस्थाको योगदान) लगायतका विषयवस्तुहरूको बारेमा विद्यार्थीहरूमा ज्ञान, सिप, अभिवृत्ति तथा मूल्य र कार्य गर्ने तत्परताको विकास गरी उनीहरूमा श्रमप्रति सम्मान तथा आधारभूत सिपको विकास गरी गाउँपालिकाको समग्र विकासमा सहयोग पुग्ने अपेक्षा लिइएको छ । स्थानीय पाठ्यक्रम निर्माणमा खट्ने कार्यदलका सदस्यहरू, रचनात्मक तथा अमूल्य राय सुझाव दिई पाठ्यक्रमलाई अन्तिम रुप प्रदान गर्नुहुने पाठ्यक्रम विज्ञहरु तथा अन्तरक्रिया कार्यक्रममा सक्रिय सहभागी हुने जनप्रतिनिधिहरू, राजनीतिक दलका प्रतिनिधिहरू, प्रधानाध्यापक, शिक्षक, समाजसेवी, विद्यार्थी, अभिभावक, शिक्षाप्रेमी सबैमा धन्यवाद दिन चाहन्छौं । अन्त्यमा, स्थानीय पाठ्यक्रम निर्माणको यो पहिलो प्रयासमा सबै विषय क्षेत्रहरू नसमेटिएको हुन सक्छ । पाठ्यक्रम जीवन्त र गतिशील दस्तावेज भएकोले आवश्यक रुपमा यसलाई तदारुकताका साथ अद्यावधिक तथा परिमार्जन गर्दै लगिनेछ । पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गरी त्यस क्रममा देखिने कमी कमजोरी औंल्याई परिमार्जन र सुधारका लागि रचनात्मक सुझाव तथा पृष्ठपोषण प्रदान गर्नको लागि सम्बन्धित सबै सरोकारवालाहरूमा अनुरोध गर्दछौं ।

**उपाध्यक्ष**
**श्री रामेश्वर सिंखडा**

**अध्यक्ष**
**श्री भक्त बहादुर लामा**

## विषयसूची


१. परिचय १

२. तहगत सक्षमता २

३. कक्षागत सिकाइ उपलब्धि ३

४. विषयवस्तुको क्षेत्र, क्रम र कार्यघण्टा ६

५ विषयवस्तुको विस्तृतीकरण र सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप ११

६. सिकाइ सहजीकरण विधि र प्रक्रिया ३३

७. विद्यार्थी मूल्याङ्कन ३५


**अनसूचीहरू**


अनसूची १: कक्षा १ को मूल्याङ्कन अभिलेखीकरण फाराम ४२

अनसूची २: कक्षा २ को मूल्याङ्कन अभिलेखीकरण फाराम ४५

अनुसूची ३: कक्षा ३ को मूल्याङ्कन अभिलेखीकरण फाराम ४८

## १. परिचय

पाठ्यक्रम विकासमा सिकारु, समकालीन समाजको आवश्यकताका साथै भौगोलिक, ऐतिहासिक, सामाजिक, सांस्कृतिक, धार्मिक, आर्थिक आदि पक्षले समेत प्रभाव पारेको हुन्छ । पाठ्यक्रममा विषय तथा विषयवस्तुको छनोट गर्दा विशेष गरेर अन्तर्राष्ट्रिय रूपमा व्यापकता पाएका विषय र राष्ट्रिय आवश्यकताका विषयलाई मुख्य विषयको रूपमा लिइएको हुन्छ । राष्ट्रिय आवश्यकतालाई सान्दर्भिक रूपमा समावेश गर्न देशभित्रका फरक फरक स्थानका फरक फरक विशिष्टता तथा आवश्यकतालाई सम्बोधन गर्नुपर्दछ । यसका लागि राष्ट्रिय स्तरमा निर्माण हुने पाठ्यक्रम मात्र पर्याप्त हुन नसक्ने भएकाले स्थानीय विषयको रूपमा पाठ्यक्रम ढाँचाभित्र निश्चित स्थान दिइएको छ । नेपालको भौगोलिक, सामाजिक, आर्थिक, सांस्कृतिक र धार्मिक विविधताले गर्दा केन्द्र तहबाट निर्माण गरिने पाठ्यक्रमले समग्र राष्ट्रको प्रतिनिधित्व गर्न नसक्ने अवस्था भएकाले सन्तुलित र समुचित विकासका लागि स्थानीय रुचि र आवश्यकतालाई सम्बोधन गर्न स्थानीय सरोकारवालाको प्रत्यक्ष सहभागिता आवश्यक हुन्छ । सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको मर्मअनुसार स्थानीय आवश्यकतालाई समेट्नका लागि स्थानीय पाठ्यक्रमको विकास र कार्यान्वयन आवश्यक छ । यसका लागि स्थानीय सरोकारवालालाई संलग्न गराई सिकाइ सहजीकरण प्रक्रियामा स्थानीय स्रोत र विज्ञतालाई उपयोग गर्नुपर्दछ ।

नेपाल बहुजातीय, बहुधार्मिक, बहुभाषिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधताले धनी देश हो । सामाजिक चालचलन, रितीरिवाज, धर्म, संस्कृति, पेसा, व्यवसाय, परम्परागत ज्ञान, सिप र प्रविधि, हावापानी, वातावरण, भूबनोट, वन सम्पदा, जलसम्पदा, कृषियोग्य जमिन र उत्पादन हुने बालीनाली, तरकारी खेती आदिका दृष्टिले प्रचूर मात्रामा विविधता छ । राष्ट्रिय पाठ्यक्रमले देशका सबै ठाउँको विविधतालाई समेटेर पाठ्यक्रम बनाउन सक्दैन । तसर्थ स्थानीय स्तरमा आधारित तथा सामाजिक परिवेशमा आधारित भई आ-आफ्नो स्थानमा नै पाठ्यक्रम बनाउने गरी एउटा विषयको पाठ्यक्रम बनाउने जिम्मा स्थानीय तहलाई दिइएको छ ।

स्थानीय सरोकारवालाहरुको सहभागितामा स्थानीय विषयवस्तु, स्थानीय आवश्यकता र स्थानीय सरोकारवालाहरुको सहभागिता र विज्ञताको प्रयोग गरी स्थानीय स्तरमा निर्माण र कार्यान्वयन हुने पाठ्यक्रमलाई स्थानीय पाठ्यक्रमका रुपमा परिभाषित गर्न सकिन्छ । स्थान वा क्षेत्रमा आधारित स्थानीय पाठ्यक्रम विकास गर्दा राष्ट्रिय पाठ्यक्रमले समेट्न नसकेका स्थानीय पेशा, व्यवसाय, प्रविधि, सम्पदा, कला, संस्कृति, वातावरण संरक्षण र विकास, स्थानीय स्तरमा आइपर्ने विपत् व्यवस्थापन जस्ता पक्षलाई सम्बोधन गरी स्थानीय ज्ञान, सिप, सिर्जनाहरूको पहिचान, विकास, संरक्षण, व्यवस्थापन, संवर्धन र प्रवर्धन गर्न आधारभूत तहको एउटा विषयको रुपमा स्थानीय विषय वा मातृभाषाको पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्ने जिम्मेवारी स्थानीय तह तथा विद्यालयलाई दिइएको छ । पाठ्यक्रम विकासमा भौगोलिक, ऐतिहासिक, सामाजिक, सांस्कृतिक, धार्मिक, आर्थिक आदि पक्षले समेत प्रभाव पारेको हुन्छ । यी विविध पक्षहरुको आधारमा स्थानीय स्तरमा पाठ्यक्रम विकास गर्दा स्थानीय विषयवस्तु, स्थानीय आवश्यकता र स्थानीय विज्ञहरुको सहभागितामा पाठ्यक्रम विकास गर्नको लागि पाठ्यक्रम विकास गर्ने चरणहरु अवलम्बन गरी गंगाजमुना गाउँपालिकाको सहयोग र समन्वयमा पाठ्यक्रम निर्माण समिति र पाठ्यक्रम विज्ञको सहयोगमा यो पाठ्यक्रम विकास गरिएको हो ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६, स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मागदर्शन, २०७६ ले निर्दिष्ट गरेका प्रावधानहरुको आधारमा स्थानीय तहको नेतृत्व र सहभागिताका आधारमा स्थानीय तहमै प्राविधिक तथा आर्थिक स्रोत परिचालन गरी स्थानीय ज्ञान, सिप र प्रविधिमा आधारित विषयवस्तुको चयन, व्यवस्थापन र कार्यान्वयन गर्ने गरी यो पाठ्यक्रम विकास गरिएको छ । यो पाठ्यक्रम निर्माण गर्नुको मुख्य उद्देश्य स्थानीय विषयवस्तु, स्थानीय

आवश्यकताहरू पहिचान गरी स्थानीय सहभागिता र विज्ञताको संलग्नतामा पाठ्यक्रम विकास गर्ने र विद्यार्थीहरूमा स्थानीय ज्ञान, सिप, अभिवृत्तिको विकास गर्ने, श्रमको सम्मान गर्ने भावनाको विकासको साथै स्थानीय पेसा, व्यवसाय, प्रविधि, मूल्य मान्यता, वातावरण संरक्षण तथा प्रवर्धन गर्ने रहेको छ । यस पाठ्यक्रममा विशेषतः गंगाजमुनाको परिचय, गंगा जमुनाका सम्पदाहरु, गंगाजमुनाका पेसा, व्यवसाय र प्रविधि, गंगाजमुनाको वातावरण, असल आचरण, नैतिकता र जीवनोपयोगी सिप, दुर्घटना तथा विपत् व्यवस्थापन, व्यक्ति तथा संस्थाको योगदान जस्ता मुख्य विषय क्षेत्रहरु समावेश गरिएको छ । स्थानीय ज्ञान, सिप, सिर्जना तथा मूल्य मान्यताको विकास गर्नको लागि अनुभव आदानप्रदान, परियोजना तथा प्रयोगात्मक क्रियाकलाप र सिकाइअनुभवहरूको प्रतिविम्बन जस्ता विधि र प्रक्रियाबाट सिकाइ सहजीकरण गर्नुपर्ने पक्षलाई जोड दिइएको छ । विद्यार्थीहरूलाई उनीहरूले विभिन्न माध्यमबाट आर्जन र विकास गरेका ज्ञान, सिप र अभिवृत्तिलाई घर, विद्यालय तथा समुदायमा प्रयोग गर्ने खालका क्रियाकलापहरूलाई जोड दिई निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनका साधनहरूको माध्यमबाट उनीहरूले सिकाइ उपलब्धि हासिल भए नभएको लेखाजोखा गरी सिकाइ सुनिश्चित गरिने कुरालाई जोड दिइएको छ । आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम (एकीकृत पाठ्यक्रम) ले गरेको प्रावधानअन्तर्गत कक्षा १ देखि ३ सम्म सिकाइका लागि मूल्याङ्कन र कक्षा ४ देखि ८ सम्म आन्तरिक मूल्याङ्कनको लागि ५० प्रतिशत भार र बाह्य/अन्तिम मूल्याङ्कनको लागि ५० प्रतिशत भार कायम गरी विद्यार्थीहरुले हासिल गरेका समग्र उपलब्धिलाई निर्णयात्मक मूल्याङ्कनको रुपमा अभिलेख गरी लेटर ग्रेडिङ पद्धतिअनुसार विद्यार्थीले हासिल गरेको नतिजा प्रदान गरिने कुरालाई यस पाठ्यक्रमले समेटेको छ । सिकाइलाई बढी भन्दा बढी प्रयोगात्मक र सिपमूलक बनाई स्थानीय स्तरमा भएका विषयवस्तुसँग सान्दर्भिकृत गरी सहजीकरण गर्नुपर्ने कुरालाई यस पाठ्यक्रमले जोड दिएको छ । स्थानीय विषयवस्तुको सहजीकरणको लागि स्थानीय विषयवस्तुसँग सम्बन्धित स्थानीय स्रोत व्यक्तिको सहयोगमा प्रयोगात्मक र परियोजनामा आधारित सिकाइ क्रियाकलाप गराउने पक्षमा यस पाठ्यक्रमले जोड दिएको छ । सैद्धान्तिक ज्ञान भन्दा पनि दीर्घकालीन रुपमा गंगाजमुना गाउँपालिकामा प्रभाव पार्ने किसिमका प्रयोगात्मक विषयवस्तुलाई समेटिएको हुनाले पाठ्यक्रममा भएका विषयवस्तुलाई सहजीकरण गर्दा प्रयोगात्मक, परियोजना कार्य, समस्या समाधान, क्षेत्रभ्रमण, सर्वेक्षण, सोधखोज, प्रदर्शन, प्रश्नोत्तर, छलफल आदि विधिको प्रयोग गरी सिकाइलाई बढी सान्दर्भिक र व्यावहारिक बनाउने पक्षलाई पाठ्यक्रमले जोड दिएको छ ।

## २. तहगत सक्षमता

**कक्षा १-३ का सक्षमताहरु**

(क) गाउँटोल, वडा र गंगाजमुना गाउँपालिकाको सामान्य जानकारी

(ख) गंगाजमुनाको जातजाति, भाषिक, सामाजिक, सांस्कृतिक, प्राकृतिक र स्थानीय लोकसङ्गीतको पहिचान, सम्मान र सहभागिता

(घ) आफ्नो वरपरको वातावरणमा भएका वस्तुहरुको पहिचान, महत्वबोध तथा बालबगैचा निर्माण र वातावरणको सरसफाइमा सहयोग

(ङ) असल बानी व्यवहारहरुको पहिचान र अवलम्बन

(च) घर, विद्यालय तथा सडक दुर्घटना र यसबाट बच्ने उपायहरु पहिचान र सजगता अवलम्बन

## ३. कक्षागत सिकाइ उपलब्धि

| क्र.स. | थिम | कक्षागत सिकाइ उपलब्धि | | |
|---|---|---|---|---|
| | | **कक्षा १** | **कक्षा २** | **कक्षा ३** |
| १ | **गंगाजमुना गाउँपालिकाको परिचय** | • गाउँपालिकाको परिचय दिन<br>• गंगाजमुना गाँउपालिकालाई चित्रमा पहिचान गर्न<br>• वडा कार्यालयको चित्र पहिचान गर्न<br>• वडामा रहेका विद्यालय र स्वास्थ्य चौकी वा सेवा केन्द्रहरु चित्रमा पहिचान गर्न<br>• सफा पिउने पानी, बिजुली, यातायात र सञ्चारको पहिचान गर्न | • गाउँपालिकाको नक्सा अवलोकन र गंगाजमुना गाँउपालिका चिनारी दिन<br>• जाडो हुने महिना र धेरै गर्मी हुने महिना बताउन<br>• विद्यालय परिवार र वडाध्यक्षको चिनारी दिन<br>• आफू बसेको वडामा भएका विद्यालय, स्वास्थ्य सेवा केन्द्र र खानेपानी तथा सरसफाइको अवस्था बताउन<br>• बिजुली बत्ती, यातायात र सञ्चारका साधनको सामान्य परिचय दिन | • धादिङ जिल्लाको नक्सा अवलोकन र गंगाजमुना गाँउपालिका चिनारी दिन<br>• गंगाजमुना गाँउपालिकाको सिमानाको दिशा छुट्याउन<br>• गंगाजमुनाको मौसमी अवस्था बताउन<br>• वडाका प्रतिनिधिको चिनारी र कार्य<br>• वडामा हुने विकास निर्माणका कार्यहरु<br>• वडा कार्यालयमा जन्म, मृत्यु र विवाह दर्ता हुने जानकारी दिन<br>• वडाअन्तर्गतका विद्यालय, स्वास्थ्य केन्द्रमा उपलब्ध सेवाको जानकारी लिन<br>• विद्यालय, खानेपानी, बिजुली, यातायात र सञ्चारको महत्व बताउन |
| २ | **गंगाजमुनाका सम्पदाहरु** | • वडाको धार्मिक स्थलहरुको चिनारी दिन<br>• आफ्नो वडाको पर्यटकीय स्थलहरुको चिनारी दिन<br>• आफूले बोल्ने भाषा र जात पहिचान गर्न<br>• स्थानीय गीत गाउने कार्यमा सहभागिता हुन<br>• घर तथा आफू बस्ने वडामा प्रचलित लोकबाजाको चिनारी दिन<br>• स्थानीय लोकगीतमा सामान्य नृत्य अभ्यास गर्न<br>• आफ्नो घर तथा छिमेकमा मनाइने चाडपर्व (दशैं र तिहार) र सामान्य क्रियाकलाप बताउन | • गंगाजमुना गाँउपालिकाका प्रमुख धार्मिक स्थलहरुको परिचय दिन<br>• गंगाजमुना गाँउपालिकाका प्रमुख पर्यटकिय स्थलहरुको परिचय दिन<br>• आफू बसेको वडाको बजार स्थलको अवस्था बताउन<br>• आफू बसेको वडाका जातजाति र स्थानीय वेषभुषा पहिचान गर्न<br>• गंगाजमुना गाँउपालिकाका स्थानीय लोकबाजाको चिनारी दिन<br>• स्थानीय गीत र नृत्य अभ्यासमा सहभागिता जनाउन<br>• गंगाजमुना गाँउपालिकाका चाँडपर्वहरु पहिचान गर्न | • गंगाजमुना गाँउपालिकाका धार्मिक स्थलको परिचय दिन<br>• गंगाजमुना गाँउपालिकाका पर्यटकीय स्थलको परिचय दिन<br>• गंगाजमुना गाँउपालिकाको प्रमुख बजारको अवस्था बताउन<br>• गंगाजमुना गाँउपालिकामा बसोबास गर्ने जातजातिको विशेषता बताउन<br>• गंगाजमुना गाँउपालिकाका स्थानीय बाजाको परिचय दिन र बजाउने सामान्य अभ्यास गर्न<br>• स्थानीय गीतमा सहभागिता जनाउन<br>• गंगाजमुना गाँउपालिकामा मनाइने चाडपर्वको नाम, समय र मुख्य क्रियाकलापहरु बताउन |
| ३ | **गंगाजमुनाका पेसा, व्यवसाय र प्रविधि** | • आफ्नो अभिभावकले गर्ने पेसा तथा व्यवसायको नाम बताउन | • गाउँ टोलका मानिसले गर्ने पेसा र व्यवसायको सामान्य परिचय दिन<br>• खानेकुराको स्रोत (कृषिजन्य र पशुजन्य) | • आफ्नो वडा भित्रका मानिसले अपनाएका पेसा व्यवसायको परिचय दिन<br>• स्थानीय पेसा व्यवसायको सम्मान गर्न |

| | | | | |
|---|---|---|---|---|
| | | • आफ्नो घरमा वर्षभरिमा उत्पादन हुने बालीनालीको नाम भन्न<br>• घरमा प्रयोग हुने तरकारी, अन्नबाली, नगदेबाली, फलफूलको चिनारी दिन<br>• घरमा उत्पादित वस्तुको प्रयोग बताउन<br>• आफ्नो घर र छरछिमेकमा प्रयोग हुने स्थानीय प्रविधिहरुको पहिचान गर्न<br>• स्थानीय प्रविधिबाट निर्मित घरेलु सामग्रीहरुको चिनारी दिन | • स्थानीय स्तरमा उत्पादन हुने तरकारीको परिचय बताउन<br>• स्थानीय स्तरमा उत्पादन हुने अन्नबालीको परिचय दिन<br>• स्थानीय स्तरमा उत्पादन हुने नगदेबालीको परिचय दिन<br>• स्थानीय स्तरमा उत्पादन हुने फलफूल बालीको परिचय दिन<br>• स्थानीयस्तरमा उत्पादन हुने दलहन बालीको परिचय दिन<br>• खेतीपातीमा प्रयोग गरिने औजारहरू पहिचान गर्न<br>• स्थानीय प्रविधिबाट निर्मित घरेलु सामग्रीहरु पहिचान गर्न र परिचय दिन<br>• दैनिक किनमेल गर्ने स्थानको नाम र सामानहरुको विवरण प्रस्तुत गर्न<br>• समुदायका मानिसले गर्ने आयआर्जनका स्रोतहरु बताउन | • स्थानीय स्तरमा उत्पादन हुने तरकारीको परिचय र महत्व बताउन<br>• स्थानीय स्तरमा उत्पादन हुने अन्नबालीको परिचय र महत्व बताउन<br>• स्थानीय स्तरमा उत्पादन हुने नगदेबालीको परिचय र महत्व बताउन<br>• स्थानीय स्तरमा उत्पादन हुने फलफूल बालीको परिचय र महत्व बताउन<br>• स्थानीय स्तरमा उत्पादन हुने दलहन बालीको परिचय र महत्व बताउन<br>• स्थानीय प्रविधिबाट निर्मित घरेलु सामग्रीहरुको परिचय दिन<br>• खेतीपातीमा प्रयोग हुने औजारहरू प्रयोग गर्ने तरिका बताउन |
| ४ | **असल आचरण, नैतिकता र जीवनोपयोगी सिप** | • व्यक्तिगत सरसफाइ गर्ने तरिका बताउन र सरसफाइ गर्न<br>• घर, आँगन, विद्यालय, वरिपरिको वातावरणको सरसफाईमा सहयोग गर्न<br>• घरायसी सामानको पहिचान गर्न<br>• उचित तरिकाले उठ्ने, बस्ने र कुरा गर्ने तरिका अभ्यास गर्न<br>• दैनिक जीवनमा प्रयोग हुने सामानको नाम बताउन<br>• आफ्ना दौतरीहरुसँग मिलिजुलि बस्ने अभ्यास गर्न<br>• राम्रो, नराम्रो, असल, खराब बानी व्यवहारहरु पहिचान गर्न<br>• आफू बस्ने ठाँउ तथा कोठाको सरसफाइ गर्न | • आफूभन्दा ठुलालाई आदर सत्कार र सानालाई माया गर्न<br>• परिवारको सदस्यहरुलाई घरको काममा सहयोग गर्न<br>• घरायसी सामानहरुको उचित जतन र प्रयोग गर्न<br>• सरसफाइमा प्रयोग हुने सामानको पहिचान र प्रयोग गर्न<br>• व्यक्तिगत, घर, आँगन, विद्यालय, वरिपरिको वातावरणको सरसफाईमा सहभागिता गर्न<br>• दैनिक जीवनमा प्रयोग हुने सामानको रेखदेख गर्न<br>• उपयुक्त किसिमले बोल्न, हिडडुल र सन्तुलित खाना खाने बानीको विकास गर्न<br>• छरछिमेकमा आफूले सक्ने काममा आपसी सहयोग गर्न | • मान्यजनहरु, नातागोता र पाहुनाको सम्मान र सत्कार गर्न<br>• दैनिक जीवनमा प्रयोग हुने सामानको उचित तरिकाले प्रयोग गर्न<br>• व्यक्तिगत सामग्रीको हिफाजत र सरसफाइको परिचय र अभ्यास गर्न<br>• घर, छरछिमेक, विद्यालय तथा समुदायको सरसफाइमा सहभागिता हुन<br>• घरपरिवार, चर्पी, धारा, पाटीपौवा र वरपरको वातावरण सफा राख्ने बानी अवलम्बन गर्न<br>• अपाङ्ग, दृष्टिविहिन, बृद्ध र असहाय व्यक्तिलाई सम्मान र सहयोग गर्न<br>• सञ्चारका माध्यम र साधनको चिनारी दिन र उचित तरिकाले प्रयोग अभ्यास गर्न<br>• स्थानीय स्तरमा खेलिने खेल सुरक्षित तरिकाले खेल र खेल्ने तरिका बताउन |

| | | | | |
|---|---|---|---|---|
| | | • स्थानीय स्तरमा खेलको पहिचान र अभ्यास गर्न | • स्थानीय स्तरमा खेलिने खेलको अभ्यास गर्न | |
| ५ | **गंगाजमुनाको वन तथा वातावरण** | • घर तथा स्थानीय स्तरमा पालिने घरपालुवा जनावरहरू पहिचान गर्न<br>• घर तथा विद्यालयको बाल बगैंचामा भएका बिरुवाहरूको चिनारी दिन<br>• स्थानीय क्षेत्रमा पाइने बोटबिरुवाहरूको पहिचान गर्न<br>• घर तथा विद्यालयमा गरिने वृक्षरोपणमा सहयोग गर्न<br>• घर तथा विद्यालयमा भएका बोटबिरुवाको सरक्षणमा सहयोग गर्न<br>• फूलबारी तथा बोटबिरुवाहरूको हेरचाह गर्ने कार्यमा सहयोग गर्न<br>• फोहोरमैलाको पहिचान र उचित ठाउँमा राख्ने अभ्यास गर्न | • स्थानीय क्षेत्रमा पाइने बोटबिरुवाहरूको वर्गिकरण गर्न<br>स्थानीय बोटबिरुवाहरूको परिचय दिन<br>• बगैँचाको परिचय दिन<br>• घर र विद्यालयमा वृक्षरोपणमा सहयोग र सहभागी हुन<br>• बोटबिरुवाको संरक्षणमा सहयोग गर्न<br>• वरपरको वातावरण फोहोर हुने कारणहरू पहिचान गर्न<br>• फोहोरमैलाको परिचय दिन र प्रकार (कुहिने र नकुहिने) बताउन<br>• घर तथा विद्यालयमा हुने फोहोर व्यवस्थापनमा आफूले सकेको सहयोग गर्न | • गाउँपालिका क्षेत्र भित्रका वनमा पाइने वन्यजन्तु र चराहरूको पहिचान गर्न<br>• स्थानीय बोटबिरुवाको महत्व तथा उपयोग बताउन<br>• विद्यालयमा बगैंचाको आवश्यकता र महत्व बताउन<br>• घर र विद्यालयमा बाल बगैंचाको निर्माणमा सहयोग र हेरचाहमा सहयोृग गर्न<br>• समुदायमा हुने फोहोरमैलाको वर्गिकरण र व्यवस्थापनमा सहयोग गर्न<br>• वरपरको वातावरण सफा राख्ने उपायहरू पहिचान गर्न र सरसफाइ कार्यमा सहभागी हुन |
| ६ | **दुर्घटना तथा विपत् व्यवस्थापन** | • दैनिक प्रयोग गरिने घरायसी सामग्रीबाट सुरक्षित रहने तरिका बताउन<br>• गाउँटोल वरपर घट्न सक्ने दुर्घटनाहरुको पहिचान गर्न<br>• सडकमा हुन सक्ने दुर्घटनाहरुको पहिचान गर्न र सजगता अपनाउन<br>• विद्यालयमा हुने दुर्घटनाहरुको पहिचान गर्न र सजगता अपनाउन | • आफू र आफ्नो समानको सुरक्षा गर्न<br>• दैनिक प्रयोग गरिने घरायसी सामग्रीबाट सुरक्षित रहने तरिकाहरुको पहिचान र अवलम्बन गर्न<br>• स्थानीय स्तरमा हुन सक्ने दुर्घटना, प्रकोपहरु र महामारीको पहिचान गर्न<br>• घर, टोल वरपर, सडक र विद्यालयमा हुने दुर्घटनाप्रति सजगता अपनाउन<br>• घर तथा विद्यालयमा घट्न सक्ने विपत्को नाम बताउन | • दैनिक प्रयोग गरिने घरायसी सामग्रीको सुरक्षित प्रयोग गरी यसबाट सुरक्षित रहन<br>• घर, घर वरपर र विद्यालयमा हुने दुर्घटनाबाट बच्न अपनाउनुपर्ने सावधानीहरुको जानकारी र अवलम्बन गर्न<br>• गंगाजमुना गाउपालिकामा हुन सक्ने दुर्घटना, प्रकोप र महामारीको सामान्य परिचय दिन<br>• दुर्घटना, प्रकोप र विपत् प्रति सजगता अपनाउन<br>• घर तथा विद्यालयमा आउन सक्ने विपदहरुको पहिचान र सुरक्षाका उपाय अवलम्बन गर्न |

## ४. विषयवस्तुको क्षेत्र, क्रम र कार्यघण्टा

| क्र.स. | थिम | विषयवस्तु | | | कार्य घन्टा |
|---|---|---|---|---|---|
| | | कक्षा १ | कक्षा २ | कक्षा ३ | |
| १ | **गंगाजमुना गाउँपालिकाको परिचय** | • गाउँपालिकाको परिचय<br>• गंगाजमुना गाँउपालिकालाई चित्रमा पहिचान<br>• वडा कार्यालयको चित्र पहिचान<br>• वडामा रहेका विद्यालय र स्वास्थ्य चौकी वा सेवा केन्द्रहरु पहिचान<br>• सफा पिउने पानी, बिजुली, यातायात र सञ्चारको पहिचान | • गाउँपालिकाको नक्सा अवलोकन र गंगाजमुना गाँउपालिका चिनारी<br>• धेरै जाडो हुने महिना र धेरै गर्मी हुने महिना<br>• वडा समितिका प्रतिनिधिहरुको चिनारी<br>• आफू बसेको वडामा भएका विद्यालय, स्वास्थ्य सेवा केन्द्र र खानेपानी तथा सरसफाइको अवस्था<br>• बिजुली बत्ती, यातायात र सञ्चारका साधनको सामान्य परिचय | • धादिङ जिल्लाको नक्सा अवलोकन र गंगाजमुना गाँउपालिका चिनारी<br>• गंगाजमुना गाँउपालिकाको सिमाना<br>• गंगाजमुनको मौसमी अवस्था<br>• वडाका प्रतिनिधिको कार्य<br>• वडामा हुने विकास निर्माणका कार्यहरु<br>• वडा कार्यालयमा जन्म, मृत्यु र विवाह दर्ता हुने जानकारी<br>• वडाअन्तर्गतका विद्यालय, स्वास्थ्य केन्द्रमा उपलव्ध सेवा<br>• विद्यालय, खानेपानी, बिजुली, यातायात र सञ्चारको महत्व | १५ |
| २ | **गंगाजमुनाका सम्पदाहरु** | • गंगाजमुना गाँउपालिकाको धार्मिक स्थलहरु (पाराग्याङचो, गंगाजमुना मन्दिर, यार्सा कालिका देवी मन्दिर, भंगेरी गुफा, मण्डलीमाई, पञ्चकन्या, पासाङचोक, छ्याङ छ्याङ कुना, स्याङ छ्याङ छोइङ, अन्नपुर्ण, तिनसुरे, कालिका मन्दिर) को चिनारी<br>• आफूले बोल्ने भाषा र जात पहिचान<br>• स्थानीय गीत (देउसीभैली, तामाङ सेलो, तिज) गाउने कार्यमा सहभागिता<br>• घर तथा आफू बस्ने वडामा प्रचलित लोकबाजाको चिनारी ( दमाहा, झ्याली, सहनाई, मादल, नरसिंहा, बाँसुरी) | • गंगाजमुना गाँउपालिकाका धार्मिक स्थलहरु (चौरथला मन्दिर बसेरी, कालिका मन्दिर बुढाथुम, गंगाजमुना मन्दिर, नवदुर्गा भगवती कुडुले, पासाङचोक, पोखराडाँडा, अँधेरी झूलङ्गे पुल, गुरुङगाउँ अम्बोटे नमुना वस्ती) को परिचय<br>• गंगाजमुना गाँउपालिकाको पुरानो र अहिलेको बजार स्थल<br>• गंगाजमुना गाँउपालिकाका जातजाति ( तामाङ, दलित, ब्राह्मण, क्षेत्री, ठकुरी, गुरुङ, नेवार, मगर, घले, राइ, अन्य) र स्थानीय वेषभुषा<br>• गंगाजमुना गाँउपालिकाका स्थानीय **पञ्चे बाजा** (नरसिंह, दमाहा, सहनाइ, झ्याली, टेम्को) **लोकबाजा** (मादल, बासुरी, मुरली, ढ्याङ्ग्रो, पातबाजा) को चिनारी | • गंगाजमुना गाँउपालिकाका धार्मिक स्थल ( बाथले डाँडा, शिव मन्दिर, गलने, देवीस्थान मन्दिर, बेसारे, चुलीस्थान, बद्री र केदार मन्दिर,सरस्वती मन्दिर, चाँचुली, कुलाइन मन्दिर, भँगेरी मन्दिर, ओशो वेणुवन आश्रम, चर्चहरु र मण्डली, स्वास्नी कोट, पोखराडाँडा, चौथला मन्दिर) को परिचय<br>• गंगाजमुना गाँउपालिकाको पुरानो र अहिलेको बजारको भिन्नता<br>• गंगाजमुना गाँउपालिकामा बसोबास गर्ने जातजाति (तामाङ, दलित, ब्राह्मण, क्षेत्री, ठकुरी, गुरुङ, नेवार, मगर, घले, राइ, अन्य) का पेसा र विशेषता<br>• गंगाजमुना गाँउपालिकाका स्थानीय **पञ्चे बाजा** (नरसिंह, दमाहा, सहनाइ, झ्याली, टेम्को) **लोकबाजा** (मादल, बासुरी, मुरली, ढ्याङ्ग्रो, पातबाजा) को परिचय र बजाउने सामान्य अभ्यास | ३५ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | • स्थानीय लोकगीतमा सामान्य नृत्य (देउसीभैली, तामाङ सेलो, तिज) अभ्यास गर्न<br>• आफ्नो घर तथा छिमेकमा मनाइने चाडपर्व (दशैं, तिहार) र सामान्य क्रियाकलाप पहिचान गर्न | • स्थानीय गीत (देउसीभैली, तामाङ सेलो, तिज) र नृत्य अभ्यास (सोरठी, खैचडी, लाखे, मानेदोरा नाच) मा सहभागिता<br>• गंगाजमुना गाँउपालिकाका चाँडपर्वहरु ( तिज, ल्होसार, जनैपुर्णिमा, क्रिसमस, मदर डे , चण्डीपुर्णीमा, शिवरात्री, गंगाजमुना मेला, बडादशैं, तिहार, चैते दशैं, माघी, साउने संक्रान्ति, ताका लगाउने) को पहिचान | • स्थानीय गीत (देउसीभैली, तामाङ सेलो, तिज) तथा नृत्य अभ्यास (सोरठी, खैचडी, लाखे, मानेदोरा नाच)<br>• गंगाजमुना गाँउपालिकामा मनाइने चाडपर्व (तिज, ल्होसार, जनैपुर्णिमा, क्रिसमस, मदर डे , चण्डीपुर्णीमा, शिवरात्री, गंगाजमुना मेला, बडादशैं, तिहार, चैते दशैं, माघी, साउने संक्रान्ति, ताका लगाउने) को नाम, समय र मुख्य क्रियाकलापहरु | |
| ३ | **गंगाजमुनाका पेसा, व्यवसाय र प्रविधि** | • आफ्नो अभिभावकले गर्ने पेसा तथा व्यवसायको नाम<br>• आफ्नो घरमा वर्षभरिमा उत्पादन हुने बालीनालीको नाम<br>• घरमा प्रयोग हुने तरकारी, अन्नबाली, नगदेबाली, फलफूलको चिनारी<br>• घरमा उत्पादित वस्तु बिक्री गर्ने स्थान<br>• आफ्नो घर र छरछिमेकमा प्रयोग हुने स्थानीय प्रविधिहरुको पहिचान<br>• स्थानीय प्रविधिबाट निर्मित घरेलु सामग्रीहरुको चिनारी (घट्ट, जाँतो, कोल, ओखल) | • गाउँ टोलका मानिसले गर्ने पेसा र व्यवसायको सामान्य परिचय<br>• स्थानीय पेसा तथा व्यवसायको परिचय<br>• खानेकुराको स्रोत (कृषिजन्य र पशुजन्य)<br>• स्थानीय स्तरमा उत्पादन हुने तरकारी ( मुला, आलु, काउली, बन्दा, केराउ, गाजर, फर्सी, चिचिण्डो, घिरौला, लौका, स्कुस, करेला, बोडी, काक्रो, सिमी, रायो, गोलभेडा, तरुल) को परिचय<br>• स्थानीय स्तरमा उत्पादन हुने अन्नबाली ( कोदो, फापर, धान, गहु, मकै, जौ र करु) को परिचय<br>• स्थानीय स्तरमा उत्पादन हुने **नगदेबाली** ( हलेदो, अदुवा, लसुन, अलैची, कफी,चिया तिल) **मसलाबाली** (धनियाँ, खुर्सानी, जिरा, मेथि) को परिचय<br>• स्थानीय स्तरमा उत्पादन हुने **फलफूल बाली** (नास्पती, आरुवखडा, केरा, भूइकटहर, रुखकटहर, सुन्तला, अमिलो, मेवा, भोगटे, आँप, लिची, आरु, एभागाडो, जापनिज हलुवावेद, ओखर, कागती) **वनमा पाइने फलफूल** (अमला, ऐंसेलु, गुहेली, तिदु, चुत्रा, किमु, काफल, वयर, चिउरी, बेल, पानीअमला, खनियो, धँगेरी, कटुसफल) को परिचय | • आफ्नो वडा भित्रका मानिसले अपनाएका पेसा व्यवसायको परिचय<br>• स्थानीय पेसा व्यवसायको सम्मान<br>• स्थानीय स्तरमा उत्पादन हुने तरकारी (मुला, आलु, काउली, बन्दा, केराउ, गाजर, फर्सी, चिचिण्डो, घिरौला, लौका, स्कुस, करेला, बोडी, काक्रो, सिमी, रायो, गोलभेडा, तरुल,) को परिचय र महत्व<br>• स्थानीय स्तरमा उत्पादन हुने अन्नबाली (कोदो, फापर, धान, गहु, मकै, जौ र करु) को परिचय र महत्व<br>• स्थानीय स्तरमा उत्पादन हुने **नगदेबाली** ( हलेदो, अदुवा, लसुन, अलैची, कफी, चिया तिल) **मसलाबाली** (धनियाँ, खुर्सानी, जिरा, मेथि) को परिचय र महत्व<br>• स्थानीय स्तरमा उत्पादन हुने **फलफूल बाली** ( नास्पती, आरुवखडा, केरा, भूइकटहर, रुखकटहर, सुन्तला, अमिलो, मेवा, भोगटे, आँप, लिची, आरु, एभागाडो, जापनिज हलुवावेद, ओखर, कागती) **वनमा पाइने फलफूल** (अमला, ऐंसेलु, गुहेली, तिदु, चुत्रा, किमु, काफल, वयर, चिउरी, बेल, पानीअमला, खनियो, धँगेरी, कटुसफल) को परिचय र महत्व | ४० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | • स्थानीयस्तरमा उत्पादन हुने दलहन बाली (गहत, मस्याङ, मसुरो, बोडी, राज्मा, भटमास, रहर, मास) को परिचय<br>• खेतीपातीमा प्रयोग गरिने औजारहरू<br>• स्थानीय प्रविधिबाट निर्मित घरेलु सामग्रीहरु (हलो र जुवा, दाँदे, लेड्को, ढिकी, जातो, घट्ट, कोल, तान, चर्खा, फिर्का) आइरनबाट निर्मित (कुटो, खुकुरी बन्चरो, हँसिया, कोदालो, कोदाली, फाली, करुवा) चोया बाट बन्ने सामाग्री (डोको, डालो, थुन्चे, मान्द्रो, भकारी, नाङ्लो, चाल्नो, स्याखु, छत्री) ऊनबाट बन्ने (राडी पाखी, गलबन्दी, बख्खु, स्विटर, आदि) को पहिचान<br>• दैनिक किनमेल गर्ने स्थानको नाम र सामानहरुको विवरण<br>• समुदायका मानिसले गर्ने आयआर्जनका स्रोतहरु | • स्थानीयस्तरमा उत्पादन हुने दलहन बाली ( गहत, मस्याङ, मुसुरो, बोडी, राज्मा, भटमास, रहर, मास) को परिचय र महत्व<br>• खेतीपातीमा प्रयोग हुने औजारहरू प्रयोग गर्ने तरिका<br>• स्थानीय प्रविधिबाट निर्मित घरेलु सामग्रीहरु ( हलो र जुवा, दाँदे, लेड्को, ढिकी, जातो, घट्ट, कोल तान, चर्खा, फिर्का) आइरनबाट निर्मित ( कुटो, खुकुरी बन्चरो, हँसिया, कोदालो, कोदाली, फाली, करुवा) चोया बाट बन्ने सामाग्री (डोको, डालो, थुन्चे, मान्द्रो, भकारी, नाङ्लो, चाल्नो, स्याखु, छत्री) ऊनबाट बन्ने (राडी पाखी, गलबन्दी, बख्कु, स्विटर, आदि) को पहिचान र परिचय | |
| ४ | **असल आचरण, नैतिकता र जीवनोपयोगी सिप** | • व्यक्तिगत सरसफाइ गर्ने तरिका र सरसफाइ<br>• घर, आँगन, विद्यालय, वरिपरिको वातावरणको सरसफाईमा सहयोग<br>• घरायसी सामानको जतन गर्ने तरिका र उक्त कार्यमा सहभागी<br>• ठिक तरिकाले उठ्ने, बस्ने र कुरा गर्ने तरिका अभ्यास<br>• दैनिक जीवनमा प्रयोग हुने सामानको नाम<br>• आफ्ना दौतरीहरुसँग मिलिजुलि बस्ने अभ्यास<br>• राम्रो, नराम्रो, असल, खराब बानी व्यवहारहरु<br>• आफु बस्ने ठाँउ तथा कोठाको सरसफाइ | • आफुभन्दा ठुलालाई आदर सत्कार र सानालाई माया<br>• परिवारको सदस्यहरुलाई घरको काममा सहयोग<br>• घरायसी सामानहरुको उचित पहिचान र प्रयोग<br>• सरसफाइमा प्रयोग हुने सामानको पहिचान र प्रयोग<br>• व्यक्तिगत, घर, आँगन, विद्यालय, वरिपरिको वातावरणको सरसफाईमा सहभागिता<br>• दैनिक जीवनमा प्रयोग हुने सामानको रेखदेख<br>• उपयुक्त किसिमले बोल्न, हिडडुल र सन्तुलित खाना खाने बानीको विकास<br>• छरछिमेकमा आफूले सक्ने काममा आपसी सहयोग | • मान्यजनहरु, नातागोता र पाहुनाको सम्मान र सत्कार<br>• दैनिक जीवनमा प्रयोग हुने सामानको उचित तरिकाले प्रयोग<br>• व्यक्तिगत सामग्रीको हिफाजत र सरसफाइको परिचय र अभ्यास<br>• घर, छरछिमेक, विद्यालय तथा समुदायको सरसफाइमा सहभागिता<br>• घरपरिवार, चर्पी, धारा, पाटीपौवा र वरपरको वातावरण सफा राख्ने बानी<br>• अपाङ्ग, दृष्टिविहिन, जेष्ठ नागरिक र असहाय व्यक्तिलाई सम्मान र सहयोग<br>• सञ्चारका माध्यम र साधनको चिनारी र उचित तरिकाले प्रयोग अभ्यास<br>• स्थानीय स्तरमा खेलिने खेल (तातोआलु, गट्टा, छोइ, रुमाल लुकाइ, लुकामारी, डण्डिवियो, गुच्चा, गेम्बल (लक्कुढाल), गिर, चुङ्गी, खोपी, | २० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | • स्थानीय स्तरमा खेलिने खेल ( तातोआलु, गट्टा, छोइ, रुमाल लुकाइ, लुकामारी, डण्डिवियो, गुच्चा, गेम्बल (लक्कुढाल), गिर, चुङ्गी, खोपी, खुट्टी) को पहिचान र सामान्य अभ्यास | • स्थानीय स्तरमा खेलिने खेल (तातोआलु, गट्टा, छोइ, रुमाल लुकाइ, लुकामारी, डण्डिवियो, गुच्चा, गेम्बल (लक्कुढाल), गिर, चुङ्गी, खोपी, खुट्टी) को पहिचान र सामान्य अभ्यास | खुट्टी) सुरक्षित तरिकाले खेल्न र खेल्ने तरिका बताउन | |
| ५ | **गंगाजमुनाको वन तथा वातावरण** | घर तथा स्थानीय स्तरमा पालिने घरपालुवा जनावरहरू (गाई, भैसी, भेडा, बाखा, गोरु, च्याङ्ग्रा)<br>• घर तथा विद्यालयको बाल बगैंचामा भएका बिरुवाहरूको चिनारी<br>• स्थानीय क्षेत्रमा पाइने बोटबिरुवाहरूको पहिचान<br>• घर तथा विद्यालयमा गरिने वृक्षरोपणमा सहयोग<br>• घर तथा विद्यालयमा भएका बोटबिरुवाको सरक्षणमा सहयोग<br>• फूलबारी तथा बोटबिरुवाहरूको हेरचाह गर्ने कार्यमा सहयोग<br>• फोहोरमैलाको पहिचान र उचित ठाउँमा राख्ने अभ्यास | • स्थानीय क्षेत्रमा पाइने बोटबिरुवाहरूको वर्गिकरण<br>स्थानीय बोटबिरुवाहरूको परिचय<br>• बगैंचाको परिचय<br>• घर र विद्यालयमा वृक्षरोपणमा सहयोग र सहभागीता<br>• बोटबिरुवाको संरक्षणमा सहयोग<br>• वरपरको वातावरण फोहोर हुने कारणहरूको पहिचान<br>• फोहोरमैलाको परिचय र प्रकार (कुहिने र नकुहिने)<br>• घर तथा विद्यालयमा हुने फोहोर व्यवस्थापनमा आफूले सकेको सहयोग | • गाउँपालिका क्षेत्र भित्रका वनमा पाइने वन्यजन्तु र चराहरू:<br>(क) वन्यजन्तु (बाघ, मृग, सालक, लंगुर, बादर, स्याल, दुम्सी, निगाले बाघ, मलस्याप्रो, लोखर्के, बनबिरालो, खरायो, फ्याउरो) घरपालुवा (गाई, भैसी, भेडा, बाखा, गोरु, च्याङ्ग्रा)<br>(ख) पन्छी (कालिज, तित्रा, काग, परेवा, सूगा, कोइली, ढुकुर, च्याखुरा, न्याउली, लामपुछ्रे, कल्चौडे, जुरेली, भँगेरा, ढुकुर, गौंथली, सारौं, लाटोकोसेरो, धोवी, मलेवा, हुचिल) घरपालुवा पन्छी (कुखुरा, हाँस, बट्टेइ, कालिज, परेवा, को पहिचान<br>• स्थानीय बोटबिरुवा (चिलाउने, उतिस, साल, सल्लो, खयर, सिसौ, गुराँस, खनायो, कोइरालो, धुपी सल्ला, बाँस, निगालो, अम्रिसो) डालेघाँस (खनायो, बडहर, टाँकी, काप्रो, डुम्री) को महत्व तथा उपयोग<br>• विद्यालयमा बगैंचाको आवश्यकता र महत्व<br>• घर र विद्यालयमा बाल बगैंचाको निर्माणमा सहयोग र हेरचाह<br>• फोहोरमैला व्यवस्थापनको परिचय<br>• विद्यालयमा फोहोरमैलाको वर्गिकरण र व्यवस्थापन (कुहिने, नकुहिने र तरल)<br>• वरपरको वातावरण सफा राख्ने उपायहरू पहिचान र सरसफाइ कार्यमा सहभागी | ३० |
| ६ | **दुर्घटना तथा विपत् व्यवस्थापन** | • दैनिक प्रयोग गरिने घरायसी सामग्रीबाट सुरक्षित रहने तरिका | • आफू र आफ्नो समानको सुरक्षा गर्न | • दैनिक प्रयोग गरिने घरायसी सामग्रीको सुरक्षित प्रयोग गरी यसबाट सुरक्षित रहन | २० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | • गाउँटोल वरपर घट्न सक्ने दुर्घटनाहरुको पहिचान<br>• सडकमा हुन सक्ने दुर्घटनाहरुको पहिचान र सजगता<br>• विद्यालयमा हुने दुर्घटनाहरुको पहिचान र सजगता | • दैनिक प्रयोग गरिने घरायसी सामग्रीबाट सुरक्षित रहने तरिकाहरुको पहिचान र अवलम्बन<br>• गंगाजमुना गाउपालिकामा हुन सक्ने दुर्घटना, प्रकोपहरु र महामारी (बाढी, पहिरो, आगलागी, भुकम्प, चट्याङ, हावाहुरी, असिना, सवारी दुर्घटना, भिर र रुखमा लड्नु, जंगली जनावरको आक्रमण) को पहिचान<br>• घर, टोल वरपर, सडक र विद्यालयमा हुने दुर्घटनाप्रति सजगता<br>• घर तथा विद्यालयमा घट्न सक्ने विपत्को नाम | • घर, घर वरपर र विद्यालयमा हुने दुर्घटनाबाट बच्न अपनाउनुपर्ने सावधानीहरुको जानकारी र अवलम्बन<br>• गंगाजमुना गाउपालिकामा हुन सक्ने दुर्घटना, प्रकोप र महामारी (बाढी, पहिरो, आगलागी, भुकम्प, चट्याङ, हावाहुरी, असिना, सवारी दुर्घटना, भिर र रुखमा लड्नु, जंगली जनावरको आक्रमण) को सामान्य परिचय<br>• दुर्घटना, प्रकोप र विपद्प्रति सजगता<br>• घर तथा विद्यालयमा आउन सक्ने विपत्हरुको पहिचान र सुरक्षाका उपाय अवलम्बन | |
| **जम्मा** | | | | | १६० |

## ५. विषयवस्तुको विस्तृतीकरण र सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप

### कक्षा १

| क्र.स. | क्षेत्र/थिम | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य घन्टा |
|---|---|---|---|---|---|---|
| १ | **गंगाजमुना गाउँपालिकाको परिचय** | • गाउँपालिकाको परिचय दिन<br>• गंगाजमुना गाँउपालिकालाई चित्रमा पहिचान गर्न<br>• वडा कार्यालयको चित्र पहिचान गर्न<br>• वडामा रहेका विद्यालय र स्वास्थ्य चौकी वा सेवा केन्द्रहरु चित्रमा पहिचान गर्न<br>• सफा पिउने पानी, बिजुली, यातायात र सञ्चारको पहिचान गर्न | • गाउँपालिकाको परिचय<br>• गंगाजमुना गाँउपालिकालाई चित्रमा पहिचान<br>• वडा कार्यालयको चित्र पहिचान<br>• वडामा रहेका विद्यालय र स्वास्थ्य चौकी वा सेवा केन्द्रहरु पहिचान<br>• सफा पिउने पानी, बिजुली, यातायात र सञ्चारको पहिचान | • बालवालिकालाई आफू बसेको गाउँ वा टोलको नाम तथा वडा नं बताउन लगाउने<br>• गंगाजमुना गाउँपालिकाको नक्सा वा चित्र देखाइ नाम बताउन लगाउने<br>• विद्यार्थीहरु मध्ये कुनै एक जनालाई अगाडि बोलाउने र हातको मदतले पूर्व, पश्चिम, उत्तर, दक्षिण दिशा देखाउन लगाउने र आवश्यक सहजीकरण गर्ने<br>• विद्यालय रहेको वडाको चित्र देखाउने र चित्र चिन्न लगाउने र आवश्यक जानकारी दिने<br>• विद्यालय तथा स्वास्थ्य चौकी वा स्वास्थ्य सेवा केन्द्रसहितको वडाको चित्र देखाउने र पहिचान गर्न लगाउने<br>• विद्यालय वा स्वास्थ्य चौकीबाट के के प्राप्त गर्न सकिन्छ होला ? भन्ने विषयमा विद्यार्थीहरुलाई अनुभव बताउन लगाउने र आवश्यक जानकारी दिने<br>• पिउने पानी लिई आफूले पिउने र कसैलाई तिर्खा लागेको भए पिउन दिने<br>• हामीले पिउने पानी किन सफा हुनुपर्छ होला ? यस विषयमा छलफल गराउने र आवश्यक जानकारी दिने<br>• क-कसको घरमा बिजुली वा विद्युतको सुविधा छ ? के कामको लागि प्रयोग हुन्छ ? यी प्रश्नमा छलफल गराउने र यसको महत्व बताउने साथै बिजुलीको प्रयोग गर्दा अपनाउनुपर्ने सावधानी बताउने<br>• त्यसै गरी यातायात (गाडी, जिप ...) र सञ्चारका साधन (मोबाइल, इन्टरनेट, ल्यापटप, टेलिफोन, टेलिभिजन, रेडियो) को बारेमा छलफल गराई तिनीहरुको महत्व बताउने | • प्रश्नोत्तर<br>• अवलोकन<br>• लिखित परीक्षा | १५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | **गंगाजमुनाका सम्पदाहरु** | • वडाको धार्मिक स्थलहरुको चिनारी दिन<br>• वडाको पर्यटकीय स्थलहरुको चिनारी दिन<br>• आफूले बोल्ने भाषा र जात पहिचान गर्न<br>• स्थानीय गीत गाउने कार्यमा सहभागिता हुन<br>• घर तथा आफू बस्ने वडामा प्रचलित लोकबाजाको चिनारी दिन<br>• स्थानीय लोकगीतमा सामान्य नृत्य अभ्यास गर्न<br>• आफ्नो घर तथा छिमेकमा मनाइने चाडपर्व (दशैं र तिहार) र सामान्य क्रियाकलाप बताउन | • गंगाजमुना गाँउपालिकाको धार्मिक स्थलहरु ( पाराग्याङचो, गंगाजमुना मन्दिर, यार्सा कालिका देवी मन्दिर, भंगेरी गुफा, मण्डलीमाई, पञ्चकन्या, पासाङचोक, छ्याङ छ्याङ कुना, स्याङ छ्याङ छोइङ, अन्नपुर्ण, तिनसुरे, कालिका मन्दिर) को चिनारी<br>• आफूले बोल्ने भाषा र जात पहिचान<br>• स्थानीय गीत (देउसीभैलो, तामाङ सेलो, तिज) गाउने कार्यमा सहभागिता<br>• घर तथा आफू बस्ने वडामा प्रचलित लोकबाजाको चिनारी (दमाहा, झ्याली, सहनाई, मादल, नरसिंहा, बाँसुरी)<br>• स्थानीय लोकगीतमा सामान्य नृत्य (देउसीभैलो, तामाङ सेलो, तिज) अभ्यास<br>• आफ्नो घर तथा छिमेकमा मनाइने चाडपर्व (दशैं, तिहार) र सामान्य क्रियाकलाप | • विद्यार्थीहरुलाई गंगाजमुनाको कुन कुन ठाउँमा घुम्न जानु भएको छ ? प्रश्न सोधी छलफल गर्न लगाउने<br>• विद्यार्थीहरुले भनेको ठाउँहरुको नाम शैक्षणिक पाटीमा लेख्ने<br>• पाराग्याङचो, गंगाजमुना मन्दिर, यार्सा कालिका देवी मन्दिर, भंगेरी गुफा, मण्डलीमाई, पञ्चकन्या, पासाङचोक, छ्याङ छ्याङ कुना, स्याङ छ्याङ छोइङ, अन्नपुर्ण, तिनसुरे, कालिका मन्दिर जस्ता धार्मिक स्थलको चित्र देखाई तिनीहरुको नाम पहिचान गर्न लगाउने र आवश्यक सहजीकरण गर्ने<br>• माथि उल्लिखित धार्मिक स्थलहरु मध्ये विद्यालय नजिकको स्थलको भ्रमण गराई आवश्यक जानकारी गराउने<br>• विद्यार्थीहरुलाई उनीहरुको थरअनुसार समूह विभाजन गर्न लगाउने र फरक फरक जातिहरुका विद्यार्थीहरुलाई आ आफ्नो जातिको बारेमा पहिचान गराउने, उपलब्ध हुन सक्ने जातजातीहरुको चित्र पोष्टर प्रदर्शन गर्ने र अवलोकन गर्न लगाउने<br>• विद्यार्थीहरुलाई आफूले घरमा बोलिने भाषाबाट जानेका कुराहरु बोल्न लगाउने । कक्षामा मातृभाषा बोल्ने विद्यार्थीहरुलाई मातृभाषामा सामान्य बोल्ने अभ्यास गराउने । यसरी अभ्यास गराउँदा चित्र, अक्षर, वस्तुको प्रयोग गर्ने<br>• विद्यार्थीहरुलाई उनीहरुको आ-आफ्नो जातजातिमा कुन कुन संस्कृतिको चाडपर्वमा के के गरिन्छ भन्न लगाउने र छलफल गराउने र चित्र, श्रव्यदृश्य सामग्रीको प्रयोगको माध्यमबाट जानकारी गराउने<br>• बालबालिकाहरुलाई स्थानीय गीत गाउन प्रेरित गर्ने<br>• शिक्षकले मोबाइलको माध्यमबाट वा आफैले बालबालिकाले गाउन सक्ने देउसीभैलो, तामाङ सेलो, तिज आदि लगायत स्थानीय गीत गाउने र बालबालिकालाई गाउन लगाउने र सोही बाजामा नृत्य अभ्यास गराउने<br>• विद्यार्थीहरुलाई घरमा वा स्थानीय स्तरमा बजाइने बाजाहरु के के छन् ? बताउन लगाउने | • प्रश्नोत्तर<br>• अवलोकन<br>• प्रयोगात्मक कार्यको प्रदर्शन<br>• लिखित परीक्षा<br>• प्रतिविम्बन | ३५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | • चित्र वा सम्भव भए स्थानीय स्तरमा बजाइने लोकबाजाहरु (पञ्चेबाजा) देखाइ उक्त बाजा बजाउने र बजाउन लगाउने<br>• आफ्नो घर तथा छिमेकमा मनाइने दशैं, तिहारमा गरिने क्रियाकलाप बताउन लगाउने र आवश्यक जानकारी दिने | | |
| ३ | **गंगाजमुनाका पेसा, व्यवसाय र प्रविधि** | • आफ्नो अभिभावकले गर्ने पेसा तथा व्यवसायको नाम बताउन<br>• आफ्नो घरमा वर्षभरिमा उत्पादन हुने बालीनालीको नाम भन्न<br>• घरमा प्रयोग हुने तरकारी, अन्नबाली, नगदेबाली, फलफूलको चिनारी दिन<br>• घरमा उत्पादित वस्तुको प्रयोग बताउन<br>• आफ्नो घर र छरछिमेकमा प्रयोग हुने स्थानीय प्रविधिहरुको पहिचान गर्न<br>• स्थानीय प्रविधिबाट निर्मित घरेलु सामग्रीहरुको चिनारी दिन<br>• | • आफ्नो अभिभावकले गर्ने पेसा तथा व्यवसायको नाम<br>• आफ्नो घरमा वर्षभरिमा उत्पादन हुने बालीनालीको नाम<br>• घरमा प्रयोग हुने तरकारी, अन्नबाली, नगदेबाली, फलफूलको चिनारी<br>• घरमा उत्पादित वस्तु बिक्री गर्ने स्थान<br>• आफ्नो घर र छरछिमेकमा प्रयोग हुने स्थानीय प्रविधिहरुको पहिचान<br>• स्थानीय प्रविधिबाट निर्मित घरेलु सामग्रीहरुको चिनारी ( घट्ट, जाँतो, कोल, ओखल) | • विद्यार्थीहरुलाई आफ्नो अभिभावकले गर्ने पेसा वा व्यवसाय भन्न लगाउने<br>• शिक्षकले आफ्नो घर वा समुदायमा वर्षभरिमा उत्पादन गरिने बालीनाली, तरकारी, अन्नबाली, नगदेबाली, फलफूलको सम्बन्धमा जानकारी दिने र उक्त जानकारी दिँदा चित्र वा चार्ट वा भिडियो जस्ता सामग्रीको प्रयोग गर्ने<br>• विद्यार्थीहरुलाई आ आफ्नो घरमा वर्षभरिमा उत्पादन हुने बालीनाली, फलफूल, तरकारी, अन्नबाली, नगदेबाली वा अन्य बालीहरुको नाम बताउन लगाउने र ती मध्ये कुन कुनको खाने कार्यमा प्रयोग गरिएको छ ? बताउन लगाउने<br>• विद्यालय नजिकको विभिन्न तरकारी खेती, अन्नबाली, नगदेबाली खेती गरिएको स्थानमा विद्यार्थीहरुलाई भ्रमण गराई आवश्यक जानकारी दिन लगाउने<br>• घरमा उत्पादित वस्तु बिक्री गर्ने स्थानको जानकारी दिने<br>• आफ्नो घर र छरछिमेकमा प्रयोग हुने स्थानीय प्रविधिहरुको पहिचान गर्न लगाउने<br>• वास्तविक सामग्री वा भिडियो वा चित्रको माध्यमबाट स्थानीय प्रविधिबाट निर्मित घरेलु सामग्रीहरुको चिनारी गराउने<br>• चित्र वा भिडियो वा वास्तविक वस्तुको प्रदर्शन गरी स्थानीय रैथाने प्रबिधि (घट्ट, जाँतो, कोल, ओखल आदि) को पहिचान गराउने | • प्रश्नोत्तर<br>• अवलोकन<br>• क्षेत्रभ्रमण<br>• परियोजना कार्यको अवलोकन<br>• लिखित परीक्षा<br>• प्रतिविम्बन<br>• अभिभावक प्रतिक्रिया | ४० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | **असल आचरण, नैतिकता र जीवनोपयोगी सिप** | • व्यक्तिगत सरसफाइ गर्ने तरिका बताउन र सरसफाइ गर्न<br>• घर, आँगन, विद्यालय, वरिपरिको वातावरणको सरसफाईमा सहयोग गर्न<br>• घरायसी सामानको पहिचान गर्न<br>• उचित तरिकाले उठ्ने, बस्ने र कुरा गर्ने तरिका अभ्यास गर्न<br>• दैनिक जीवनमा प्रयोग हुने सामानको नाम बताउन<br>• आफ्ना दौतरीहरुसँग मिलिजुलि बस्ने अभ्यास गर्न<br>• राम्रो, नराम्रो, असल, खराब बानी व्यवहारहरु पहिचान गर्न<br>• आफु बस्ने ठाँउ तथा कोठाको सरसफाइ गर्न<br>• स्थानीय स्तरमा खेलको पहिचान र अभ्यास गर्न | • व्यक्तिगत सरसफाइ गर्ने तरिका र सरसफाइ<br>• घर, आँगन, विद्यालय, वरिपरिको वातावरणको सरसफाईमा सहयोग<br>• घरायसी सामानको जतन गर्ने तरिका र उक्त कार्यमा सहभागी<br>• ठिक तरिकाले उठ्ने, बस्ने र कुरा गर्ने तरिका अभ्यास<br>• दैनिक जीवनमा प्रयोग हुने सामानको नाम<br>• आफ्ना दौतरीहरुसँग मिलिजुलि बस्ने अभ्यास<br>• राम्रो, नराम्रो, असल, खराब बानी व्यवहारहरु<br>• आफु बस्ने ठाँउ तथा कोठाको सरसफाइ<br>स्थानीय स्तरमा खेलिने खेल ( तातोआलु, गट्टा, छोइ, रुमाल लुकाइ, लुकामारी, डण्डिवियो, गुच्चा, गेम्बल (लक्कुढाल), गिर, चुङ्गी, खोपी, खुट्टी) को पहिचान र सामान्य अभ्यास | • कक्षाकोठामा विद्यार्थीहरुलाई उभिन लगाउने र व्यक्तिगत सरसफाइ गरे नगरेको एकले अर्कोलाई अवलोकन गर्न लगाउने<br>• विद्यार्थीहरु मध्ये व्यक्तिगत सरसफाइ राम्रो गरेका विद्यार्थीहरुलाई कक्षाकोठाको अगाडि बोलाइ उनले व्यक्तिगत सरसफाइ गर्दा अवलम्बन गरेका तरिकाहरु सुनाउन लगाउने<br>• व्यक्तिगत सरसफाइअन्तर्गत गरिने कार्यहरुको जानकारी गराउने । जस्तै : नुहाउने, कपाल कोर्ने, कपडा सफा गर्ने, हात धुने, नङ काट्ने, जुत्ता सफा गर्ने आदि ।<br>• व्यक्तिगत सरसफाइअन्तर्गत गर्न सकिने केही कार्यहरुको प्रदर्शन गर्ने र विद्यार्थीहरुलाई ती कार्यमा सरिक गराउने । जस्तै : साबुन पानीले हात खुट्टा धुने, नङ काट्ने आदि ।<br>• स्वस्थताको लागि घर आँगन, विद्यालय वरिपरिको वातावरण सफा राख्नुपर्ने कारण बताउने र छलफल गर्ने<br>• घर आँगन तथा वरिपरिको वातावरण सफा गर्ने कुरा बताउने र उक्त सरसफाइ कार्यमा सहभागी भए नभएको कुरा अभिभावकसँग प्रतिक्रिया लिने<br>• विद्यालयको कक्षाकोठा, कक्षाकोठा बाहिर, खेलमैदान, शौचालय, धारा वरपरको सरसफाइमा सहभागी गराउने र सरफाइ पश्चात साबुन पानीले हात धुने कार्य गर्ने गराउने<br>• घरमा प्रयोग गरिने सामानहरुको नाम बताउन लगाउने र शैक्षणिक पाटीमा लेख्ने<br>• ती सामग्रीको जतन गर्ने तरिका बताउने र जतन गर्न लगाउने<br>• बिहान ठिक समयमा उठ्ने, सरसफाइ गर्ने, अध्ययन गर्ने, ठिक तरिकाले बस्ने, उठ्ने, कुरा गर्ने तरिकाको बारेमा जानकारी दिने र नमुना प्रदर्शन गर्ने र गर्न लगाउने<br>• दैनिक जीवनमा प्रयोग हुने सामग्रीको सूची तयार गर्न लगाउने र प्रयोग गर्ने तरिकाको बारेमा जानकारी दिने<br>• आफ्ना साथीहरुसँग मिलेर काम गर्ने, आफूले जानेको कुराहरु एक अर्कालाई सिकाउनुपर्छ भन्ने कुराको जानकारी दिने र उक्त कार्यको अवलोकन गर्ने | • प्रश्नोत्तर<br>• अवलोकन<br>• क्रियाकलाप को अवलोकन<br>• लिखित परीक्षा<br>• प्रतिविम्बन | २० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | • राम्रा, नराम्रा, असल, खराब बानी व्यवहारहरुको उदाहरण दिने, चित्रद्धारा पहिचान गर्न लगाउने र असल र राम्रो बानीहरु अवलम्बन गर्नुपर्ने कुराको जानकारी दिने<br>• आफु बस्ने घर, स्थान, कक्षाकोठा सफा गर्न लगाउने र उक्त कार्यको अवलोकन गर्ने<br>• स्थानीय स्तरमा खेलिने खेल जस्तै तातोआलु, गट्टा, छोइ, रुमाल लुकाइ, लुकामारी, डण्डिवियो, गुच्चा, गेम्बल ( लक्कुढाल), गिर, चुङ्गी, खोपी, खुट्टी बारेमा पहिचान गर्न र खेल्न लगाउने | | |
| ५ | **गंगाजमुनाको वन तथा वातावरण** | • घर तथा स्थानीय स्तरमा पालिने घरपालुवा जनावरहरू पहिचान गर्न<br>• घर तथा विद्यालयको बाल बगैंचामा भएका बिरुवाहरूको चिनारी दिन<br>• स्थानीय क्षेत्रमा पाइने बोटबिरुवाहरूको पहिचान गर्न<br>• घर तथा विद्यालयमा गरिने वृक्षरोपणमा सहयोग गर्न<br>• घर तथा विद्यालयमा भएका बोटबिरुवाको सरक्षणमा सहयोग गर्न<br>• फूलबारी तथा बोटबिरुवाहरूको हेरचाह गर्ने कार्यमा सहयोग गर्न<br>• फोहोरमैलाको पहिचान र उचित | घर तथा स्थानीय स्तरमा पालिने घरपालुवा जनावरहरू ( गाई, भैसी, भेडा, बाखा, गोरु, च्याङ्ग्रा)<br>• घर तथा विद्यालयको बाल बगैंचामा भएका बिरुवाहरूको चिनारी<br>• स्थानीय क्षेत्रमा पाइने बोटबिरुवाहरूको पहिचान<br>• घर तथा विद्यालयमा गरिने वृक्षरोपणमा सहयोग<br>• घर तथा विद्यालयमा भएका बोटबिरुवाको सरक्षणमा सहयोग<br>• फूलबारी तथा बोटबिरुवाहरूको हेरचाह गर्ने कार्यमा सहयोग<br>• फोहोरमैलाको पहिचान र उचित ठाउँमा राख्ने अभ्यास | • विद्यार्थीहरुलाई घरमा पालिएका जनावरहरुको नाम भन्न लगाउने<br>• घरमा पालिएका बाहेक अन्य स्थानीयस्तरमा पालिएका जनावहरु भन्न लगाउने<br>• स्थानीयस्तरमा (विभिन्न प्रयोजनले पालन गरिएका) पालन गरिएका जनावहरुको अवलोकन गराउने<br>• चित्र/श्रव्यदृश्य सामग्रीको को माध्यमबाट स्थानीयस्तरमा पालन गरिएका जनावरहरुको परिचय गराउने<br>• घर वरपर भएका, घरको बगैँचामा भएका बिरुवाको नाम बताउन लगाउने<br>• विद्यालयको बगैँचा तथा विद्यालय वरपर भएका बिरुवाहरुको अवलोकन गराइ तिनीहरुको नाम पहिचान गर्न लगाउने<br>• घर वरपर समुदायस्तरमा भएका बिरुवाको अवलोकन गर्न लगाई तिनीहरुको नाम पहिचान गर्न लगाउने<br>• शिक्षकले आफ्नो घर वरपर, विद्यालय वरपर भएका बिरुवाहरुको चित्र/भिडियो देखाइ तिनीहरुको पहिचान गर्न लगाउने<br>• घरको बँगैचा वा खेतवारीको छेउछाउमा वृक्षरोपण गर्ने सम्बन्धमा विद्यार्थीहरुलाई प्रश्न सोध्ने र खाली ठाउँमा वृक्षरोपण गर्नुपर्ने कुरा बताउने<br>• घरमा वृक्षरोपण गर्ने कार्यमा सहयोग गर्ने कुरा बताउने र यस सम्बन्धमा उनीहरुको अनुभव सुनाउन लगाउने | • प्रश्नोत्तर<br>• अवलोकन<br>• क्षेत्रभ्रमण<br>• परियोजना कार्यको अवलोकन<br>• लिखित परीक्षा<br>• प्रतिविम्बन | ३० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | ठाउँमा राख्ने अभ्यास गर्न | | • विद्यालयको खाली ठाउँमा वृक्षरोपण कार्यमा सहभागी गराउने (बेर्नाहरु वृक्षरोपण गर्ने ठाउमा पुऱ्याउने, पानी सिँचाइ गर्ने आदि)<br>• घर तथा विद्यालयमा भएका बोटबिरुवाहरुको संरक्षण गर्नुपर्ने कुरा बताउने र संरक्षण तथा हेरचाह गर्ने कार्यमा सहभागी गराउने<br>• वृक्षरोपण सम्बन्धी भिडियो देखाउने र वृक्षरोपण प्रति सकारात्मक सोचको विकास गर्ने<br>• घर, कक्षाकोठा, कक्षाकोठा बाहिर हुने फोहोरमैलाको चित्रद्धारा पहिचान गराउने<br>• घरमा भएका फोहोरहरु र तिनीहरुको रखाइ सम्बन्धमा प्रत्येक विद्यार्थीलाई अनुभव सुनाउन लगाउने<br>• कक्षाकोठाभित्र तथा कक्षाकोठा बाहिरका फोहोरमैलाहरुको अवलोकन गराई फोहोरमैलाको पहिचान गर्न लगाउने र फोहोरको रखाइ व्यवस्थापनमा सहभागी गराउने र साबुन पानीले हातखुट्टा सफा गर्न लगाउने | | |
| ६ | **दुर्घटना तथा विपत् व्यवस्थापन** | • दैनिक प्रयोग गरिने घरायसी सामग्रीबाट सुरक्षित रहने तरिका बताउन<br>• गाउँटोल वरपर घट्न सक्ने दुर्घटनाहरुको पहिचान गर्न<br>• सडकमा हुन सक्ने दुर्घटनाहरुको पहिचान गर्न र सजगता अपनाउन<br>• विद्यालयमा हुने दुर्घटनाहरुको पहिचान गर्न र सजगता अपनाउन | • दैनिक प्रयोग गरिने घरायसी सामग्रीबाट सुरक्षित रहने तरिका<br>• गाउँटोल वरपर घट्न सक्ने दुर्घटनाहरुको पहिचान<br>• सडकमा हुन सक्ने दुर्घटनाहरुको पहिचान र सजगता<br>• विद्यालयमा हुने दुर्घटनाहरुको पहिचान र सजगता | • विद्यार्थीहरुलाई दैनिक रुपमा भान्सा वा घर वरपर के के काम गर्नुहुन्छ ? ती काम गर्दा के के चोटपटक लागेको छ ? अनुभव सुनाउन लगाउने र आफूले समेत अनुभव सुनाउने<br>• उनीहरुलाई घरमा पाइने चक्कू, हसिया, जस्ता सामग्रीहरु चलाउँदा, रुख चढ्दा, भिरमा जाँदा.... के हुन सक्छ ? भनी छलफल गर्ने गराउने<br>• घर, टोल, बाटो वा अन्य क्षेत्रमा घट्न सक्ने दुर्घनाहरु व्यक्तिगत र सामूहिक रुपमा भन्न लगाउने<br>• सडकमा हिड्दा हामी कसरी हिड्नु पर्छ भनि अभ्यासात्मक कार्यहरु गरी देखाउने र विद्यार्थीहरुलाई पनि सोही अनुसार व्यवहारमा प्रयोग गर्न अभिप्रेरित गर्ने<br>• विद्यालयमा हुने दुर्घटनाहरु भन्न लगाउने<br>• विद्यालयमा हुने दुर्घटनाबाट बच्ने उपायहरु अवलम्बन गर्न लगाउने<br>• घर, गाउँटोल, सडक, विद्यालयमा हिँडडुल गर्दा सजगता हुनुपर्ने पक्षसँग क्रियाकलाप (अभिनयलगायत) गराउने र सजगता अपनाउनुपर्ने कुराको जानकारी दिने | • प्रश्नोत्तर<br>• क्रियाकलाप को अवलोकन<br>• सिकाइको प्रतिविम्बन | २० |

## कक्षा २

| क्र.स. | क्षेत्र/थिम | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य घन्टा |
|---|---|---|---|---|---|---|
| १ | **गंगाजमुना गाउँपालिकाको परिचय** | • गाउँपालिकाको नक्सा अवलोकन र गंगाजमुना गाँउपालिका चिनारी दिन<br>• धेरै जाडो हुने महिना र धेरै गर्मी हुने महिना बताउन<br>• विद्यालय परिवार र वडाध्यक्षको चिनारी दिन<br>• आफु बसेको वडामा भएका विद्यालय, स्वास्थ्य सेवा केन्द्र र खानेपानी तथा सरसफाइको अवस्था बताउन<br>• बिजुली बत्ती, यातायात र सञ्चारका साधनको सामान्य परिचय दिन | • गाउँपालिकाको नक्सा अवलोकन र गंगाजमुना गाँउपालिका चिनारी<br>• जाडो हुने महिना र धेरै गर्मी हुने महिना<br>• वडा समितिका प्रतिनिधिहरुको चिनारी<br>• आफू बसेको वडामा भएका विद्यालय, स्वास्थ्य सेवा केन्द्र र खानेपानी तथा सरसफाइको अवस्था<br>• बिजुली बत्ती, यातायात र सञ्चारका साधनको सामान्य परिचय | • विद्यार्थीहरुलाई आफू बस्ने गाउँटोलको नाम, वडा नं. र वडा कार्यालयको ठेगाना भन्न लगाउने,<br>• गाउँपालिकाको नक्सा देखाई आफ्नो वडालाई चिन्न लगाउने<br>• गाउँपालिकाको नाम, ठेगाना र स्थापना भएको साल उल्लेखित पोष्टर प्रस्तुत गर्ने, पढ्न लगाउने, भन्ने अभ्यास गराउने, छलफल गराउने<br>• बाह्र महिना मध्ये गंगाजमुनामा कुन कुन महिता जाडो, कुन कुन महिनामा गर्मी र कुन कुन महिनामा ठिकै हुन्छ भन्न लगाउने र शिक्षकले थप जानकारी दिने<br>• वडाको अध्यक्ष तथा सदस्यहरुको नाम बताउन लगाउने र सम्भव भए सम्म अध्यक्ष र सदस्यहरुलाई कक्षामा आमन्त्रण गरी परिचय गराउने<br>• आफू बस्ने वडाभित्रको गाउँटोलको अवस्थिति पहिचान गर्न लगाउने<br>• वडाभित्रका विद्यालयका चित्रसहित नामहरु उल्लेखित चार्ट प्रस्तुत गर्ने र विद्यालयको परिचय गराउने<br>• आफू बस्ने वडामा स्वास्थ्य सेवा केन्द्र, खानेपानी, सरसफाइको अवस्थाको बारेमा चित्र, भिडियो वा अवलोकनको माध्यमबाट जानकारी गराउने<br>• यातायातको विकास हुँदा के के फाइदाहरु हुन्छ, होला ? प्रश्नमा छलफल गराउने र फाइदाहरु बताइने (आधुनिक सामग्रीको उपलब्धता, यातायात सहज तरिकाले गर्न सकिने, किनमेल सहज हुने आदि)<br>• घरमा बिजुली बत्ती भए नभएको, बिजुली बत्तीको प्रयोग भएको क्षेत्रहरु आदिमा छलफल गराउने र उपयोगिता बताउने<br>• विद्यार्थीहरुलाई सूचना तथा सञ्चारका साधनहरु ( मोबाइल, टेलिफोन, रेडियो, एफएम, टेलिभिजन, ल्यापटप, कम्प्युटर, इन्टरनेट आदि) को उपलब्धता र | • प्रश्नोत्तर<br>• अवलोकन<br>• लिखित परीक्षा | १५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | उपयोग सम्बन्धमा अनुभव आदान प्रदान गर्न लगाउने र थप जानकारी दिने | | |
| २ | **गंगाजमुना का सम्पदाहरु** | • गंगाजमुना गाँउपालिकाका प्रमुख धार्मिक स्थलहरुको परिचय दिन<br>• गंगाजमुना गाँउपालिकाका प्रमुख पर्यटकिय स्थलहरुको परिचय दिन<br>• आफू बसेको वडाको बजार स्थलको अवस्था बताउन<br>• आफू बसेको वडाका जातजाति र स्थानीय वेषभुषा पहिचान गर्न<br>• गंगाजमुना गाँउपालिकाका स्थानीय लोकबाजाको चिनारी दिन<br>• स्थानीय गीत र नृत्य अभ्यासमा सहभागिता जनाउन<br>• गंगाजमुना गाँउपालिकाका चाँडपर्वहरु पहिचान गर्न<br>• | • गंगाजमुना गाँउपालिकाका धार्मिक स्थलहरु (चौरथला मन्दिर बसेरी, कालिका मन्दिर बुढाथुम, गंगाजमुना मन्दिर, नवदुर्गा भगवती कुडुले, पासाङ्चोक, पोखराडाँडा, अँधेरी झूलङ्गे पुल, गुरुङगाउँ अम्बोटे नमुना वस्ती) को परिचय<br>• गंगाजमुना गाँउपालिकाको पुरानो र अहिलेको बजार स्थल<br>• गंगाजमुना गाँउपालिकाका जातजाति (तामाङ, दलित, ब्राह्मण, क्षेत्री, ठकुरी, गुरुङ, नेवार, मगर, घले, राई, अन्य) र स्थानीय वेषभुषा<br>• गंगाजमुना गाँउपालिकाका स्थानीय **पञ्चे बाजा** (नरसिंहा, दमाहा, सहनाइ, झ्याली, टेम्को) **लोकबाजा** (मादल, बासुरी, मुरली, ढ्याङ्गो, पातबाजा) को चिनारी<br>• स्थानीय गीत (देउसीभैलो, तामाङ सेलो, तिज) र नृत्य अभ्यास (सोरठी, खैचडी, लाखे, मानेदोरा नाच) मा सहभागिता<br>• गंगाजमुना गाँउपालिकाका चाँडपर्वहरु (तिज, ल्होसार, जनैपुर्णिमा, क्रिसमस, मदर डे , चण्डीपूर्णीमा, शिवरात्री, गंगाजमुना मेला, बडादशैं, तिहार, चैते दशैं, माघी, साउने संक्रन्ति, ताका लगाउने) को पहिचान | • विद्यार्थीहरुलाई उनीहरुले गंगाजमुना गाउँपालिकाका कुन कुन ठाउँमा भ्रमण गर्नु भएको छ ? प्रश्न सोध्ने र अनुभव बताउन लगाउने<br>• गंगाजमुना गाँउपालिकाका धार्मिक स्थलहरु जस्तैः चौरथला मन्दिर बसेरी, कालिका मन्दिर बुढाथुम, गंगाजमुना मन्दिर, नवदुर्गा भगवती कुडुले, पासाङ्चोक, पोखराडाँडा, स्वास्नी  कोट डाँडा, अँधेरी झूलङ्गे पुल, गुरुङगाउँ अम्बोटे नमुना वस्तीको चित्र वा भिडियो देखाई पहिचान गर्न लगाउने र तिनको महत्व बताउने<br>• माथि उल्लिखित पर्यटकीय स्थलहरु मध्ये विद्यालयबाट नजिकको स्थलमा विद्याथीहरुलाई भ्रमण गराई आवश्यक जानकारी दिने । यसरी भ्रमण गराउँदा सावधानीहरु (हिड्दा, उक्लदा, ओर्लदा) समेत जानकारी गराउने<br>• विद्यार्थीहरुलाई उनीहरुले मनाउने प्रमुख चाडपर्वहरु भन्न लगाउने, ती चाडपर्वमा गरिने क्रियाकलाप, लगाइने पोशाक, खाइने परिकारका बारेमा छलफल गराउने, विभिन्न तालिका र चित्रको माध्यमबाट कुन जातिले के पर्व मनाउछन सोको जानकारी गराउने<br>• गंगाजमुना गाउँपालिकाको पुरानो र अहिलेको बजारको चित्र वा भिडियो प्रदर्शन गरी भिन्नता छुट्याउन लगाउने<br>• गंगाजमुना गाउँपालिकाको अहिलेको बजार भ्रमण गराउने र बजारमा भएका मुख्य मुख्य वस्तु तथा सामानको जानकारी गराउने र बजारमा गरिने किनबेचका क्रियाकलापहरुको जानकारी गराउने<br>• गंगाजमुना गाउँपालिकाका जातजाती र स्थानीय वेषबुषाको बारेमा चित्र वा श्रव्यदृश्य सामग्रीको माध्यमबाट जानकारी गराउने<br>• गंगाजमुना गाउँपालिकामा बजाइने विभिन्न लोकबाजाहरुको जानकारी गराउँदै नौमती बाजाको परिचय दिने<br>• पञ्चे बाजा (नरसिंह, दमाहा, सहनाइ, झ्याली, टेम्को) लोकबाजा (मादल, बासुरी, मुरली, ढ्याङ्गो, पातबाजा | • प्रश्नोत्तर<br>• अवलोकन<br>• लिखित परीक्षा<br>• आत्म मूल्यांकन | ३५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | जान्ने स्थानीय व्यक्तिहरुलाई विद्यालयमा आमन्त्रण गरी बजाउन लगाउने<br>• स्थानीय लोकगीत : देउसीभैली, तामाङ सेलो, तिज र नृत्य सोरठी, खैचडी, लाखे, मानेदोरा नाच को गाउने र नृत्य अभ्यास गराउने<br>• गंगाजमुना गाँउपालिकाका चाडपर्वहरु : तिज, ल्होसार, जनैपूर्णिमा, क्रिसमस, मदर डे , चण्डीपुर्णीमा, शिवरात्री, गंगाजमुना मेला, बडादशैं, तिहार, चैते दशैं, माघी, साउने संक्रन्ति, ताका लगाउने सम्बन्धमा विद्यार्थीहरुलाई आफ्नो अनुभव बताउन लगाउने र चित्र वा श्रव्यदृश्यको माध्यमबाट आवश्यक जानकारी दिने<br>• गंगाजमुना गाउँपालिकाका विभिन्न मानिसहरुले प्रयोग गर्दै आएका चुलाहरुको चित्र वा वास्तविक चुलो देखाएर वा श्रव्यदृश्य सामग्रीको माध्यमबाट जानकारी गराउने र तिनको महत्व बताउने | | |
| ३ | **गंगाजमुना का पेसा व्यवसाय र प्रविधि** | • गाउँ टोलका मानिसले गर्ने पेसा र व्यवसायको सामान्य परिचय दिन<br>• खानेकुराको स्रोत ( कृषिजन्य र पशुजन्य)<br>• स्थानीय स्तरमा उत्पादन हुने तरकारीको परिचय बताउन<br>• स्थानीय स्तरमा उत्पादन हुने अन्नबालीको परिचय<br>• स्थानीय स्तरमा उत्पादन हुने नगदेबालीको परिचय<br>• स्थानीय स्तरमा उत्पादन हुने फलफूल बालीको परिचय | • गाउँ टोलका मानिसले गर्ने पेसा र व्यवसायको सामान्य परिचय<br>• स्थानीय पेशा तथा व्यवसायको परिचय<br>• खानेकुराको स्रोत (कृषिजन्य र पशुजन्य)<br>• स्थानीय स्तरमा उत्पादन हुने तरकारी (मुला, आलु, काउली, बन्दा, केराउ, गाजर, फर्सी, चिचिण्डो, घिरौला, लौका, स्कुस, करेला, बोडी, काक्रो, सिमी, रायो, गोलभेडा, तरुल) को परिचय<br>• स्थानीय स्तरमा उत्पादन हुने अन्नबाली (कोदो, फापर, धान, गहु, मकै, जौ र करु) को परिचय<br>• स्थानीय स्तरमा उत्पादन हुने **नगदेबाली** (हलेदो, अदुवा, | • गाउ टोलका मानिसले गर्ने पेसा र व्यवसायको अवलोकन गराइ नाम भन्न लगाउने<br>• स्थानीय पेसा तथा व्यवसायको परिचय दिई तिनको महत्व बताइदिने<br>• हामीले खाने खानेकुरा के के बाट प्राप्त हुन्छ भनि सोध्ने र कृषि जन्य स्रोत पशुजन्य स्रोतबाट प्राप्त हुन्छ भनी बताउने<br>• विद्यार्थीहरुलाई आफ्नो घरमा कुन कुन तरकारी, अन्नबाली, नगदेबाली, फलफूल खेती, दलहन बालीको खेती गरिएको छ ? के कामका लागि प्रयोग गरिएको छ ? उपयोग गर्दा बढी भएको उत्पादित वस्तु के गर्ने गरिएको छ ? छलफल गर्न लगाउने<br>• त्यस्तै घरमा बाहेक छिमेकीको घरमा वा वरपरको समुदायमा कुन कुन वस्तुको उत्पादन गरेको देख्नु भएको छ ? प्रश्नमा छलफल गराउने | • प्रश्नोत्तर<br>• अवलोकन<br>• लिखित परीक्षा<br>• अभिभावक प्रतिक्रिया | ४० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | • स्थानीयस्तरमा उत्पादन हुने दलहन बालीको परिचय<br>• खेतिपातीमा प्रयोग गरिने औजारहरू पहिचान गर्न<br>• स्थानीय प्रविधिबाट निर्मित घरेलु सामग्रीहरु पहिचान गर्न र परिचय दिन<br>• दैनिक किनमेल गर्ने स्थानको नाम र सामानहरुको विवरण प्रस्तुत गर्न<br>• समुदायका मानिसले गर्ने आयआर्जनका स्रोतहरु बताउन | लसुन, अलैची, कफी, चिया तिल) **मसलाबाली** (धनियाँ, खुर्सानी, जिरा, मेथी) को परिचय<br>• स्थानीय स्तरमा उत्पादन हुने **फलफूल** (नास्पती, आरुवखडा, केरा, भूइकटहर, रुखकटहर, सुन्तला, अमिलो, मेवा, भोगटे, आँप, लिची, आरु, एभागाडो, जापनिज हलुवावेद, ओखर, कागती) **वनमा पाइने फलफूल बाली** (अमला, ऐंसेलु, गुहेली, तिँदु, चुत्रा, किमु, काफल, वयर, चिउरी, बेल, पानीअमला, खनियो, धँगेरी, कटुसफल) को परिचय<br>• स्थानीयस्तरमा उत्पादन हुने दलहन बाली (गहत, मस्याङ, मुसुरो, बोडी, राज्मा, भटमास, रहर, मास) को परिचय<br>• खेतिपातीमा प्रयोग गरिने औजारहरू<br>• स्थानीय प्रविधिबाट निर्मित घरेलु सामग्रीहरु (हलो, जुवा, दाँदे, लेड्को, ढिकी, जातो, घट्ट, कोल तान, चर्खा, फिर्का) आइरन आइरनबाट निर्मित (कुटो, खुकुरी बन्चरो, हँसिया, कोदालो, कोदाली, फाली, करुवा) चोया बाट बन्ने सामाग्री (डोको, डालो, थुन्चे, मान्द्रो, भकारी, नाङ्लो, चाल्नो, स्याखु, छत्री) ऊनबाट बन्ने (राडी पाखी, गलबन्दी, बख्खु, स्विटर, आदि) को पहिचान | • गंगाजमुनाका विभिन्न वडामा खेती गरिने निम्न वस्तुको बारेमा चित्र, भिडियो वा सम्भव भएसम्म खेती गरिएको ठाउँमा विद्यार्थीहरुलाई भ्रमण गराई तिनको परिचय, महत्वको बारेमा जानकारी गराउन लगाउने, जानकारी गराउने<br>➢ तरकारी : मुला, आलु, काउली, बन्दा, केराउ, गाँजर, फर्सी, चिचिण्डो, घिरौला, लौका, स्कुस, करेला, बोडी, काक्रो, सिमी, रायो, गोलभेडा, तरुल<br>➢ अन्नबाली : कोदो, फापर, धान, गहु, मकै, जौ र करु<br>➢ नगदेबाली : हलेदो, अदुवा, लसुन, अलैची, कफी,चिया तिल<br>➢ मसलाबाली : धनियाँ, खुर्सानी, जिरा, मेथी<br>➢ फलफूल बाली : नास्पती, आरुवखडा, केरा, भूइकटहर, रुखकटहर, सुन्तला, अमिलो, मेवा, भोगटे, आँप, लिची, आरु, एभागाडो, जापनिज हलुवावेद, ओखर, कागती<br>➢ वनमा पाइने फलफूल बाली : अमला, ऐंसेलु, गुहेली, तिँदु, चुत्रा, किमु, काफल, वयर, चिउरी, बेल, पानीअमला, खनियो, धँगेरी, कटुसफल<br>➢ दलहन बाली : गहत, मस्याङ, मुसुरो, बोडी, राज्मा, भटमास, रहर, मास<br>• खेतिपातीमा प्रयोग गरिने औजारहरुको चित्र वा श्रव्यदृश्य वा खेतीपाती गर्ने ठाउँमा विद्यार्थीलाई भ्रमण गराई ती औजारहरुको परिचय, काम र प्रयोग गर्ने तरिका बारेमा जानकारी गराउने<br>• स्थानीय प्रविधिबाट निर्मित घरेलु सामग्रीहरु जस्तै : हलो र जुवा, दाँदे, लेड्को, ढिकी, जातो, घट्ट, कोल तान, चर्खा, फिर्काको पहिचान गर्न लगाउने र ती मध्ये विद्यार्थीलाई उनीहरुको घरमा कुन कुन वस्तु निर्माण गरिन्छ र त्यसको प्रयोग के कामका लागि गरिन्छ, अनुभव बताउन लगाउने | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | • दैनिक किनमेल गर्ने स्थानको नाम र सामानहरुको विवरण<br>• समुदायका मानिसले गर्ने आयआर्जनका स्रोतहरु | • गंगाजमुना गाउँपालिकाका विभिन्न वडामा निर्माण गरिने सामग्रीहरुको परिचय दिने र उक्त वस्तु निर्माण गर्ने स्थानीय स्रोत व्यक्तिलाई विद्यालयमा आमन्त्रण गरी प्रदर्शन गर्न लगाउने वा उक्त वस्तुहरु निर्माण गरिने स्थानमा विद्यार्थीहरुलाई भ्रमण गराई स्थानीय स्रोत व्यक्तिबाट जानकारी दिन लगाउने साथै तिनको प्रयोगको बारेमा समेत जानकारी दिने, दिन लगाउने<br>➢ आइरन बाट निर्मित : कुटो, खुकुरी बन्चरो, हँसिया, कोदालो, कोदाली, फाली, करुवा<br>➢ चोया बाट बन्ने सामाग्री : डोको, डालो, थुन्चे, मान्द्रो, भकारी, नाङ्लो, चाल्नो, स्याखु, छत्री<br>➢ ऊनबाट बन्ने : राडी  पाखी, गलबन्दी, बख्खु, स्विटर<br>• विद्यार्थीहरुलाई दैनिक रुपमा किनमेल गरिने स्थानको बारेमा जानकारी दिन लगाउने र किनमेल गरेका वस्तुहरु र तिनको प्रयोगबारेमा समेत जानकारी दिन लगाउने र शिक्षकले थप जानकारी दिने<br>• दैनिक किनमेल गर्ने स्थानको नाम र सामानहरुको विवरणको सूची तयार गर्न लगाई प्रस्तुत गर्न लगाउने<br>• घरमा अभिभावकको आयआर्जनको बारेमा अनुभव बताउन लगाउने<br>• समुदायका मानिसले गर्ने आयआर्जनका स्रोतहरु पहिचान गर्न लगाउने<br>• समुदायका मानिसहरुको आयआर्जनको बारेमा थप जानकारी दिने | | |
| ४ | **असल आचरण, नैतिकता र** | • आफूभन्दा ठुलालाई आदर सत्कार र सानालाई माया गर्न | • आफूभन्दा ठुलालाई आदर सत्कार र सानालाई माया | • सानालाई माया गर्ने र ठुलालाई आदर सत्कार गरेका चित्र वा भिडियो प्रदर्शन गरी तिनको बारेमा जानकारी दिन लगाउने | • प्रश्नोत्तर | २० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | **जीवनोपयोगी सिप** | • परिवारको सदस्यहरुलाई घरको काममा सहयोग गर्न<br>• घरायसी सामानहरुको उचित जतन र प्रयोग गर्न<br>• सरसफाइमा प्रयोग हुने सामानको पहिचान र प्रयोग गर्न<br>• व्यक्तिगत, घर, आँगन, विद्यालय, वरिपरिको वातावरणको सरसफाईमा सहभागिता गर्न<br>• दैनिक जीवनमा प्रयोग हुने सामानको रेखदेख गर्न<br>• उपयुक्त किसिमले बोल्न, हिडडुल र सन्तुलित खाना खाने बानीको विकास गर्न<br>• छरछिमेकमा आफूले सक्ने काममा आपसी सहयोग गर्न<br>• स्थानीय स्तरमा खेलिने खेलको अभ्यास गर्न | • परिवारको सदस्यहरुलाई घरको काममा सहयोग<br>• घरायसी सामानहरुको उचित पहिचान र प्रयोग<br>• सरसफाइमा प्रयोग हुने सामानको पहिचान र प्रयोग<br>• व्यक्तिगत, घर, आँगन, विद्यालय, वरिपरिको वातावरणको सरसफाईमा सहभागिता<br>• दैनिक जीवनमा प्रयोग हुने सामानको रेखदेख<br>• उपयुक्त किसिमले बोल्न, हिडडुल र सन्तुलित खाना खाने बानीको विकास<br>• छरछिमेकमा आफूले सक्ने काममा आपसी सहयोग<br>• स्थानीय स्तरमा खेलिने खेल ( तातोआलु, गट्टा, छोइ, रुमाल लुकाइ, लुकामारी, डण्डिवियो, गुच्चा, गेम्बल (लक्कुढाल), गिर, चुङ्गी, खोपी, खुट्टी) को पहिचान र सामान्य अभ्यास | • सानालाई माया र ठुलालाई आदर सत्कार गर्ने सम्बन्धमा भूमिका अभिनय क्रियाकलाप गराउने<br>• असक्त तथा जेष्ठ नागरिकलाई सहयोग गर्नुपर्ने कुराको समेत जानकारी गराउने<br>• घरमा के के काम गर्नुहुन्छ ? प्रश्नमा छलफल गराउने र आफूले सक्ने काममा घर परिवारका सदस्यलाई सहयोग गर्नुपर्ने कुराको जानकारी गराउने । जस्तै : किचन सफा गर्ने, बाथरुम सफा गर्ने, बिरुवा रोप्ने, तरकारी रोप्ने, मल तथा पानी राख्ने, कुहिने र नकुहिने फोहोर छुट्टाछुट्टै राख्ने आदि ।<br>• घरायसी सामानहरुको पहिचान गर्न लगाई तिनको उचित तरिकाले प्रयोग गर्ने अभ्यास गराउने<br>• व्यक्तिगत सरसफाइ गर्दा ध्यान दिनुपर्ने कुराहरुको पुनरावलोकन गराउने र व्यक्तिगत सरसफाइ गरे नगरेको अवलोकन गर्ने र आवश्यक पृष्ठपोषण दिने<br>• स्वस्थताको लागि घर आँगन, विद्यालय वरिपरिको वातावरण सफा राख्नुपर्ने कारण बताउने र छलफल गर्ने<br>• घर आँगन तथा वरिपरिको वातावरण सफा गर्ने कुरा बताउने र उक्त सरसफाइ कार्यमा सहभागी भए नभएको कुरा अभिभावकसँग प्रतिक्रिया लिने<br>• विद्यालयको खेलमैदान, कक्षाकोठा, चर्पी आदिको सरसफाइ कार्यमा विद्यार्थीलाई सरिक गराउने र शिक्षकले समेत सरसफाइमा सहभागी हुने<br>• सरसफाइ पश्चात साबुनपानीले हातखुट्टा सफा गर्न लगाउने<br>• उपयुक्त तरिकाले बोल्ने, हिड्ने र सन्तुलित खाना खाने कुराको जानकारी गराउने र नमुना अभ्यास गराउने<br>• छरछिमेकमा आफूले सक्ने काममा आपसी सहयोग गर्नुपर्ने कुराको जानकारी दिने र सहयोग सम्बन्धि क्रियाकलापमा सहभागी गराउने<br>• स्थानीय स्तरमा खेलिने खेल जस्तै तातोआलु, गट्टा, छोइ, रुमाल लुकाइ, लुकामारी, डण्डिवियो, गुच्चा, गेम्बल ( लक्कुढाल), गिर, चुङ्गी, खोपी, खुट्टी को अभ्यास गर्न लगाउने | • क्रियाकलापको अवलोकन<br>• व्यवहार परिवर्तनको अवलोकन<br>• लिखित परीक्षा<br>• अभिभावक प्रतिक्रिया<br>• सिकाइको प्रतिविम्बन | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | **गंगाजमुनाको वन तथा वातावरण** | • स्थानीय क्षेत्रमा पाइने बोटबिरुवाहरूको वर्गिकरण गर्न स्थानीय बोटबिरुवाहरूको परिचय दिन<br>• बगैँचाको परिचय दिन<br>• घर र विद्यालयमा वृक्षरोपणमा सहयोग र सहभागी हुन<br>• बोटबिरुवाको संरक्षणमा सहयोग गर्न<br>• वरपरको वातावरण फोहोर हुने कारणहरू पहिचान गर्न<br>• फोहोरमैलाको परिचय दिन र प्रकार (कुहिने र नकुहिने) बताउन<br>• घर तथा विद्यालयमा हुने फोहोर व्यवस्थापनमा आफूले सकेको सहयोग गर्न | • स्थानीय क्षेत्रमा पाइने बोटबिरुवाहरूको वर्गिकरण स्थानीय बोटबिरुवाहरूको परिचय<br>• बगैँचाको परिचय<br>• घर र विद्यालयमा वृक्षरोपणमा सहयोग र सहभागी<br>• बोटबिरुवाको संरक्षणमा सहयोग<br>• वरपरको वातावरण फोहोर हुने कारणहरू पहिचान<br>• फोहोरमैलाको परिचय र प्रकार (कुहिने र नकुहिने)<br>• घर तथा विद्यालयमा हुने फोहोर व्यवस्थापनमा आफूले सकेको सहयोग | • विद्यार्थीहरुलाई आफ्नो घर तथा विद्यालय वरपर रहेका बोटबिरुवाहरुको नाम बताउन लगाउने<br>• विद्यालय वरपर भएका बोटबिरुवाहरुको अवलोकन गराउने र तिनीहरुको सूची तयार गर्न लगाउने<br>• बोट बिरुवाहरुलाई झार, बुट्यान र रुखमा वर्गिकरण गर्न लगाउने र सहजीकरण गर्ने<br>• घर वरपर भएका बोट बिरुवाहरुको अवलोकन गरी ती बोटबिरुवाहरुलाई वर्गिकरण गर्न ल्याउने परियोजना कार्य दिने<br>• बगैँचाको चित्र तथा भिडियो प्रदर्शन गर्ने र बँगैचाको परिचय दिने<br>• विद्यालयमा बगैँचा भए त्यसको अवलोकन गराउने<br>• घर तथा विद्यालयमा बगैँचा निर्माण गर्नुपर्ने र यसको महत्व सम्बन्धमा आवश्यक जानकारी दिने<br>• घरको बँगैचा वा खेतवारीको छेउछाउमा वृक्षरोपण गर्ने सम्बन्धमा विद्यार्थीहरुलाई अनुभव सुनाउन लगाउने र खाली ठाउँमा वृक्षरोपण गर्नुपर्ने कुरा बताउने<br>• घरमा वृक्षरोपण गर्ने कार्यमा आफूले सकेको कार्यमा सहयोग गर्नुपर्ने कुरा बताउने र अनुभव सुनाउन लगाउने<br>• विद्यालयको खाली ठाउँमा वृक्षरोपण कार्यमा सहभागी गराउने (बेर्नाहरु वृक्षरोपण गर्ने ठाउमा पुर्‍याउने, पानी सिँचाइ गर्ने आदि)<br>• घर तथा विद्यालयमा भएका बोटबिरुवाहरुको संरक्षण गर्नुपर्ने कुरा बताउने र संरक्षण तथा हेरचाह गर्ने कार्यमा सहभागी गराउने<br>• विद्यालय तथा घर वरपरको वातावरण फोहोर हुने कारणहरुलाई चित्र, भिडियो, अवलोकनबाट प्रष्ट पार्ने<br>• जथाभावी फोहोरहरु फाल्नु, फोहोरहरुको व्यवस्थापन नगर्नुलगायत कारणहरुले वरपरको वातावरण फोहोर हुने कारण बताउने र फोहोर गर्न नहुने कुराको जानकारी गराउने<br>• घर, कक्षाकोठा, कक्षाकोठा बाहिर हुने फोहोरमैलाको चित्रद्धारा पहिचान गराउने | • प्रश्नोत्तर<br>• अवलोकन<br>• लिखित परीक्षा<br>• अभिभावक प्रतिक्रिया<br>• रुब्रिक्स<br>• रुजुसूची<br>• श्रेणीमापन | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | • घर तथा विद्यालयमा विभिन्न कार्यको लागि वस्तुहरु प्रयोग गर्दा निस्केका नचाहिने वस्तुहरुलाई फोहोरमैलाको रुपमा परिचय गराउने<br>• घर तथा विद्यालयबाट निस्कने यस्ता फोहोरहरुलाई कुहिने र नकुहिने वस्तुहरुमा वर्गिकरण गर्न सकिने कुराको जानकारी दिने<br>• विद्यालयको कक्षाकोठा, कक्षाकोठा बाहिर, खेलमैदान, शौचालय, धारा वरपरको सरसफाइमा सहभागी गराउने<br>• यसरी सरसफाइ गर्दा निस्केका वस्तुहरुलाई कुहिने र नकुहिने गरी दुई भागमा वर्गिकरण गर्न लगाउने र छुट्टाछुट्टै भाँडोमा (डस्टविन) मा राख्ने/राख्न लगाउने र सरफाइ पश्चात साबुन पानीले हात धुने कार्य गर्ने गराउने<br>• घरमा विभिन्न कारणले निस्केका फोहारहरुलाई समेत कुहिने र नकुहिने गरी दुई डस्टविनमा राख्ने परियोजना कार्य दिने र कुहिने वस्तुबाट मल बनाउन सकिने कुराको जानकारी दिने | | |
| ६ | **दुर्घटना तथा विपत् व्यवस्थापन** | • आफू र आफ्नो समानको सुरक्षा गर्न<br>• दैनिक प्रयोग गरिने घरायसी सामग्रीबाट सुरक्षित रहने तरिकाहरुको पहिचान र अवलम्बन गर्न<br>• स्थानीय स्तरमा हुन सक्ने दुर्घटना, प्रकोपहरु र महामारीको पहिचान गर्न<br>• घर, टोल वरपर, सडक र विद्यालयमा हुने दुर्घटनाप्रति सजगता अपनाउन<br>• घर तथा विद्यालयमा घट्न सक्ने विपत्को नाम बताउन | • आफू र आफ्नो समानको सुरक्षा गर्न<br>• दैनिक प्रयोग गरिने घरायसी सामग्रीबाट सुरक्षित रहने तरिकाहरुको पहिचान र अवलम्बन<br>• गंगाजमुना गाउपालिकामा हुन सक्ने दुर्घटना, प्रकोपहरु र महामारी (बाढी, पहिरो, आगलागी, भुकम्प, चट्याङ, हावाहुरी, असिना, सवारी दुर्घटना, भिरररुखमा लड्नु, जंगली जनावरको आक्रमण) को पहिचान<br>• घर, टोल वरपर, सडक र विद्यालयमा हुने दुर्घटनाप्रति सजगता | • सुरक्षित रहने उपायहरु सम्बन्धि चित्र वा श्रव्यदृश्य सामग्रीको प्रयोग गरी जानकारी दिने<br>• सुरक्षित रहन गरिएका कार्यहरु बताउन लगाउने<br>• आफूले प्रयोग गर्ने सामानहरुको पहिचान गर्न लगाउने र ती सामानहरुको प्रयोग गर्दा ध्यान दिनुपर्ने कुराको जानकारी गराउने । जस्तै : सरसफाइका सामानहरु, पठनपाठनको सामग्रीहरु, खेलकुदका सामग्रीहरु आदि ।<br>• दैनिक रुपमा प्रयोग गरिने घरायसी सामग्रीहरु ( भान्साका सामानहरु समेत) बाट सुरक्षित रहने उपायहरु र दुर्घटना हुँदा गर्नुपर्ने प्राथमिक उपचारका उपायहरुको समेत जानकारी गराउने<br>• घर बाहिर हुँदा हावा हुरी लागेमा के गर्नुहुन्छ भनी सोध्ने र चित्र देखाएर हावाहुरी लाग्दा पर्ने असर र बच्ने उपायका बारेमा प्रष्ट पार्ने<br>• हावा हुरी लागेको बेला आफू र आफ्नो समानको सुरक्षा कसरी गर्नु पर्छ भनी छलफलबाट प्रष्ट पारिदिने<br>• आफ्नो वरपर घट्न सक्ने दुर्घटनाको चित्र अवलोकन गर्न लगाइ पहिचान गर्न लगाउने (पहिरो, हुरीबतास, | • प्रश्नोत्तर<br>• अवलोकन<br>• लिखित परीक्षा<br>• सिकाइको प्रतिविम्बन<br>• रुजुसूची<br>• श्रेणीमापन | १५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | • घर तथा विद्यालयमा घट्न सक्ने विपद्को नाम | आगलागी...सर्पको टोकाइ सडक दुर्घटना, नदीले बगाउनु, रुख तथा भिरबाट लड्नु)<br>• घर, टोल वरपर र विद्यालयमा हुने दुर्घटनाप्रति सजग रहन अपनाउने उपायका बारेमा छलफल गर्न लगाउने सजग रहन उत्प्रेरित गर्ने<br>• घर तथा विद्यालयमा घट्न सक्ने विपत्बाट बच्ने उपायसम्बन्धि भूमिका अभिनय गराउने | | |

## कक्षा ३

| क्र.स. | क्षेत्र/थिम | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | सम्भावित सिकाइ सहजीकरण क्रियाकलाप | सम्भावित मूल्याङ्कन विधि र प्रक्रिया | कार्य घन्टा |
|---|---|---|---|---|---|---|
| १ | **गंगाजमुना गाउँपालिकाको परिचय** | • धादिङ जिल्लाको नक्सा अवलोकन र गंगाजमुना गाँउपालिका चिनारी दिन<br>• गंगाजमुना गाँउपालिकाको सिमानाको दिशा छुट्याउन<br>• गंगाजमुनाको मौसमी अवस्था बताउन<br>• वडाका प्रतिनिधिको चिनारी र कार्य<br>• वडामा हुने विकास निर्माणका कार्यहरु<br>• वडा कार्यालयमा जन्म, मृत्यु र विवाह दर्ता हुने जानकारी दिन<br>• वडाअन्तर्गतका विद्यालय, स्वास्थ्य केन्द्रमा उपलव्ध सेवाको जानकारी लिन<br>• विद्यालय, खानेपानी, बिजली, यातायात र सञ्चारको महत्व बताउन | • धादिङ जिल्लाको नक्सा अवलोकन र गंगाजमुना गाँउपालिका चिनारी<br>• गंगाजमुना गाँउपालिकाको सिमाना<br>• गंगाजमुनको मौसमी अवस्था<br>• वडाका प्रतिनिधिको कार्य<br>• वडामा हुने विकास निर्माणका कार्यहरु<br>• वडा कार्यालयमा जन्म, मृत्यु र विवाह दर्ता हुने जानकारी<br>• वडाअन्तर्गतका विद्यालय, स्वास्थ्य केन्द्रमा उपलव्ध सेवा<br>• विद्यालय, खानेपानी, बिजुली, यातायात र सञ्चारको महत्व | • गंगाजमुना गाउँपालिकाको नक्सा प्रदर्शन गरी अवलोकन गर्न लगाउने र भौगोलिक अवस्थाको पहिचान गर्न लगाउने<br>• धादिङ जिल्लाको नक्सा प्रस्तुत गरी गंगाजमुना गाउँपालिका पहिचान गर्न लगाउने<br>• दिशा नछुट्याइएको गंगाजमुना गाउँपालिकाको नक्सा सेतोपाटीमा टाँस्ने र चार दिशा पहिचान गर्न लगाउने<br>• विद्यार्थीहरुलाई बाह्र महिनाको जानकारी गराउँदै कुन कुन महिनामा धेरै चिसो, कुन कुन महिनामा धेरै गर्मी र कुन कुन महिनामा ठिकको मौसमी अवस्थाको जानकारी दिने, साथै छिनछिनमा परिवर्तन हुने मौसमी अवस्था जस्तै : बादल लाग्ने, घाम लाग्ने, पानी पार्ने, असिना पर्ने, हुस्सु लाग्ने अवस्थाको समेत जानकारी दिने<br>• चित्र वा श्रव्यदृश्यको माध्यमबाट गंगाजमुनाको मौसमी अवस्थाको जानकारी दिने, मौसमअनुसारको लुगा लगाउनुपर्ने कुराको जानकारी गराउने<br>• वडा अध्यक्ष र सदस्यहरुको फोटा देखाउने वा आमन्त्रण गरेर परिचयात्मक कार्यक्रम गराउने र कामको विवरणको जानकारी दिन लगाउने तथा वडामा हुने विकास निर्माणका कार्यहरुको बारेमा जानकारी दिन लगाउने<br>• वडा कार्यालयबाट गराउनुपर्ने जन्मदर्ता, मृत्यु र विवाह दर्ताको बारेमा जानकारी गराउन लगाउने वा जानकारी गराउने<br>• वडा भित्रका स्वास्थ्य प्रदायक संस्थाको भ्रमण गराउने, नाम र ठेगाना टिपोट गर्न लगाउने र प्राप्त गर्न सकिने सेवाको जानकारी प्राप्त गर्न गाउँपालिका सहयोग गर्ने<br>• वडाअन्तर्गतका वडाहरुको संख्या र आफू बस्ने वडा बताउन लगाउने, वडामा रहेका विद्यालयहरुको जानकारी गराउने | • प्रश्नोत्तर<br>• छलफल<br>• अवलोकन<br>• लिखित परीक्षा | १५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | • वडामा रहेका स्वास्थ्य केन्द्रको जानकारी गराउने वा स्वास्थ्य केन्द्रको प्रतिनिधिलाई विद्यालयमा आमन्त्रण गरी उक्त केन्द्रबाट उपलब्ध हुने सेवाहरुको बारेमा जानकारी दिन लगाउने वा विद्यार्थीहरुलाई वडाको स्वास्थ्य संस्थामा भ्रमण गराई उक्त संस्थाबाट प्रदान गरिने स्वास्थ्य सेवाहरुको बारेमा जानकारी दिन लगाउने<br>• विद्यालय, खानेपानी, बिजुली, यातायात र सञ्चारका साधनको परिचय र महत्व बताउने | | |
| २ | **गंगाजमुनाका सम्पदाहरु** | • गंगाजमुना गाँउपालिकाका धार्मिक स्थलको परिचय दिन<br>• गंगाजमुना गाँउपालिकाका पर्यटकीय स्थलको परिचय दिन<br>• गंगाजमुना गाँउपालिकाको प्रमुख बजारको अवस्था बताउन<br>• गंगाजमुना गाँउपालिकामा बसोबास गर्ने जातजातिको विशेषता बताउन<br>• गंगाजमुना गाँउपालिकाका स्थानीय बाजाको परिचय दिन र बजाउने सामान्य अभ्यास गर्न<br>• स्थानीय गीतमा सहभागिता जनाउन<br>• गंगाजमुना गाँउपालिकामा मनाइने चाडपर्वको नाम, समय र मुख्य | • गंगाजमुना गाँउपालिकाका धार्मिक स्थल ( बाथले डाँडा, शिव मन्दिर, गलने, देवीस्थान मन्दिर, बेसारे, चुलीस्थान, बद्री र केदार मन्दिर,सरस्वती मन्दिर, चाँचुली, कुलाइन मन्दिर, भँगेरी मन्दिर, ओशो वेणुवन आश्रम, चर्चहरुर मण्डली, स्वास्नी कोट, पोखराडाँडा, चौथला मन्दिर) को परिचय<br>• गंगाजमुना गाँउपालिकाको पुरानो र अहिलेको बजारको भिन्नता<br>• गंगाजमुना गाँउपालिकामा बसोबास गर्ने जातजाति ( तामाङ, दलित, ब्राह्मण, क्षेत्री, ठकुरी, गुरुङ, नेवार, मगर, घले, राई, अन्य) का पेसा र विशेषता<br>• गंगाजमुना गाँउपालिकाका स्थानीय **पञ्चे बाजा** (नरसिंह, दमाहा, सहनाइ, झ्याली, टेम्को) **लोकबाजा** (मादल, बासुरी, मुरली, ढ्याङ्गो, पातबाजा) को परिचय र बजाउने सामान्य अभ्यास | • गंगाजमुना गाँउपालिकाका धार्मिक स्थलहरु : बाथले डाँडा, शिव मन्दिर, गलने, देवीस्थान मन्दिर, बेसारे, चुलीस्थान, बद्री र केदार मन्दिर, सरस्वती मन्दिर, चाँचुली, कुलाइन मन्दिर, भँगेरी मन्दिर, ओशो वेणुवन आश्रम, चर्चहरु र मण्डली, स्वास्नी कोट डाँडा, पोखराडाँडा, चौथला मन्दिरको चित्र वा श्रव्यदृश्य सामग्रीको माध्यमबाट चिनारी गराउने<br>• उक्त स्थलहरु मध्ये विद्यालयबाट नजिकको स्थलको भ्रमण गराई आवश्यक जानकारी दिने<br>• गंगाजमुना गाँउपालिकाको पुरानो र अहिलेको बजारको चित्र वा श्रव्यदृश्य सामग्रीको माध्यमबाट बजार देखाई भिन्नता छुट्याउन लगाउने<br>• विद्यालयबाट नजिकको गंगाजमुनाको बजारमा विद्यार्थीहरुलाई भ्रमण गराई बजारका क्रियाकलाप, सामग्रीको बारेमा जानकारी गराउने<br>• गंगाजमुना गाउँपालिकामा बसोबास गर्ने जातजातिहरु ( तामाङ, दलित, ब्राह्मण, क्षेत्री, ठकुरी, गुरुङ, नेवार, मगर, घले, राइ, अन्य को पेसा र उक्त पेसा तथा व्यवसायको विशेषता र महत्वको बारेमा जानकारी दिने<br>• स्थानीय लोकगीत देउसीभैलो, तामाङ सेलो, तिज तथा नृत्य अभ्यास (सोरठी, खैचडी, लाखे, मानेदोरा नाच गराउने<br>• स्थानीय स्तरमा बजाइने पञ्चे बाजा (नरसिंहा, दमाहा, सहनाइ, झ्याली, टेम्को) लोकबाजा (मादल, बासुरी, मुरली, ढ्याङ्गो, पातबाजाको प्रदर्शन गर्ने र ती बाजाको पहिचान गर्न लगाउने र केही बाजा बजाउने सामान्य अभ्यास गराउने | • प्रश्नोत्तर<br>• छलफल<br>• अवलोकन<br>• लिखित परीक्षा<br>• आत्म मूल्यांकन | ३५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | क्रियाकलापहरु बताउन<br>• स्थानीय चुलाहरुको पहिचान र महत्व बताउन | • स्थानीय गीत (देउसीभैलो, तामाङ सेलो, तिज) तथा नृत्य अभ्यास (सोरठी, खैचडी, लाखे, मानेदोरा नाच)<br>• गंगाजमुना गाँउपालिकामा मनाइने चाडपर्व (तिज, ल्होसार, जनैपुर्णिमा, क्रिसमस, मदर डे , चण्डीपुर्णीमा, शिवरात्री, गंगाजमुना मेला, बडादशैं, तिहार, चैते दशैं, माघी, साउने संक्रन्ति, ताका लगाउने) को नाम, समय र मुख्य क्रियाकलापहरु | • गंगाजमुना गाँउपालिकामा मनाइने चाडपर्वहरु तिज, ल्होसार, जनैपूर्णिमा, क्रिसमस, मदर डे , चण्डीपूर्णिमा, शिवरात्री, गंगाजमुना मेला, बडादशैं, तिहार, चैते दशैं, माघी, साउने संक्रन्ति, ताका लगाउने आदिमा गरिने क्रियाकलापहरु बताउन लगाउने र थप जानकारी दिने<br>• खाना पकाउन प्रयोग गरिने स्थानीय चुलाको महत्व बताउन लगाउने र आवश्यक थप जानकारी दिने | | |
| ३ | **गंगाजमुनाका स्थानीय पेसा, व्यवसाय र प्रविधि** | • आफ्नो वडा भित्रका मानिसले अपनाएका पेसा व्यवसायको परिचय दिन<br>• स्थानीय पेसा व्यवसायको सम्मान गर्न<br>• स्थानीय स्तरमा उत्पादन हुने तरकारीको परिचय र महत्व बताउन<br>• स्थानीय स्तरमा उत्पादन हुने अन्नबालीको परिचय र महत्व<br>• स्थानीय स्तरमा उत्पादन हुने नगदेबालीको परिचय र महत्व बताउन<br>• स्थानीय स्तरमा उत्पादन हुने फलफूल बालीको परिचय र महत्व बताउन | • आफ्नो वडा भित्रका मानिसले अपनाएका पेसा व्यवसायको परिचय<br>• स्थानीय पेसा व्यवसायको सम्मान<br>• स्थानीय स्तरमा उत्पादन हुने तरकारी (मुला, आलु, काउली, बन्दा, केराउ, गाजर, फसी, चिचिण्डो, घिरौला, लौका, स्कुस, करेला, बोडी, काक्रो, सिमि, रायो, गोलभेडा, तरुल) को परिचय र महत्व<br>• स्थानीय स्तरमा उत्पादन हुने अन्नबाली (कोदो, फापर, धान, गहु, मकै, जौ र करु) को परिचय र महत्व<br>• स्थानीय स्तरमा उत्पादन हुने **नगदेबाली** (हलेदो, अदुवा, लसुन, अलैची, कफि,चिया तिल) **मसलाबाली** (धनियाँ, | • शिक्षकले स्थानीयस्तरमा गरिने विभिन्न किसिमका पेसा व्यवसायहरुको बारेमा चित्र वा श्रव्यदृश्य सामग्रीको माध्यमबाट जानकारी दिने<br>• ती पेसा व्यवसायहरु मध्ये आफ्नो घर तथा वडाभित्रका मानिसले अपनाएका पेसा र व्यवसायहरुको बारेमा जानकारी दिने र पेसा तथा व्यवसायको सम्मान गर्नुपर्ने कुराको जानकारी गराउने<br>• गंगाजमुना गाउँपालिकाका विभिन्न वडा तथा स्थानमा उत्पादन हुने तरकारी : मुला, आलु, काउली, बन्दा, केराउ, गाजर, फसी, चिचिण्डो, घिरौला, लौका, स्कुस, करेला, बोडी, काक्रो, सिमि, रायो, गोलभेडा, तरुलको चिनारी गराउने र तिनको महत्व सम्बन्धमा छलफल गराउने<br>• उल्लिखित तरकारीहरु मध्ये आफ्नो घरमा कुन कुन तरकारी उत्पादन हुन्छन् र तिनको प्रयोग के के कामको लागि गरिन्छ बताउन लगाउने<br>• तरकारी खेती गरिएको स्थानमा भ्रमण गराई तरकारी खेती गर्ने तरिका, ध्यान दिनुपर्ने पक्षहरु र हुने फाइदाहरुको बारेमा तरकारी खेती व्यक्तिबाट जानकारी दिन लगाउने<br>• स्थानीय स्तरमा उत्पादन हुने अन्नबाली जस्तै : कोदो, फापर, धान, गहु, मकै, जौ र करु को परिचय दिने र | • प्रश्नोत्तर<br>• छलफल<br>• अवलोकन<br>• लिखित परीक्षा<br>• आत्म मूल्यांकन | ४० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | • स्थानीयस्तरमा उत्पादन हुने दलहन बालीको परिचय र महत्व बताउन<br>• स्थानीय प्रविधिबाट निर्मित घरेलु सामग्रीहरु पहिचान र परिचय दिन<br>• खेतीपातीमा प्रयोग हुने औजारहरू प्रयोग गर्ने तरिका बताउन | खुर्सानी, जिरा, मेथि) को परिचय र महत्व<br>• स्थानीय स्तरमा उत्पादन हुने **फलफूल** (नास्पती, आरुवखडा, केरा, भूइकटहर, रुखकटहर, सुन्तला, अमिलो, मेवा, भोगटे, आँप, लिचि, आरु, एभागाडो, जापनिज हलुवावेद, ओखर, कागती) **वनमा पाइने फलफूल बाली** (अमला, ऐंसेलु, गुहेली, तिदु, चुत्रा, किमु, काफल, वयर, चिउरी, बेल, पानीअमला, खनियो, धँगेरी, कटुसफल) को परिचय र महत्व<br>• स्थानीयस्तरमा उत्पादन हुने दलहन बाली (गहत, मस्याङ, मसुरो, बोडि, राज्मा, भटमास, रहर, मास) को परिचय र महत्व<br>• खेतीपातीमा प्रयोग हुने औजारहरू प्रयोग गर्ने तरिका<br>• स्थानीय प्रविधिबाट निर्मित घरेलु सामग्रीहरु (हलो र जुवा, दाँदे, लेड्को, ढिकी, जातो, घट्ट, कोल तान, चर्खा, फिर्का) आइरनबाट निर्मित (कुटो, खुकुरी बन्चरो, हँसिया, कोदालो, कोदाली, फाली, करुवा) चोया बाट बन्ने सामाग्री (डोको, डालो, थुन्चे, मान्द्रो, भकारी, नाङ्लो, चाल्नो, स्याखु, छत्री) ऊनबाट बन्ने (राडी पाखी, गलबन्दी, | महत्व बताइ दिने र उक्त खेती गरिएको स्थानमा विद्यार्थीलाई भ्रमण गराई थप जानकारी दिन लगाउने<br>• स्थानीय स्तरमा उत्पादन हुने नगदेबाली हलेदो, अदुवा, लसुन, अलैची, कफि,चिया तिल को परिचय दिन लगाउने र महत्व बताउने<br>• उल्लिखित नगदेबाली खेती गरिएको स्थानमा भ्रमण गराई थप जानकारी दिन लगाउने<br>• स्थानीय स्तरमा उत्पादन हुने फलफूल बाली जस्तै : नास्पती, आरुवखडा, केरा, भूइकटहर, रुखकटहर, सुन्तला, अमिलो, मेवा, भोगटे, आँप, लिचि, आरु, एभागाडो, जापनिज हलुवावेद, ओखर, कागती) वनमा पाइने फलफूल बाली (अमला, ऐंसेलु, गुहेली, तिदु, चुत्रा, किमु, काफल, वयर, चिउरी, बेल, पानीअमला, खनियो, धँगेरी, कटुसफल को परिचय र महत्व बताइदिने<br>• उक्त फलफूल गरिएको स्थानमा विद्यार्थीलाई भ्रमण गराई फलफूल खेती गर्ने व्यक्तिबाट आवश्यक जानकारी दिन लगाउने<br>• स्थानीयस्तरमा उत्पादन हुने दलहन बाली जस्तै : गहत, मस्याङ, मसुरो, बोडि, राज्मा, भटमास, रहर, मासको परिचय दिने र महत्व बताउने<br>• उक्त दलहन बाली खेती गरिएको स्थानमा विद्यार्थीहरुलाई भ्रमण गराई थप जानकारी दिने, दिन लगाउने<br>• स्थानीय प्रविधिबाट निर्मित घरेलु सामग्रीहरु जस्तै : हलो र जुवा, दाँदे, लेड्को, ढिकी, जातो, घट्ट, कोल तान, चर्खा, फिर्का) आइरनबाट निर्मित (कुटो, खुकुरी बन्चरो, हँसिया, कोदालो, कोदाली, फाली, करुवा) चोया बाट बन्ने सामाग्री (डोको, डालो, घुन्चे, मान्द्रो, भकारी, नाङ्लो, चाल्नो, स्याखु, छत्री) ऊनबाट बन्ने (राडी पाखी, गलबन्दी, बख्खु, स्विटर, आदिलाई चित्र वा वास्तविक सामग्री प्रदर्शन वा उक्त घरेलु सामग्री भएको स्थानमा विद्यार्थीलाई भ्रमण गराई तिनको परिचय, महत्व, बनोट र प्रयोग गर्ने तरिकाको बारेमा जानकारी दिन लगाउने वा जानकारी दिने | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | बख्खु, स्विटर, आदि) को पहिचान र परिचय<br>• | • खेतीपातीमा प्रयोग हुने औजारहरूको चित्र वा वास्तविक सामग्रीहरु प्रदर्शन गरी तिनको प्रयोग गर्ने तरिका बताउने<br>• खेतीपातीमा प्रयोग गरिने औजारहरुको बारेमा नजिकको खेतीपाती गर्ने किसानको घरमा भ्रमण गराई उक्त मानिसबाट आवश्यक जानकारी दिन लगाउने | | |
| ४ | **असल आचरण, नैतिकता र जीवनोपयोगी सिप** | • मान्यजनहरु, नातागोता र पाहुनाको सम्मान र सत्कार गर्न<br>• दैनिक जीवनमा प्रयोग हुने सामानको उचित तरिकाले प्रयोग गर्न<br>• व्यक्तिगत सामग्रीको हिफाजत र सरसफाइको परिचय र अभ्यास गर्न<br>• घर, छरछिमेक, विद्यालय तथा समुदायको सरसफाइमा सहभागिता हुन<br>• घरपरिवार, चर्पी, धारा, पाटीपौवा र वरपरको वातावरण सफा राख्ने बानी अवलम्बन गर्न<br>• अपाङ्ग, दृष्टिविहिन, बृद्ध र असहाय व्यक्तिलाई सम्मान र सहयोग गर्न<br>• सञ्चारका माध्यम र साधनको चिनारी दिन र उचित तरिकाले प्रयोग अभ्यास गर्न<br>• स्थानीय स्तरमा खेलिने खेल सुरक्षित तरिकाले खेल र खेल्ने तरिका बताउन | • मान्यजनहरु, नातागोता र पाहुनाको सम्मान र सत्कार<br>• दैनिक जीवनमा प्रयोग हुने सामानको उचित तरिकाले प्रयोग<br>• व्यक्तिगत सामग्रीको हिफाजत र सरसफाइको परिचय र अभ्यास<br>• घर, छरछिमेक, विद्यालय तथा समुदायको सरसफाइमा सहभागिता<br>• घरपरिवार, चर्पी, धारा, पाटीपौवा र वरपरको वातावरण सफा राख्ने बानी<br>• अपाङ्गता भएका व्यक्ति, दृष्टिविहिन, जेष्ठ नागरिक र असहाय व्यक्तिलाई सम्मान र सहयोग<br>• सञ्चारका माध्यम र साधनको चिनारी र उचित तरिकाले प्रयोग अभ्यास<br>• स्थानीय स्तरमा खेलिने खेल ( तातोआलु, गट्टा, छोइ, रुमाल लुकाइ, लुकामारी, डण्डिवियो, गुच्चा, गेम्बल (लक्कुढाल), गिर, चुङ्गी, खोपी, खुट्टी) सुरक्षित तरिकाले खेल्न र खेल्ने तरिका बताउन | • आफ्ना मान्यजन, नातागोता र पाहुनाको सम्मान र सत्कार गर्ने तरिका सम्बन्धमा विद्यार्थीहरुका अनुभवहरु बताउन लगाउने<br>• सम्मान र सत्कार गर्ने तरिका बताउने र अभिनयात्मक क्रियाकलाप संचालन गर्ने<br>• घर तथा विद्यालयमा दैनिक जीवनमा प्रयोग हुने सामानहरु जस्तै : किताब, कलम, झोला, कपी, किचनका सामानहरु, सरसफाइका सामानहरु आदिको उचित तरिकाले प्रयोग गर्ने, हिफाजत गर्ने तरिकाको जानकारी दिने<br>• व्यक्तिगतरुपमा प्रयोग गरिने सामग्रीको हिफाजत र सरसफाइ गर्ने तरिकाको नमुना अभ्यास गराउने र अवलोकन गर्ने<br>• व्यक्ति, घर परिवार, विद्यालय तथा वातावरण स्वस्थ राख्नको लागि गरिने कार्यहरुको रुपमा सरसफाइलाई परिचित गराउने<br>• घर, विद्यालयबाट निस्कने फोहोरलाई सही तरिकाले विसर्जन र व्यवस्थापन गर्न गर्ने कार्यहरु नै फोहोरमैलाको व्यवस्थापनमा पर्ने कुरा बताउने<br>• घरपरिवार, चर्पी, धारा, पाटीपौवा र वरपरको वातावरण सफा राख्ने तरिका, सफा राख्दा हुने फाइदाको बारेमा जानकारी दिने<br>• सरसफाइ गर्ने तरिका नमुना अभ्यास गराउने<br>• अपाङ्ग, दृष्टिविहिन, बृद्ध र असहाय व्यक्तिलाई सम्मान र सहयोग गर्नुपर्ने कुराको जानकारी दिने<br>• मानवीय मूल्यहरु जस्तै : सत्य, सदव्यवहार, शान्ति, अहिंसा, मायाको बारेमा जानकारी दिने<br>• सञ्चारका माध्यम र साधनको सामान्य परिचय दिने र प्रयोग गर्ने तरिका बताउने र प्रयोग गर्न लगाउने | • प्रश्नोत्तर<br>• क्रियाकलापको अवलोकन<br>• व्यवहार परिवर्तनको अवलोकन<br>• लिखित परीक्षा<br>• अभिभावक प्रतिक्रिया<br>• सिकाइको प्रतिविम्बन | २० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | • स्थानीय स्तरमा खेलिने खेल जस्तै तातोआलु, गट्टा, छोइ, रुमाल लुकाइ, लुकामारी, डण्डिवियो, गुच्चा, गेम्बल (लक्कुढाल), गिर, चुङ्गी, खोपी, खुट्टी को अभ्यास गर्न र खेल्ने तरिका बताउने | | |
| ५ | **गंगाजमुनाको वन तथा वातावरण** | • गाउँपालिका क्षेत्र भित्रका वनमा पाइने वन्यजन्तु र चराहरूको पहिचान गर्न<br>• स्थानीय बोटबिरुवाको महत्व तथा उपयोग बताउन<br>• विद्यालयमा बगैंचाको आवश्यकता र महत्व बताउन<br>• घर र विद्यालयमा बाल बगैंचाको निर्माणमा सहयोग र हेरचाहमा सहयोग गर्न<br>• समुदायमा हुने फोहोरमैलाको वर्गिकरण र व्यवस्थापनमा सहयोग गर्न<br>• वरपरको वातावरण सफा राख्ने उपायहरू पहिचान गर्न र सरसफाइ कार्यमा सहभागी हुन | • गाउँपालिका क्षेत्र भित्रका वनमा पाइने वन्यजन्तु र चराहरू:<br>(क) वन्यजन्तु (बाघ, मृग, सालक, लंगुर, बादर, स्याल, दुम्सी, निगाले बाघ, मलस्याप्रो, लोखर्के, बनबिरालो, खरायो, फ्याउरो) घरपालुवा (गाई, भैसी, भेडा, बाखा, गोरु, च्याङ्गा)<br>(ख) पन्छी (कालिज, तित्रा, काग, परेवा, सुगा, कोइली, ढुकुर, च्याखुरा, न्याउली, लामपुछ्रे, कल्चौडे, जुरेली, भँगेरा, ढुकुर, गौंथली, सारौ, लाटोकोसेरो, धोवी, मलेवा, हुचिल) घरपालुवा पन्छी ( कुखुरा, हाँस, बट्टेइ, कालिज, परेवा, को पहिचान<br>• स्थानीय बोटबिरुवा (चिलाउने, उतिस, साल, सल्लो, खयर, सिसौ, गुराँस, खनायो, कोइरालो, धुपी सल्ला, बाँस, निगालो, अम्रिसो) डालेघाँस ( खनायो, बडहर, टाँकी, काप्रो, डुम्री) को महत्व तथा उपयोग<br>• विद्यालयमा बगैंचाको आवश्यकता र महत्व | • आफूले देखेका वन्यजन्तु तथा चराहरुको नाम बताउन लगाउने<br>• आफ्नो वडा तथा गाउँपालिका भित्रका वनहरुमा आफूले थाहा पाएका वन्य जन्तु तथा चराहरुको नाम बताउन लगाउने<br>• गाउपालिका भित्र वन क्षेत्रमा हुने वन्यजन्तु तथा चराहरु को बारेमा अवलोकन⁄ चित्र⁄ भिडियो सामग्रीको माध्यमबाट पहिचान गर्न लगाउने र यस कार्यमा आवश्यक सहयोग गर्ने<br>➢ वन्यजन्तु : बाघ, मृग, सालक, लंगुर, बादर, स्याल, दुम्सी, निगाले बाघ, मलस्याप्रो, लोखर्के, बनबिरालो, खरायो, फ्याउरो) घरपालुवा (गाई, भैसी, भेडा, बाखा, गोरु, च्याङ्गा)<br>➢ पन्छी : कालिज, तित्रा, काग, परेवा, सुगा, कोइली, ढुकुर, च्याखुरा, न्याउली, लामपुछ्रे, कल्चौडे, जुरेली, भँगेरा, ढुकुर, गौंथली, सारौ, लाटोकोसेरो, धोवी, मलेवा हुचिल) घरपालुवा पन्छी (कुखुरा, हाँस, बट्टेइ, कालिज, परेवा)<br>• उक्त क्षेत्रमा पाइने अन्य वन्यजन्तु तथा चराहरुको बारेमा सोधखोज गरी बताउने परियोजना कार्य दिने<br>• विद्यार्थीहरुलाई आफ्नो घर तथा विद्यालय वरपर रहेका बोटबिरुवाहरुको परिचय दिन लगाउने (नाम, पाइने स्थान, महत्व, उपयोग, वर्गीकरण)<br>• विद्यालय वरपर भएका बोटबिरुवाहरुको अवलोकन गराउने र तिनीहरुको सूची तयार गरी परिचय दिने⁄दिन लगाउने<br>• विद्यालयमा बाल बगैंचा निर्माणको महत्व र आवश्यकतामा छलफल गराउने (वातावरण स्वस्थ राख्न, सौन्दर्य, अध्ययन, जडीबुटी आदि)<br>• विद्यालयमा बाल बगैँचा निर्माण गर्ने तरिकाको जानकारी दिई बगैँचा निर्माणमा सहभागी गराउने | • प्रश्नोत्तर<br>• क्रियाकलापको अवलोकन<br>• व्यवहार परिवर्तनको अवलोकन<br>• लिखित परीक्षा<br>• अभिभावक प्रतिक्रिया<br>• सिकाइको प्रतिविम्बन | ३० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | • घर र विद्यालयमा बाल बगैंचाको निर्माणमा सहयोग र हेरचाह<br>• फोहोरमैला व्यवस्थापनको परिचय<br>• विद्यालयमा फोहोरमैलाको वर्गिकरण र व्यवस्थापन (कुहिने, नकुहिने र तरल)<br>• वरपरको वातावरण सफा राख्ने उपायहरू पहिचान र सरसफाइ कार्यमा सहभागी | • सम्भव भए सम्म घरमा बगैँचा निमाण गर्ने परियोजना कार्य दिने र घरको अभिभावकलाई समेत यसको जानकारी दिई सहयोग गर्न लगाउने<br>• घर परिवार, विद्यालय, अस्पताल, कारखाना आदिबाट निस्कने फोहोरहरु ठोस (कुहिने र नकुहिने) तथा तरल फोहोर हुने र यी फोहोरहरुलाई व्यवस्थापन गर्नको लागि सही ठाउमा विसर्जन गर्ने, मल बनाउने, प्रशोधन गर्ने आदि जस्ता उपायहरु अपनाउनुपर्ने कुराहरुमा छलफल गराउने<br>• घर, कक्षाकोठा, कक्षाकोठा बाहिर हुने फोहोरमैलाको चित्रद्धारा पहिचान गराउने<br>• घर, छरछिमेक, विद्यालय तथा समुदायस्तरमा सरसफाइ गर्दा नै वातावरण स्वस्थ हुने र यस कार्यले गर्दा रोगहरु नलाग्ने जस्ता फाइदाहरु हुने कुरा बताउने र छलफल गराउने<br>• घर वरपर, विद्यालय, छरछिमेक, समुदायको वातावरण सफा राख्ने उपायहरुमा छलफल गराउने र सरसफाइमा सहभागी गराउने र आफूले पनि सरसफाइमा सहभागी हुने<br>• घरवरपर, समुदाय तथा विद्यालयमा सरसफाइ गरेको असल अभ्यासहरु श्रव्यदृश्य तथा चित्रको माध्यमबाट प्रष्ट पार्ने | | |
| ६ | **दुर्घटना तथा विपत् व्यवस्थापन** | • दैनिक प्रयोग गरिने घरायसी सामग्रीको सुरक्षित प्रयोग गरी यसबाट सुरक्षित रहन<br>• घर, घर वरपर र विद्यालयमा हुने दुर्घटनाबाट बच्न अपनाउनुपर्ने सावधानीहरुको जानकारी र अवलम्बन गर्न<br>• गंगाजमुना गाउपालिकामा हुन सक्ने | • दैनिक प्रयोग गरिने घरायसी सामग्रीको सुरक्षित प्रयोग गरी यसबाट सुरक्षित रहन<br>• घर, घर वरपर र विद्यालयमा हुने दुर्घटनाबाट बच्न अपनाउनुपर्ने सावधानीहरुको जानकारी र अवलम्बन<br>• गंगाजमुना गाउपालिकामा हुन सक्ने दुर्घटना, प्रकोप र महामारी (बाढी, पहिरो, आगलागी, भुकम्प, चट्याङ, हावाहुरी, असिना, सवारी दुर्घटना, भिरररुखमा लड्नु, | • विद्यार्थीहरुलाई घर वा विद्यालयमा कसैलाई चोट पटक लागेको छ वा छैन पालैपालो भन्न लगाउने<br>• चोटपटक लागेमा के के गरिएको छ ? जानकारी दिन लगाउने<br>• घर, घर वरपर र विद्यालयमा हुने दुर्घटनाहरु के के हुन्छन भन्न लगाउने<br>• घर, घर वरपर बाटोमा घट्ने घटनाको बारेमा चित्र अवलोकन गराउने, श्रव्यदृश्य सामग्रीको माध्यमबाट घर, विद्यालय, बाटोमा, सडकमा हुने दुर्घटना र तिनबाट बच्ने उपायहरु सम्बन्धमा छलफल गराउने<br>• गंगाजमुना गाउँपालिकामा घट्न सक्ने (घर, विद्यालय, बाटो वा सडकमा हुने) दुर्घटनाहरु तथा प्रकोप जस्तै : हुरीबतास, आगलागी...सर्पको टोकाई, सडक दुर्घटना, नदीमा डुब्नु/बगाउनु.,भिरबाट | • प्रश्नोत्तर<br>• लिखित परीक्षा<br>• अभिभावक प्रतिक्रिया<br>• सिकाइको प्रतिविम्बन | २० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | दुर्घटना, प्रकोप र महामारीको सामान्य परिचय दिन<br>• दुर्घटना, प्रकोप र विपत्प्रति सजगता अपनाउन<br>• घर तथा विद्यालयमा आउन सक्ने विपत्हरुको पहिचान र सुरक्षाका उपाय अवलम्बन गर्न | जंगली जनावरको आक्रमण) को सामान्य परिचय<br>• दुर्घटना, प्रकोप र विपद्प्रति सजगता<br>• घर तथा विद्यालयमा आउन सक्ने विपत्हरुको पहिचान र सुरक्षाका उपाय अवलम्बन | लड्नु आदिको बारेमा जानकारी दिई बच्ने उपायहरुमा छलफल गराउने<br>• सम्भावित दुर्घटना बच्न अपनाउनुपर्ने सावधानीहरुको (हुरी बतास लागेको समयमा घर बाहिर नजाने, बर्षा वा गर्मीको समयमा बाहिर निस्कदा बाटो हेरेर हिड्ने, घर वा विद्यालयमा भएका प्वालमा हात नराख्ने राख्न परेमा राम्रोसँग हेरेर मात्र राख्ने आदि सम्बन्धमा जानकारी गराउने<br>• गाडी, हिड्ने बाटोमा सर्तक भएर हिड्नुपर्छ भनी जानकारी गराउने | | |

## ६. सिकाइ सहजीकरण विधि र प्रक्रिया

सिकाइ सहजीकरणलाई एक जीवन्त प्रक्रिया तथा रक्तसञ्चार प्रक्रियाको रुपमा लिइन्छ । पाठ्यक्रममा निर्धारण गरिएका सिकाइ उपलब्धि हासिल गराउने मुख्य तत्वको रुपमा सिकाइ सहजीकरण प्रक्रियालाई लिइन्छ । यस पाठ्यक्रममा राखिएका विषयवस्तु मात्रै पर्याप्त होइनन् । स्थानमा आधारित र सन्दर्भीकृत ढाँचामा यो पाठ्यक्रम बनेको हुनाले कुनै थिममा राखिएका विषयवस्तु तथा पाठको शिक्षण गर्दा यथासक्य दैनिक जीवनका विभिन्न घटनाक्रमलाई जोडेर सिकाइ सहजीकरण गर्नुपर्ने हुन्छ । यसमा पाठ्यक्रमले विद्यार्थीहरुबाट अपेक्षा गरेका सिकाइ उपलब्धि सहज र सरल तरिकाले हासिल गर्न/गराउन शिक्षक तथा विद्यार्थीहरुले गर्ने सम्पूर्ण क्रियाकलापहरु सिकाइ सहजीकरण प्रक्रियाभित्र पर्दछन् । एकीकृत पाठ्यक्रमले सिकाइ उपलब्धिको आधारमा मूल्यांकन गर्ने गरी विद्यार्थी मूल्यांकनको खाका तय गरेको छ । दैनिक सिकाइ सहजीकरणको क्रममा नै निर्धारित सिकाइ उपलब्धि हासिल भए नभएको लेखाजोखा गर्न शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अंगको रुपमा मूल्यांकनलाई प्रयोग गर्नुपर्ने कुरा वर्तमान पाठ्यक्रमले उल्लेख गरेकाले सोही बमोजिमका सिकाइ क्रियाकलापहरु अवलम्बन गर्नुपर्ने हुन्छ । यस पाठ्यक्रमले सिकाईलाई प्रभावकारी र दिगो बनाई उनीहरुको स्थानीय विषयवस्तु र आवश्यकताअनुसारको ज्ञान, सिप र अभिवृत्तिको विकासको सुनिश्चितताको अपेक्षा गरेको छ । जसका लागि बालबालिका केन्द्रित, अन्तरक्रियात्मक, सहयोगात्मक तथा प्रत्यक्ष अनुभवमा आधारित शिक्षण विधि र रणनीतिहरुको प्रयोगमा जोड दिनुपर्ने हुन्छ । यस अनुसार कक्षाकोठामा हुने शिक्षणमा पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका, श्रव्यदृश्य सामग्री, सन्दर्भ सामग्रीका अतिरिक्त सकेसम्म स्थानीय स्तरमा उपलब्ध तथा स्वनिर्मित स्रोत र साधनहरुलाई शैक्षणिक सामग्रीको रुपमा प्रयोग गर्नु पर्छ । समयको माग बमोजिम सिकाइलाई निरन्तरता दिन तथा युग सापेक्ष सिकाइका लागि शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोगलाई स्थान दिनु पर्छ र वेभमा आधारित सिकाइलाई वैकल्पिक सिकाइको माध्यमको रुपमा प्रयोग गर्न शिक्षकले आफूलाई आवश्यक पर्ने ज्ञान र सिपको विकास गरी आवश्यकताअनुसार प्रविधिका साधनहरुको प्रयोग गर्नुपर्ने हुन्छ ।

कक्षा १-३ को पाठ्यक्रमले एकीकृत सिकाइलाई जोड दिएकाले शिक्षण सिकाइ सहजीकरणका क्रियाकलापहरुलाई पाठ्यक्रममा दिइएका सिकाइ उपलब्धि र विषयवस्तुको प्रकृतिअनुसार स्थानीय विषयका क्षेत्रहरु र अन्य विषयहरु (नेपाली, अंग्रेजी, गणित र हाम्रो सेरोफेरो) मा भएका मिल्दाजुल्दा विषयवस्तुलाई

अन्तरसम्बन्ध कायम गरी सहजीकरण गर्नुपर्छ । स्थानीय विषयमा रहेका कतिपय विषयवस्तुहरु सहजीकरण गर्दा आवश्यकताअनुसार स्थानीय विज्ञहरुको ज्ञान र सिपलाई उपयोग गर्न उहाँहरुलाई कक्षाकोठामा आमन्त्रण गरी अनुभव तथा सिपको प्रदर्शन एवम् अन्तरक्रियाको अवसर सिर्जना गर्नु पर्ने छ । सिकाइलाई सहकार्यात्मक र प्रत्यक्ष अनुभवमा आधारित बनाउन स्थलगत अध्ययन समूहकार्य तथा प्रयोगात्मक अभ्यासमा जोड दिनु पर्ने छ । स्थानीय विषयमा उल्लिखित विषयवस्तुहरु विद्यार्थीहरुको आफ्नै सेरोफेरोका रहेकाले सैद्धान्तिक भन्दा प्रयोगात्मक तरिकाले सिकाइ सहजीकरण गर्नेमा शिक्षकले ध्यान दिनुपर्ने हुन्छ । स्थानीय कला, संस्कृति, धर्म, चालचलन, रितीरिवाज, पेसा, व्यवसाय, प्रविधिहरुको प्रयोग, संरक्षण, विकास गर्न स्वयम् विद्यार्थीहरुको प्रत्यक्ष उपस्थिति भएपछि मात्र उक्त विषयवस्तुहरुको ज्ञान, सिप र अभिवृत्तिको विकास गराउन सहज हुन्छ । सिकाइलाई दिगो बनाउन सिकेका व्यवहारहरुलाई अभ्यास गर्ने तथा वास्तविक जीवनमा प्रयोग गर्ने अवसर प्रदान गर्नुपर्ने छ । साथै सिकाइ सहजीकरण प्रक्रियाहरुले, अनुभव, खोज, चिन्तन, तर्कद्वारा सिकारुको निर्णय क्षमता विकास गरी ज्ञानको विकास र रुपान्तरण गर्न सहयोग गर्नुपर्छ ।

**यस पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि देहाय बमोजिमका सिकाइ सहजीकरण प्रक्रिया अवलम्बन गर्नु पर्ने छ :**

- कक्षा १ देखि ३ सम्मको पाठ्यक्रम एकीकृत ढाँचामा विकास गरिएको र यस अन्तर्गत बहुविषयक (विषयहरु अलग अलग तर मिल्दाजुल्दा विषयवस्तुलाई सँगै सिकाउने) र अन्तरविषयक (अन्य विषय र विषयभित्रका विषयवस्तुहरुमा अन्तरसम्बन्ध कायम गरी सिकाइ गराउने) रहेको हुँदा बहुविषयक ढाँचाको सिद्धान्तअनुसार सिकाइ सहजीकरणको योजना बनाइ सिकाइ सहजीकरण गर्नुपर्ने छ ।
- पाठ्यक्रमको बहुविषयक ढाँचा (अन्य विषयसँग मिल्दा सिकाइ उपलब्धि तथा विषयवस्तुलाई सँगै सहजीकरण गर्ने र नमिल्ने विषयवस्तुलाई निश्चित क्रममा राखेर सरल देखि जटिलताको सिद्धान्तअनुसार सहजीकरण गर्ने) अनुरुप एकीकृत सिकाइका लागि शिक्षकले एकिकृत पाठ्यक्रमको अध्ययन र अन्य शिक्षकहरुसँग समेत समन्वय गरी सहजीकरण क्रियाकलाप सञ्चालन गर्नुपर्ने छ ।
- कक्षा १-३ मा अध्ययन गर्ने बालबालिकाको संज्ञानात्मक विकासको अवस्थालाई दृष्टिगत गरी उनीहरुको धारणा विकासमा सहयोग पुर्‍याउन शिक्षणमा ठोस सामग्रीको प्रयोगलाई प्राथमिकताका साथ स्थान दिनु पर्ने छ ।
- सिकाउनु पर्ने विषयवस्तु/धारणालाई उनीहरुको दैनिक जीवनसँग सम्बन्धित गरी रोचक र मनोरञ्जक ढंगले प्रस्तुत गर्नुपर्ने छ ।
- मनोरञ्जनपूर्ण सिकाईका लागि खेल, गीत, नृत्य र अभिनय विधिको प्रयोग गर्नुपर्ने छ ।
- बालबालिकाको दिगो सिकाईका लागि उनीहरुलाई प्रशस्त अभ्यासको अवसर दिनुपर्ने छ ।
- विद्यार्थीसँग प्रत्यक्ष अनुभव गरेर तथा विद्यार्थी आफै सक्रिय भई सिक्न सक्ने, विश्लेषणात्मक चिन्तनबाट अर्थ निर्माण गर्न सक्ने विषयवस्तुहरुमा विषयवस्तुको प्रकृति हेरी प्रयोग, परियोजना कार्य, सर्वेक्षण, समस्या समाधान, खोज, आगमन वा निगमन विधिको प्रयोग गर्नुपर्ने छ । यो पाठ्यक्रमको विषयवस्तुहरुले स्थानीयतासँग प्रत्यक्ष सरोकार राख्ने भएकाले सिकारुलाई प्रत्यक्ष अवलोकन र अनुभव प्रदान गर्न स्थलगत भ्रमणको व्यवस्था मिलाउनु पर्ने छ ।
- सिकारुहरुले आफूले जानेका र हासिल गरेका ज्ञान, सिप र अनुभवहरु एक आपसमा आदानप्रदान गरी सहपाठीहरुको सहयोग र सहकार्यमा सिक्न तरिकाहरु अवलम्बन गर्नुपर्ने छ ।

- सामाजिक सुधार, जनचेतना र वातावरण संरक्षणमा आफ्नो स्तरबाट योगदान दिन तथा नेतृत्व सिप विकासमा प्रेरित गर्न साना चेतनामूलक भिडियो बनाई सामाजिक सञ्जालमा लोड गर्ने, यस्तै चित्रहरु सार्वजनिक ठाउँमा टाँस्ने जस्ता अभियान तथा सामाजिक कार्यहरुमा सहभागी गराउनुपर्ने छ ।
- कक्षाकोठालाई रमाइलो तथा जीवन्त बनाई राख्न तथा युग सापेक्ष प्रविधियुक्त सिकाइका लागि उपलब्ध श्रव्य दृश्य सामग्रीहरु, विद्युतीय सामग्रीहरु तथा वेभमा आधारित सामग्री र विधिहरुलाई सकेसम्म प्रयोग गर्ने कोशिस गर्नुपर्ने छ ।

## ७. विद्यार्थी मूल्याङ्कन

आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा १-३) (एकीकृत पाठ्यक्रम), २०७६ ले सिकाइका लागि मूल्यांकन लाई जोड दिएको छ । जसअनुसार शिक्षण सिकाइ प्रक्रियाकै एउटा अभिन्न अङ्गका रूपमा विद्यार्थीको नियमित रुपमा विद्यार्थीले सिकाइ उपलब्धि हासिल गरे नगरेको लेखाजोखा गरी विद्यार्थीको सिकाइमा निरन्तर सुधार गरी न्यूनतम सिकाइस्तर प्राप्तिको सुनिश्चितता गर्नुपर्ने हुन्छ । यस प्रकारको मूल्याङ्कनले विद्यार्थीलाई न्यूनतम सिकाइ स्तर प्राप्तिका साथै उनीहरूलाई सिकाइमा निरन्तर प्रगति गर्ने अवसर सिर्जना गर्न सहयोग गर्दछ । स्थानीय विषयमा राखिएका विषयवस्तु तथा सिकाइ उपलब्धि पूरा गराउनको लागि कक्षाकोठाको शिक्षण सिकाइको क्रममा गरिने लेखाजोखाको साथै विद्यार्थीहरुलाई आवश्यकताअनुसार सम्बन्धित क्षेत्रमा अवलोकन, क्षेत्रभ्रमण, परियोजना तथा प्रयोगात्मक कार्यमा समेत सलंग्न गराई सोही बमोजिम विद्यार्थीले सिकाइ उपलब्धि हासिल गरे नगरेको एकिन गर्नुपर्ने हुन्छ र आवश्यकताअनुसार सहजीकरण गर्नुपर्ने हुन्छ । यस्तो मूल्याङ्कनलाई मूलतः सिकाइका लागि मूल्याङ्कन अर्थात् निर्माणात्मक मूल्याङ्कनका रूपमा प्रयोग गरिनुपर्दछ ।

निर्माणात्मक प्रयोजनका लागि सञ्चालन गरिने यस्तो मूल्याङ्कनका लागि विद्यार्थीले के सिक्ने हो भन्ने कुरा निर्धारण गर्नु पर्दछ अर्थात् अपेक्षित सिकाइ उपलब्धि तय गर्नु पर्दछ । विद्यार्थीले के सिक्ने भन्ने कुराको निर्धारण गरेपछि विद्यार्थीको सिकाइको वर्तमान अवस्था वा निश्चित सिकाइ क्रियाकलापपछिको विद्यार्थीको सिकाइ अवस्था वा स्तर के कस्तो छ भनी विभिन्न साधन तथा माध्यम प्रयोग गरी पत्ता लगाउनुपर्छ । यसरी विद्यार्थीको वर्तमान सिकाइ अवस्था पहिचान गरिसकेपछि सिकाइको निर्धारित लक्ष्यमा कसरी पुग्ने भन्ने मार्ग तय गर्नुपर्दछ । यसरी विद्यार्थीको अपेक्षित सिकाइ स्तर तय गर्ने, सिकाइको वर्तमान अवस्था वा स्तर पत्ता लगाउने र कसरी अपेक्षित सिकाइस्तर प्राप्त गर्ने भनी तय गर्ने कार्यका लागि विद्यार्थीको निर्माणात्मक मूल्याङ्कन गरिन्छ ।

कक्षा १–३ मा गरिने विद्यार्थी मूल्याङ्कनलाई सिकाइ प्रक्रियाकै अभिन्न अङ्गका रूपमा प्रयोग गर्नु पर्दछ । यस्तो मूल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थीको सिकाइ उपलब्धि तथा कमजोरीहरूको निरन्तर लेखाजोखा गरी सिकाइ सुधारका लागि पृष्ठपोषण प्रदान गर्नु हो । यस्तो पृष्ठपोषण दिने कार्य दुई चरणमा गर्नुपर्छ । पहिलो चरणअन्तर्गत नियमित सिकाइ सहजीकरण पश्चात् मूल्याङ्कन गर्ने र विद्यार्थीको सिकाइको अवस्थाको लेखाजोखा गर्ने र दोस्रो चरणमा सिकाइ उपलब्धि हासिल गरेको अवस्थाको आधारमा अपेक्षित उपलब्धि प्राप्त गर्न नसकेका विद्यार्थीका कठिनाइका क्षेत्र पत्तालगाई सुधारात्मक सिकाइ

क्रियाकलाप सञ्चालन गर्नु साथै पटकपटकका सुधारात्मक सिकाइ क्रियाकलापबाट पनि सिकाइ सुधार हुन नसकेका विद्यार्थीहरूका लागि उपचारात्मक सिकाइ क्रियाकलाप तर्जुमा गरी सिकाइमा सुधार गर्नुपर्दछ। कक्षाकोठा र आधारित निर्माणात्मक मूल्याङ्कनले प्रत्येक विद्यार्थीलाई न्यूनतम सिकाइ स्तर प्राप्त गर्ने सुनिश्चितता गरी माथिल्लो सिकाइ स्तर प्राप्त गर्न सहयोग गर्नुपर्दछ। यसबाट विद्यार्थीहरूको कक्षा दोहऱ्याउने क्रमलाई न्यून गरी शैक्षिक क्षति घटाउन सहयोग पुग्नाका साथै न्यूनतम स्तरको सिकाइ सुनिश्चित भई थप सिकाइका लागि अवसर सृजना हुने छ।

**(अ) मूल्याङ्कन विधि र प्रक्रिया**

कक्षा १-३ मा निश्चित समयावधिमा विद्यार्थीको सिकाइको लेखाजोखा गर्ने नभई निरन्तर, नियमित तथा कक्षा क्रियाकलापको अङ्गका रूपमा प्रयोग गर्नुपर्दछ। कक्षाकोठामा सिकाइ क्रियाकलापको योजना तथा सञ्चालन निर्धारित सिकाइ उपलब्धि तथा तिनको विस्तृतीकरणका आधारमा ती सिकाइ उपलब्धि प्राप्त गर्न सक्ने किसिमले गर्नुपर्दछ। विद्यार्थी मूल्याङ्कनमा पनि ती सिकाइ उपलब्धि विद्यार्थीले के कति हासिल गर्न सके भन्ने लेखाजोखा गर्न सकिने प्रक्रिया र साधन प्रयोग गर्नुपर्छ। यस्तो मूल्याङ्कन सिकाइ क्रियाकलापकै अभिन्न अङ्गका रूपमा नियमित रूपमा सञ्चालन गरी विद्यार्थीको सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्नुपर्दछ।

कक्षा १-३ का प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका (Portfolio) व्यवस्थित गरी राखिनुपर्छ। कार्यसञ्चयिका फायललाई विद्यार्थीको कक्षाकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य, उपलब्धि परीक्षा, विद्यार्थीमा आएको व्यावहारिक परिवर्तनको अवलोकन, हाजिरी आदिका माध्यमले अद्यावधिक गर्नुपर्छ। विद्यालयमा पठनपाठन भएका विषयवस्तु र विद्यार्थीको उपलब्धिका बारेमा प्रत्येक थिम वा क्षेत्रको पठनपाठन पश्चात, विषयक्षेत्रको अध्ययन पूरा गरेपछि अभिभावकलाई जानकारी पठाउने व्यवस्था गरी कार्यसञ्चयिकामा त्यसको अभिलेख उल्लेख गर्नुपर्ने छ। यस तहमा गृहकार्यलाई अनिवार्य नगरी कक्षाकार्य, परियोजना कार्य तथा प्रयोगात्मक कार्यलाई नै बढी जोड दिने भए पनि आवश्यक भए केही गृहकार्य पनि दिन सकिने छ तर दैनिक र एकै दिनमा विभिन्न विषयक्षेत्रमा गृहकार्य दिनु भने उपयुक्त हुँदैन। विद्यार्थीको मूल्याङ्कनमा यथाशक्य वास्तविक कायको सही तरिकाले मूल्याङ्कन गर्ने साधन (Tools of Authentic task) समावेश गर्नु उपयुक्त हुने छ।

**(आ) मूल्याङ्कनका तरिका र साधन**

परीक्षण गरिने सिकाइ उपलब्धि तथा विषयवस्तुको स्वरूप, विद्यार्थीको उमेर तथा रुचि, उपलब्ध स्रोत तथा साधन, कक्षामा भएका विद्यार्थी सङ्ख्या, शिक्षकको क्षमता तथा रुचि जस्ता पक्ष विचार गरेर मूल्याङ्कनका तरिका र साधनको छनोट तथा विकास गर्नुपर्छ। मूल्याङ्कनका विभिन्न तरिका तथा साधनहरू हुन्छन्। विद्यार्थी मूल्याङ्कनका लागि प्रयोग गर्न सकिने कार्य तथा साधनहरूबाट प्राप्त सूचनाहरूलाई निश्चित स्वरूपमा अभिलेखीकरण गरिनुपर्दछ। कक्षा कार्य, व्यवहार परिवर्तन, सिर्जनात्मक कार्य, कक्षा सहभागिता तथा विद्यार्थीका कार्यको प्रदर्शनको परीक्षणको अभिलेखीकरण शिक्षकको अवलोकनको माध्यमबाट गर्न सकिने भएकाले यसका लागि उपयुक्त अवलोकन फाराम तयार गर्नुपर्दछ। यसका लागि विभिन्न प्रकारका रुजु सूची तयार गरी विद्यार्थी परीक्षण तथा मूल्याङ्कन गरिन्छ। विद्यार्थीका कार्य तथा उपलब्धिसहित उनीहरूका विभिन्न विवरण व्यवस्थित तरिकाले राख्ने गरी कार्यसञ्चयिका तयार गरी विद्यार्थीको प्रगति के कति मात्रामा र के कसरी भइरहेको छ, के कस्ता सिकाइ कमीकमजोरी रहेका छन् र ती कमीकमजोरीहरू हटाई सिकाइमा सुधार के कसरी गर्ने भन्ने कार्यका लागि यसबाट सहयोग पुग्दछ।

सामान्यतया स्थानीय विषयको पठनपाठनको क्रममा विद्यार्थीले सिकाइ उपलब्धि हासिल गरे नगरेको लेखाजोखा गर्नको लागि कक्षा सहभागिता, मौखिक कार्य, लिखित कार्य, परियोजना तथा प्रयोगात्मक कार्य, कार्यसम्पादन तथा प्रदर्शन, सहपाठी तथा स्वमूल्याङ्कन, अभिभावक प्रतिक्रिया, कुराकानी तथा छलफल जस्ता तरिकाहरु अवलम्बन गर्न सकिन्छ । यसको लागि अवलोकन फाराम, रुजु सूची, श्रेणीमापन, रुब्रिक्स, मौखिक प्रश्न जस्ता मूल्याङ्कनका साधनहरु प्रयोग गर्न सकिन्छ ।

**(इ) विद्यार्थीको सिकाइ उपलब्धिस्तर र त्यसको सामान्य व्याख्या**

| उपलब्धिस्तर | मापन | उपलब्धिस्तरको सामान्य व्याख्या |
|---|---|---|
| अपर्याप्त (Insuffiicent) | १ | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबैजसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यक भएको |
| सामान्य (Basic) | २ | मुख्य सिकाइ उपलब्धि आंशिक रूपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको |
| राम्रो (Proficient) | ३ | मुख्य सिकाइ उपलब्धि धेरै जसो हासिल गरेको र सुधारात्मक सिकाइ आवश्यक भएको |
| उच्च (Advanced) | ४ | मुख्य सिकाइ उपलब्धि हासिल गरेको साथै माथिल्लो स्तरको उपलब्धि हासिल गरेको |

पहिलो चरणमा नियमित सिकाइ क्रियाकलापका रूपमा विद्यार्थीको सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइ सुधार गर्नुपर्दछ । मूल्याङ्कनको दोस्रो चरणमा कुनै सिकाइ उपलब्धि हासिल भयो वा भएन भनी उल्लिखित तरिका तथा साधनमध्ये उपयुक्त साधनहरू प्रयोग गरी विद्यार्थीको मूल्याङ्कन गरी सिकाइ स्तर अभिलेखीकरण गर्नुपर्दछ । यसरी अभिलेखित सिकाइस्तर १ वा २ मात्र भएमा सुधारात्मक सिकाइको योजना निर्माण गरी उपलब्धिस्तर ४ पुऱ्याउने प्रयास गर्नुपर्दछ । उपलब्धि स्तर ३ प्राप्त गरेको विद्यार्थीलाई समेत ४ पुऱ्याउन सहयोग गर्नुपर्छ । यदि पटक पटकको प्रयासबाट पनि कुनै विद्यार्थीको उपलब्धिस्तरमा सुधार हुन नसकेमा यसको कारण खोजी गरी उपचारात्मक सिकाइको योजना बनाउनुपर्दछ भने अन्यलाई अग्रिम सिकाइमा सरिक गराउनुपर्दछ । सुधारात्मक सिकाइ पछि पुनः विद्यार्थीको मूल्याङ्कन गरी उपलब्धि स्तर निर्धारण गरेर पूनःअभिलेखीकरण गर्नुपर्छ । निश्चित सिकाइ क्षेत्रका सिकाइ उपलब्धिहरूको सिकाइ परीक्षण पश्चात् सो सिकाइक्षेत्रको औसत सिकाइ उपलब्धिसमेत गणना गरी विद्यार्थी र अभिभावकसँग छलफल गरी विद्यार्थीका सबलता र सुधारका क्षेत्र र उपाय पहिचान गर्नुपर्छ ।

यही क्रममा सबै विषय क्षेत्रको सिकाइपश्चात् सबै सिकाइ उपलब्धिको परीक्षण गरी सिकाइ प्रत्येक सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तरसहित विषयक्षेत्रगत औसत सिकाइ उपलब्धि निकाल्न सकिन्छ । त्यसै गरी मुख्य व्यवहारकुशल सिपमा विद्यार्थीको उपलब्धिस्तर पनि अभिलेखित गर्न सकिन्छ । यसरी तयार गरिएको अभिलेख नै विद्यार्थीको वार्षिक उपलब्धिको प्रतिवेदन हुने छ । विद्यार्थीको सिकाइ उपलब्धिको यस्तो अभिलेख तथा प्रतिवेदनको प्रयोग शिक्षक, विद्यार्थी, अभिभावक तथा विद्यालयले विद्यार्थीको सिकाइस्तरको सुनिश्चिता गर्ने, सिकाइ सुधारका लागि पृष्ठपोषण प्रदान गर्न र भावी सिकाइका लागि योजनाका लागि गरिन्छ ।

विभिन्न किसिमका अपाङ्गता भएका विद्यार्थीका लागि उल्लिखित मूल्याङ्कनका तरिका तथा साधनहरूमध्ये कतिपय उपयोगी नहुन पनि सक्दछन् भने कतिपय तरिका तथा साधनहरूको प्रयोगमा भिन्नता ल्याउनुपर्ने हुन सक्दछ । शिक्षकले आफ्नो कक्षाकोठामा भएका विद्यार्थीको अपाङ्गताको किसिम तथा स्वरूपअनुरूप प्रयोग गर्न सकिने मूल्याङ्कनका वैकल्पिक तरिका तथा साधनहरूको तयारी गरी उपयुक्त तरिका तथा साधन प्रयोग गर्नुपर्छ । मूल्याङ्कनका कुनै साधन उपयुक्त नभएकै आधारमा कुनै पनि विद्यार्थीलाई सिकाइको मूल्याङ्कन र पृष्ठपोषण प्राप्त गर्ने अवसरबाट वञ्चित नहुने गरी शिक्षकले वैकल्पिक तरिकाहरूको खोजी तथा तयारी गर्नुपर्दछ ।

**(ई) उपलब्धि प्रतिशत निकाल्ने विधि तथा प्रक्रिया**

सामान्यतया प्रत्येक सिकाइ उपलब्धि मापन पछि नतिजा विद्यार्थीलाई जानकारी गराउने, किन यस्तो भयो छलफल गर्ने, विद्यार्थीलाई स्वप्रत्यावर्तनको अवसर दिने र सुधारका उपाय तय गर्नुपर्दछ भने प्रत्येक विषयक्षेत्र वा थिमको सिकाइपश्चात् प्रत्येक सिकाइ उपलब्धि र औसत उपलब्धिसहित अभिभावक र शिक्षकले छलफल गरी सिकाइ सुधार तथा भावी सिकाइका योजना तय गर्नुपर्छ । प्रत्येक थिमको सिकाइपछि अभिभावकसँग छलफल गर्नु विद्यार्थीको सिकाइ सुधारका दृष्टिले उपयुक्त भए पनि छोटोछोटो समयको अन्तरालमा अभिभावसँग छलफल सबैका लगि सम्भव नहुन सक्ने कुरालाई विचार गरेर तीनदेखि चार महिनाको अन्तरालमा सो अवधिको सिकाइ भएका थिमको मूल्याङ्कन नतिजासहित विद्यार्थीको सिकाइ प्रगति तथा कठिनाइका विषयमा अभिभावकसँग छलफल गरी आवश्यकतानुसार सिकाइ सुधारका उपाय पहिचान गर्न सकिन्छ । नतिजा र सिकाइ सुधार तथा भावी सिकाइ योजना तय गर्दा सम्बन्धित विद्यार्थीको सबल पक्ष, रुचि र कठिनाइलाई ध्यान दिनुपर्छ । यसका लागि यस प्रक्रियामा विद्यार्थीलाई पनि सहभागी गराउनुपर्छ ।
विद्यार्थी मूल्याङ्कनको अभिलेख तथा कार्यसञ्चयिका व्यवस्थापन

१. विषयक्षेत्रगत रूपमा प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका फाइलमा निम्नअनुसार व्यवस्थित गरी राख्नुपर्छ :

- प्रत्येक थिम वा विषयक्षेत्रको मूल्याङ्कन अभिलेख विद्यार्थीको कार्यसञ्चयिका फाइलमा सिलसिलाबद्ध गरी राख्नुपर्छ ।
- कार्यसञ्चयिका फायलमा विद्यार्थीको व्यक्तिगत, पारिवारिक तथा स्वास्थ्य सम्बन्धि विवरण, कक्षा कार्य, परियोजना कार्य, उपलब्धि प्रतिशतका अभिलेख, हाजिरी विवरण, विद्यार्थीको प्रगति स्पष्ट हुन सहयोग पुग्ने खालमा विद्यार्थीका नमुना कार्य तथा सिर्जनाहरू समयबद्धरूपमा सिलसिला मिलाई राख्नुपर्छ । यसमा जुनसुकै कार्य समावेश नगरी उपलब्धि स्तर झल्काउने प्रतिनिधि कार्यहरूमात्र समावेश गर्नुपर्छ । यसमा यतिनै कार्य समावेश गर्नुपर्छ भन्नु उपयुक्त नभए पनि विषयवस्तुको प्रत्येक क्षेत्र वा थिमबाट १ देखि ३ कार्य तथा समग्रमा विषयक्षेत्रगत रूपमा गरिने पाँचओटासम्म सिर्जनात्मक कार्य समावेश गर्नु उपयुक्त हुन सक्छ ।
- कार्यसञ्चयिका फाइलमा समावेश गरिएका कार्य तथा अभिलेखहरूको समयबद्ध सूची भित्री कभरपृष्ठमा राखिनुपर्छ ।

- प्रत्येक विद्यार्थीको कक्षा १ मा तयार गरिएको कार्यसञ्चयिका फाइललाई नै कक्षा ३ सम्म निरन्तर गर्नुपर्छ । शिक्षक परिवर्तन भएमा फायल हस्तान्तरण गर्नुपर्छ ।

२. विद्यार्थीको कार्यसञ्चयिकालाई निम्नअनुसार प्रयोग गर्न सकिन्छ :

- शिक्षकले विद्यार्थीको सिकाइ प्रगतिको अनुगमन गर्न, सिकाइ योजना तथा सिकाइ सुधारको योजना बनाउन
- विद्यार्थीले आफ्नो कार्य तथा सिकाइ प्रगति तथा कमजोरीको जानकारी प्राप्त गरी सिकाइ सुधारमा लाग्न र आफ्नो कार्य र उपलब्धिबारे आत्मविश्वास पैदा गर्न तथा थप कार्य तथा उपलब्धिका लागि प्रोत्साहित हुन
- अभिभावकले विद्यार्थीले कार्य तथा सिकाइ प्रगति तथा कमजोरीको जानकारी प्राप्त गरी सिकाइ सुधारमा सहयोग गर्न
- विद्यालयले विद्यार्थीको सिकाइको प्रमाणका रूपमा लिई अग्रिम सिकाइ अवसर प्रदान गर्न, सबै विद्यार्थीलाई प्रोत्साहन गर्न, शिक्षक विकास तथा प्रोत्साहन कार्यको योजना गर्न र जवाफदेहिता व्यक्त गर्न
- विद्यालय व्यवस्थापनले विद्यालय समुदाय सुधार गरी सिकाइ वातावरण सुधाार गर्न

विषयक्षेत्रगत रूपमा मूल्याङ्कन गर्ने तरिका तथा अभिलेख फाराम

१. मुख्य सिकाइ उपलब्धिलाई विद्यार्थीको सिकाइ स्तरअनुसार १ देखि ४ सम्म रेटिङ गर्नुपर्छ ।

२. हरेक मुख्य सिकाइ उपलब्धि हासिल भयो वा भएन भनी यकिन गनुपर्छ । यसका लागि एउटा सिकाइ उपलब्धि परीक्षण गर्न एकभन्दा बढी मूल्याङ्कन साधन आवश्यक हुन पनि सक्दछ भने कतिपय अवस्थामा एउटै साधन वा एकै पटकको परीक्षणबाट एकभन्दा बढी सिकाइ उपलब्धि पनि परीक्षण गर्न सकिने कुरालाई शिक्षकले विचार गर्नुपर्दछ ।

३. सबै विद्यार्थीले न्यूनतम सिकाइ स्तर प्राप्त गरी माथिल्लो स्तरको सिकाइको अवसर प्रदान गर्न मूल्याङ्कनले सहयोग गर्नुपर्दछ । यसका लागि नियमित सिकाइ प्रक्रियापछि गरिएको मूल्याङ्कनमा कुनै सिकाइ उपलब्धिमा १ वा २ स्तर मात्र हासिल गर्न सकेमा सुधारात्मक सिकाइ गरी उपलब्धि वृद्धिको सुनिश्चित गरिनुपर्दछ । यसका लागि सुधारात्मक सिकाइपश्चात् विद्यार्थीको पूनः मूल्याङ्कन गरी फाराममा उल्लेखभएअनुसार अभिलेखित गनुपर्छ ।

४. सामान्यतया सबै (प्रत्येक) विद्यार्थीको सिकाइस्तर न्यूनतम ४ पुर्‍याउने गरी सुधारात्मक सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ । तसर्थ कुनै पनि विद्यार्थीलाई सिकाइस्तर १, २ वा ३ मै छाड्न भने हुँदैन । कुनै विद्यार्थी पटकपटकको सुधारात्मक सिकाइबाट पनि सिकाइस्तर १ तथा २ भन्दा माथि जान सकेन भने त्यसका कारण पहिचान गरी सुधारका उपाय पहिचान गर्ने र सिकाइ सुधार गर्ने प्रयोजनका लागि उपचारात्मक शिक्षण सिकाइ आवश्यक हुनसक्छ । उपलब्धि स्तर ३ प्राप्त गर्ने विद्यार्थीलाई पनि मुख्य तथा माथिल्लो उपलब्धि हासिल गर्ने अवसर प्रदान गरिनुपर्दछ । शिक्षण सिकाइका क्रममा उपलब्धि स्तर ४ पुर्‍याउनु अपेक्षित छ ।

५. विषयक्षेत्र तथा थिमअन्तर्गतका सिकाइ उपलब्धिको अङ्कन गरिसकेपछि विषयक्षेत्र तथा थिमको समग्र उपलब्धि प्रतिशत निम्नअनुसार निकाल्नुपर्छ :

$$\text{क्षेत्रगत वा थिमगत उपलब्धि प्रतिशत} = \frac{\text{उपलब्धिस्तरको अङ्कको जोड}}{\text{४} \times \text{मूल्याङ्कन गरिएका सिकाइ उपलब्धिहरूको सङ्ख्या}} \times \text{१००}$$

उपलब्धि प्रतिशतलाई अक्षराङ्कनसँग मिलान गरी निम्नअनुसार प्रस्तुत गर्नुपर्ने छ :

| क्र.स. | उपलब्धि प्रतिशत | स्तरीकृत अङ्क | अक्षरमा उपलब्धिस्तर | उपलब्धि स्तरको व्याख्या |
|---|---|---|---|---|
| १ | ९० र सोभन्दा माथि | ४.० | A+ | सर्वोत्तम (Outstanding) |
| २ | ८० र सोभन्दा माथि ९० भन्दा कम | ३.६ | A | अत्युत्तम (Excellent) |
| ३ | ७० र सोभन्दा माथि ८० भन्दा कम | ३.२ | B+ | उत्कृष्ट (Very Good) |
| ४ | ६० र सोभन्दा माथि ७० भन्दा कम | २.८ | B | उत्तम (Good) |
| ५ | ५० र सोभन्दा माथि ६० भन्दा कम | २.४ | C+ | सन्तोषजनक (Satisfactory) |
| ६ | ४० र सोभन्दा माथि ५० भन्दा कम | २.० | C | ग्राह्य (Acceptable) |
| ७ | ३५ र सोभन्दा माथि ४० भन्दा कम | १.६ | D | आधारभूत (Basic) |
| ८ | ३५ भन्दा कम | - | NG | अवर्गीकृत (Not Graded) |

६. कक्षाको अन्तमा सबै सिकाइ उपलब्धिमा प्राप्त उपलब्धिस्तरको अङ्कका आधारमा विद्यार्थीको विषयक्षेत्रगतसमग्र उपलब्धिस्तर निर्धारण गर्न सकिन्छ। विषयक्षेत्रगत समग्र उपलब्धि प्रतिशत निम्नअनुसार निकाल्नुपर्छ :

$$\text{विषयक्षेत्रगत समग्र उपलब्धि प्रतिशत} = \frac{\text{उपलब्धिस्तरको अङ्कको जोड}}{४ \times \text{मूल्याङ्कन गरिएका सिकाइ उपलब्धिहरूको सङ्ख्या}} \times १००$$

## स्थानीय विषयको थिमगत उपलब्धि विवरण
## मूल्याङ्कन अभिलेखीकरण फाराम
## विद्यार्थी मूल्याङ्कन मापनका आधार

वर्तमान पाठ्यक्रमले सिकाइ उपलब्धि हासिल भए नभएको आधारमा विद्यार्थीले गरेका कार्यहरुको लेखाजोखा गरी प्राप्त उपलब्धिको अंकन गर्ने र यसको आधारमा उपलब्धि प्रतिशत पत्ता लगाउने कार्यलाई जोड दिएको छ। प्रत्येक सिकाइ उपलब्धिको अधिकतम स्तरमा ४ अंक प्रदान गर्ने प्रावधान रहेको छ। यसको लागि विद्यार्थीको सिकाइ स्तरको मापन १, २, ३ वा ४ गरी विषयक्षेत्र अर्थात् थिममा उल्लिखित सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर मापन गरी आएको उपब्धिस्तरको अङ्क चढाउनुपर्छ। सिकाइ उपलब्धि मापन गर्दा प्रत्येक सिकाइ उपलब्धिमा हासिल गरेको स्तर यकिन गरी १, २, ३ वा ४ मध्ये कुन स्तर छ त्यसलाई अंकन महलमा चढाउनुपर्छ। फारामको कैफियत महलमा उल्लिखितबाहेक अन्य साधन तथा तरिका प्रयोग गरेको भए उल्लेख गर्नुपर्छ । अभिलेख फारममा मूल्याङ्कन नतिजाका आधारमा प्रत्येक विद्यार्थीको अलग अलग भरी विद्यार्थीको कार्यसञ्चयिका (Portfolio) मा व्यवस्थित गरेर राखी आवश्यकतानुसार विद्यार्थीको सिकाइ सुधार गर्ने कार्यमा प्रयोग गर्नुपर्छ। प्रत्येक सिकाइ उपलब्धिमा चारओटा सूचक निर्धारण गरिएको हुनाले पुरा गरेको सूचकअनुसारको अङ्क प्रदान गर्नुपर्छ।

थिमगतरुपमा दिइएका प्रत्येक सिकाइ उपलब्धि हासिल भए नभएको लेखाजोखा गर्नका लागि अवलोकन, मौखिक प्रश्नोत्तर, लिखित कार्य, कक्षा कार्य, गृहकार्य, छोटा कक्षा परीक्षा, परियोजना कार्यमध्ये कुनै वा अन्य कुनै उपयुक्त साधन प्रयोग गर्न सकिन्छ। तपसिलका फाराममा केही सम्भाव्य साधनमात्र उल्लेख गरिएका छन्। यी बाहेक कुन साधनद्धारा मूल्याङ्कन गरिएको हो ती साधनलाई फाराममा उल्लेख गर्नुपर्छ। विद्यार्थीको मूल्याङ्कन दुई चरणमा गर्नुपर्छ। नियमित सिकाइ पश्चात र थप सहायता पश्चात। थिमअन्तर्गत रहेको प्रत्येक सिकाइ उपलब्धिसँग सम्बन्धित पाठ वा क्रियाकलाप सञ्चालन पश्चात मूल्यांकन गरी मूल्यांकन गरिएको मिति र अंक चढाउनुपर्छ। नियमित सिकाइ पश्चात कुनै विद्यार्थीको कुनै सिकाइ उपलब्धिमा १, २ वा ३ आएमा थप सहयोग गर्नुपर्ने हुन्छ र थप सहायता पश्चात् पूनः मूल्याङ्कन गरी प्राप्त उपलब्धिको अभिलेखित गर्नुपर्छ। थप सहायता गर्दा जुन विद्यार्थीको उपलब्धिस्तर १, २ वा ३ अंक प्राप्त गरे ती विद्यार्थीलाई बढी सहयोग गर्ने, अभिभावकलाई जानकारी दिई सहयोग गर्न लगाउने, कक्षाका ४ अंक प्राप्त गरेका विद्यार्थीलाई सहयोग गर्न लगाउने जस्ता क्रियाकलापहरु गर्न सकिन्छ।

## अनुसूची १ स्थानीय विषयको थिमगत उपलब्धि विवरण

**मूल्याङ्कन अभिलेखीकरण फाराम : कक्षा १**

**विषय : स्थानीय** **विद्यार्थीको नाम :** **रोलनम्बर :**

**१. गंगाजमुना गाउँपालिकाको परिचय**

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| 1. गाउँपालिकाको परिचय दिन | | | | | |
| 2. गंगाजमुना गाँउपालिकालाई चित्रमा पहिचान गर्न | | | | | |
| 3. गंगाजमुना गाँउपालिकाको सिमाना छुट्याउन | | | | | |
| 4. वडा कार्यालयको चित्र पहिचान गर्न | | | | | |
| 5. वडामा रहेका विद्यालय र स्वास्थ्य चौकी वा सेवा केन्द्रहरु पहिचान गर्न | | | | | |
| 6. सफा पिउने पानी, बिजुली, यातायात र सञ्चारको पहिचान गर्न | | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br>मिति : | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

**२. गंगाजमुनाका सम्पदाहरु**

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| 1. गंगाजमुना गाँउपालिकाको धार्मिक स्थलहरुको चिनारी दिन | | | | | |
| 2. आफूले बोल्ने भाषा र जात पहिचान गर्न | | | | | |
| 3. स्थानीय गीत गाउने कार्यमा सहभागिता हुन | | | | | |
| 4. घर तथा आफू बस्ने वडामा प्रचलित लोकबाजाको चिनारी दिन | | | | | |
| 5. स्थानीय लोकगीतमा सामान्य नृत्य अभ्यास गर्न | | | | | |
| 6. आफ्नो घर तथा छिमेकमा मनाइने चाडपर्व (दशैं र तिहार) र सामान्य क्रियाकलाप बताउन | | | | | |
| 7. घरहरुमा प्रयोग हुने विभिन्न प्रकारका चुलोहरु पहिचान | | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br>मिति : | विद्यार्थीले प्राप्त गरेको उपलब्धि स्तरको अंकको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

**३. गंगाजमुनाका स्थानीय पेसा, व्यवसाय र प्रविधि**

| **सिकाइ उपलब्धि** | **मूल्याङ्कनको साधन** | **नियमित पढाइपछिको मूल्याङ्कन** | | **थप सहायतापछिको मूल्याङ्कन** | |
|---|---|---|---|---|---|
| | | **मिति** | **अङ्कन** | **मिति** | **अङ्कन** |
| 1. आफ्नो अभिभावकले गर्ने पेसा तथा व्यवसायको नाम बताउन | | | | | |
| 2. आफ्नो घरमा वर्षभरिमा उत्पादन हुने बालीनालीको नाम भन्न | | | | | |
| 3. घरमा प्रयोग हुने तरकारी, अन्नबाली, नगदेबाली, फलफूलको चिनारी दिन | | | | | |
| 4. घरमा उत्पादित वस्तु बिक्री गर्ने स्थान बताउन | | | | | |
| 5. आफ्नो घर र छरछिमेकमा प्रयोग हुने स्थानीय प्रविधिहरुको पहिचान गर्न | | | | | |
| 6. स्थानीय प्रविधिबाट निर्मित घरेलु सामग्रीहरुको चिनारी दिन | | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br><br>मिति : | विद्यार्थीले प्राप्त गरेको उपलब्धि स्तरको अंकको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

**४. असल आचरण, नैतिकता र जीवनोपयोगी सिप**

| **सिकाइ उपलब्धि** | **मूल्याङ्कनको साधन** | **नियमित पढाइपछिको मूल्याङ्कन** | | **थप सहायतापछिको मूल्याङ्कन** | |
|---|---|---|---|---|---|
| | | **मिति** | **अङ्कन** | **मिति** | **अङ्कन** |
| 1. व्यक्तिगत सरसफाइ गर्ने तरिका बताउन र सरसफाइ गर्न | | | | | |
| 2. घर, आँगन, विद्यालय, वरिपरिको वातावरणको सरसफाईमा सहयोग गर्न | | | | | |
| 3. घरायसी सामानको जतन गर्ने तरिका बताउन र उक्त कार्यमा सहभागी हुन | | | | | |
| 4. ठिक तरिकाले उठ्ने, बस्ने र कुरा गर्ने तरिका अभ्यास गर्न | | | | | |
| 5. दैनिक जीवनमा प्रयोग हुने सामानको नाम बताउन | | | | | |
| 6. आफ्ना दौतरीहरुसँग मिलिजुलि बस्ने अभ्यास गर्न | | | | | |
| 7. राम्रो, नराम्रो, असल, खराब बानी व्यवहारहरु पहिचान गर्न | | | | | |
| 8. आफू बस्ने ठाँउ तथा कोठाको सरसफाइ गर्न | | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br><br>मिति : | विद्यार्थीले प्राप्त गरेको उपलब्धि स्तरको अंकको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

## ५. गंगाजमुनाको वातावरण

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| 1. घर तथा स्थानीय स्तरमा पालिने घरपालुवा जनावरहरूको नाम बताउन | | | | | |
| 2. घर तथा विद्यालयको बाल बगैंचामा भएका बिरुवाहरूको नाम बताउन र चिनारी दिन | | | | | |
| 3. स्थानीय क्षेत्रमा पाइने बोटबिरुवाहरूको नाम बताउन | | | | | |
| 4. घर तथा विद्यालयमा गरिने वृक्षरोपणमा सहयोग गर्न | | | | | |
| 5. घर तथा विद्यालयमा भएका बोटबिरुवाको सरक्षणमा सहयोग गर्न | | | | | |
| 6. फूलबारी तथा बोटबिरुवाहरूको हेरचाह गर्ने कार्यमा सहयोग गर्न | | | | | |
| 7. फोहोरमैलाको पहिचान गर्न र उचित ठाउँमा राख्ने कार्यमा सहयोग गर्न | | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br>मिति : | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

## ६. दुर्घटना र विपत् व्यवस्थापन

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| 1. दैनिक प्रयोग गरिने घरायसी सामग्रीबाट सुरक्षित रहन | | | | | |
| 2. गाउँटोल वरपर घट्न सक्ने दुर्घटनाहरुको पहिचान गर्न | | | | | |
| 3. सडकमा हुन सक्ने दुर्घटनाहरुको पहिचान गर्न र सजगता अपनाउन | | | | | |
| 4. विद्यालयमा हुने दुर्घटनाहरुको पहिचान गर्न र सजगता अपनाउन | | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br>मिति : | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

# अनुसूची २

## कक्षा २ को मूल्याङ्कन अभिलेखीकरण फाराम

**विषय : स्थानीय** **विद्यार्थीको नाम :** **रोलनम्बर :**

**१. गंगाजमुना गाउँपालिकाको परिचय**

| **सिकाइ उपलब्धि** | **मूल्याङ्कनको साधन** | **नियमित पढाइपछिको मूल्याङ्कन** | | **थप सहायतापछिको मूल्याङ्कन** | |
|---|---|---|---|---|---|
| | | **मिति** | **अङ्कन** | **मिति** | **अङ्कन** |
| 1. धादिङ जिल्लाको नक्सा अवलोकन र गंगाजमुना गाँउपालिका चिनारी दिन | | | | | |
| 2. जाडो हुने महिना र धेरै गर्मी हुने महिना बताउन | | | | | |
| 3. वडा समितिका प्रतिनिधिहरुको चिनारी दिन | | | | | |
| 4. आफू बसेको वडामा भएका विद्यालय, स्वास्थ्य सेवा केन्द्र र खानेपानी तथा सरसफाइको अवस्था बताउन | | | | | |
| 5. बिजुली बत्ती, यातायात र सञ्चारका साधनको सामान्य परिचय दिन | | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत मिति : | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

**२. गंगाजमुनाका सम्पदाहरु**

| **सिकाइ उपलब्धि** | **मूल्याङ्कनको साधन** | **नियमित पढाइपछिको मूल्याङ्कन** | | **थप सहायतापछिको मूल्याङ्कन** | |
|---|---|---|---|---|---|
| | | **मिति** | **अङ्कन** | **मिति** | **अङ्कन** |
| 1. गंगाजमुना गाँउपालिकाका धार्मिक स्थलहरुको परिचय दिन | | | | | |
| 2. गंगाजमुना गाँउपालिकाको पुरानो र अहिलेको बजार स्थलको अवस्था बताउन | | | | | |
| 3. गंगाजमुना गाँउपालिकाका जातजाति र स्थानीय वेषभुषा पहिचान गर्न | | | | | |
| 4. गंगाजमुना गाँउपालिकाका स्थानीय लोकबाजाको चिनारी दिन | | | | | |
| 5. स्थानीय गीत र नृत्य अभ्यासमा सहभागिता जनाउन | | | | | |
| 6. गंगाजमुना गाँउपालिकाका चाँडपर्वहरु पहिचान गर्न | | | | | |
| 7. विभिन्न प्रकारका स्थानीय चुल्लाहहरुको सामान्य परिचय दिन | | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत मिति : | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

**३. गंगाजमुनाका स्थानीय पेसा, व्यवसाय र प्रविधि**

| **सिकाइ उपलब्धि** | **मूल्याङ्कनको साधन** | **नियमित पढाइपछिको मूल्याङ्कन** | | **थप सहायतापछिको मूल्याङ्कन** | |
|---|---|---|---|---|---|
| | | **मिति** | **अङ्कन** | **मिति** | **अङ्कन** |

| | | | | | |
|---|---|---|---|---|---|
| 1. गाउँ टोलका मानिसले गर्ने पेसा र व्यवसायको सामान्य परिचय दिन | | | | | |
| 2. स्थानीय पेसा तथा व्यवसायको परिचय दिन | | | | | |
| 3. खानेकुराको स्रोत (कृषिजन्य र पशुजन्य) पहिचान गर्न | | | | | |
| 4. स्थानीय स्तरमा उत्पादन हुने तरकारीको परिचय दिन र महत्व बताउन | | | | | |
| 5. स्थानीय स्तरमा उत्पादन हुने अन्नबालीको परिचय दिन र महत्व बताउन | | | | | |
| 6. स्थानीय स्तरमा उत्पादन हुने नगदेबालीको परिचय दिन र महत्व बताउन | | | | | |
| 7. स्थानीय स्तरमा उत्पादन हुने फलफूल बालीको परिचय दिन र महत्व बताउन | | | | | |
| 8. स्थानीय स्तरमा उत्पादन हुने दलहन बालीको परिचय दिन र महत्व बताउन | | | | | |
| 9. खेतिपातीमा प्रयोग गरिने औजारहरूको पहिचान गर्न | | | | | |
| 10. स्थानीय प्रविधिबाट निर्मित घरेलु सामग्रीहरु पहिचान गर्न र परिचय दिन | | | | | |
| 11. दैनिक किनमेल गर्ने स्थानको नाम र सामानहरुको विवरण उल्लेख गर्न | | | | | |
| 12. समुदायका मानिसले गर्ने आयआर्जनका स्रोतहरु पहिचान गर्न | | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br>मिति : | विद्यार्थीले प्राप्त गरेको उपलब्धि स्तरको अंकको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

**४. असल आचरण, नैतिकता र जीवनोपयोगी सिप**

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| 1. आफूभन्दा ठुलालाई आदर सत्कार र सानालाई माया गर्न | | | | | |
| 2. परिवारको सदस्यहरुलाई घरको काममा सहयोग गर्न | | | | | |
| 3. घरायसी सामानहरुको उचित पहिचान र प्रयोग गर्न | | | | | |
| 4. सरसफाइमा प्रयोग हुने सामानको पहिचान र प्रयोग गर्न | | | | | |
| 5. व्यक्तिगत, घर, आँगन, विद्यालय, वरिपरिको वातावरणको सरसफाईमा सहभागी हुन | | | | | |
| 6. दैनिक जीवनमा प्रयोग हुने सामानको रेखदेख गर्न | | | | | |
| 7. उपयुक्त किसिमले बोल्न, हिडडुल गर्न र सन्तुलित खाना खाने बानीको विकास गर्न | | | | | |
| 8. छरछिमेकमा आफूले सक्ने काममा आपसी सहयोग गर्न | | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br>मिति : | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

**५. गंगाजमुनाको वातावरण**

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| 1. स्थानीय क्षेत्रमा पाइने बोटबिरुवाहरूको वर्गिकरण गर्न | | | | | |
| 2. स्थानीय बोटबिरुवाहरूको परिचय दिन | | | | | |
| 3. बगैँचाको परिचय दिन | | | | | |
| 4. घर र विद्यालयमा वृक्षरोपणमा सहयोग गर्न र सहभागी हुन | | | | | |
| 5. बोटबिरुवाको संरक्षणमा सहयोग गर्न | | | | | |
| 6. फोहोरमैलाको परिचय दिन र प्रकार (कुहिने र नकुहिने) बताउन | | | | | |
| 7. घर तथा विद्यालयमा हुने फोहोर व्यवस्थापनमा आफूले सकेको सहयोग गर्न | | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br>मिति : | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

**६. दुर्घटना र विपत् व्यवस्थापन**

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| 1. आफू र आफ्नो समानको सुरक्षा गर्न | | | | | |
| 2. दैनिक प्रयोग गरिने घरायसी सामग्रीबाट सुरक्षित रहने तरिकाहरुको पहिचान गरी अवलम्बन गर्न | | | | | |
| 3. घर, टोल वरपर, सडक र विद्यालयमा हुने दुर्घटनाप्रति सजगता अपनाउन | | | | | |
| 4. गंगाजमुना गाउपालिकामा हुन सक्ने दुर्घटना, प्रकोपहरु र महामारीको पहिचान गर्न | | | | | |
| 5. घर तथा विद्यालयमा घट्न सक्ने विपद्को नाम भन्न | | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br>मिति : | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

## अनुसूची ३
## कक्षा ३ को मूल्याङ्कन अभिलेखीकरण फाराम

**विषय : स्थानीय** **विद्यार्थीको नाम :** **रोलनम्बर :**

**१. गंगाजमुना गाउँपालिकाको परिचय**

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| 1. बागमती प्रदेशको नक्सा अवलोकन र गंगाजमुना गाँउपालिका चिनारी दिन | | | | | |
| 2. गंगाजमुनाको मौसमी अवस्था बताउन | | | | | |
| 3. वडाका प्रतिनिधिको कार्य बताउन | | | | | |
| 4. वडामा हुने विकास निर्माणका कार्यहरु बताउन | | | | | |
| 5. वडा कार्यालयमा जन्म, मृत्यु र विवाह दर्ता हुने जानकारी दिन | | | | | |
| 6. वडाअन्तर्गतका विद्यालय, स्वास्थ्य केन्द्रमा उपलब्ध सेवाको जानकारी लिन | | | | | |
| 7. विद्यालय, खानेपानी, बिजली, यातायात र सञ्चारको महत्व बताउन | | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br><br>मिति : | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

**२. गंगाजमुनाका सम्पदाहरु**

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| 1. गंगाजमुना गाँउपालिकाका धार्मिक स्थलको परिचय दिन | | | | | |
| 2. गंगाजमुना गाँउपालिकाको पुरानो र अहिलेको बजारको भिन्नता बताउन | | | | | |
| 3. गंगाजमुना गाँउपालिकामा बसोबास गर्ने जातजातिका पेसा र विशेषता बताउन | | | | | |
| 4. गंगाजमुना गाँउपालिकाका स्थानीय बाजाको परिचय दिन र बजाउने सामान्य अभ्यास गर्न | | | | | |
| 5. स्थानीय गीतमा सहभागिता जनाउन | | | | | |
| 6. गंगाजमुना गाँउपालिकामा मनाइने चाडपर्वको नाम, समय र मुख्य क्रियाकलापहरु बताउन | | | | | |
| 7. स्थानीय चुल्लाहरुको महत्व बताउन | | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br><br>मिति : | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

### ३. गंगाजमुनाका स्थानीय पेसा, व्यवसाय र प्रविधि

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| 1. आफ्नो वडा भित्रका मानिसले अपनाएका पेसा व्यवसायको परिचय दिन | | | | | |
| 2. स्थानीय पेसा व्यवसायको सम्मान गर्न | | | | | |
| 3. स्थानीय स्तरमा उत्पादन हुने तरकारीको परिचय दिन र महत्व बताउन | | | | | |
| 4. स्थानीय स्तरमा उत्पादन हुने अन्नबालीको परिचय दिन र महत्व बताउन | | | | | |
| 5. स्थानीय स्तरमा उत्पादन हुने नगदेबालीको परिचय दिन र महत्व बताउन | | | | | |
| 6. स्थानीय स्तरमा उत्पादन हुने फलफूल बालीको परिचय दिन र महत्व बताउन | | | | | |
| 7. स्थानीय स्तरमा उत्पादन हुने दलहन बालीको परिचय दिन र महत्व बताउन | | | | | |
| 8. स्थानीय प्रविधिबाट निर्मित घरेलु सामग्रीहरु पहिचान गर्न र परिचय दिन | | | | | |
| 9. खेतीपातीमा प्रयोग हुने औजारहरूप्रयोग गर्ने तरिका बताउन | | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br>मिति : | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

### ४. असल आचरण, नैतिकता र जीवनोपयोगी सिप

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| 1. मान्यजनहरु, नातागोता र पाहुनाको सम्मान र सत्कार गर्न | | | | | |
| 2. दैनिक जीवनमा प्रयोग हुने सामानको उचित तरिकाले प्रयोग गर्न | | | | | |
| 3. व्यक्तिगत सामग्रीको हिफाजत र सरसफाइको परिचय र अभ्यास गर्न | | | | | |
| 4. घर, छरछिमेक, विद्यालय तथा समुदायको सरसफाइमा सहभागिता जनाउन | | | | | |
| 5. घरपरिवार, चर्पी, धारा, पाटीपौवा र वरपरको वातावरण सफा राख्न | | | | | |
| 6. अपाङ्ग, दृष्टिविहिन, बृद्ध र असहाय व्यक्तिलाई सम्मान र सहयोग गर्न | | | | | |
| 7. सञ्चारका माध्यम र साधनलाई चिन्न र उचित तरिकाले प्रयोग गर्न | | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br>मिति : | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

**५. गंगाजमुनाको वन तथा वातावरण**

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| 1. गाउँपालिका क्षेत्र भित्रका वनमा पाइने वन्यजन्तु र चराहरूको पहिचान गर्न | | | | | |
| 2. स्थानीय बोटबिरुवाको महत्व तथा उपयोग बताउन | | | | | |
| 3. विद्यालयमा बगैंचाको आवश्यकता र महत्व बताउन | | | | | |
| 4. घर र विद्यालयमा बाल बगैंचाको निर्माणमा सहयोग र हेरचाह गर्न | | | | | |
| 5. फोहोरमैला व्यवस्थापनको परिचय दिन | | | | | |
| 6. विद्यालयमा फोहोरमैलाको वर्गिकरण र व्यवस्थापन (कुहिने, नकुहिने र तरल) गर्न | | | | | |
| 7. वरपरको वातावरण सफा राख्ने उपायहरू पहिचान गर्न र सरसफाइ कार्यमा सहभागी हुन | | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br><br>मिति : | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |

**६. दुर्घटना र विपत् व्यवस्थापन**

| सिकाइ उपलब्धि | मूल्याङ्कनको साधन | नियमित पढाइपछिको मूल्याङ्कन | | थप सहायतापछिको मूल्याङ्कन | |
|---|---|---|---|---|---|
| | | मिति | अङ्कन | मिति | अङ्कन |
| 1. दैनिक प्रयोग गरिने घरायसी सामग्रीको सुरक्षित प्रयोग गरी यसबाट सुरक्षित रहन | | | | | |
| 2. घर, घर वरपर र विद्यालयमा हुने दुर्घटनाबाट बच्न अपनाउनुपर्ने सावधानीहरुको जानकारी दिन र अवलम्बन गर्न | | | | | |
| 3. गंगाजमुना गाउपालिकमा हुन सक्ने दुर्घटना, प्रकोप र महामारीको सामान्य परिचय दिन | | | | | |
| 4. दुर्घटना, प्रकोप र विपत्प्रति सजगता अपनाउन | | | | | |
| 5. घर तथा विद्यालयमा आउन सक्ने विपत्हरुको पहिचान गरी सुरक्षाका उपाय अपनाउन | | | | | |
| अभिभावकको दस्तखत शिक्षकको दस्तखत<br><br>मिति : | विद्यार्थीले प्राप्त गरेको उपलब्धिस्तरको अंकको जोड | | | | |
| | उपलब्धि प्रतिशत | | | | |